
# विद्यालय शिक्षा क्षेत्रको योजना (२०८१/०८२-२०८५/०८६)

## ईशनाथ नगरपालिका, औंरैया, रौतहट




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५०००/१:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग

Projection System: MUTM, Spheroid - Everest 1830
MoFALD, 2074

## प्रकाशक


### ईशनाथ नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

शिक्षा, यूवा तथा खेलकुद शखा

औंरैया, रौतहट, मधेश प्रदेश, नेपाल

# तयार गर्ने

## ईशनाथ नगरपालिक

### शिक्षा, यूवा तथा खेलकुद शखा

### औरैया, रौतहट, मधेश प्रदेश, नेपाल


| | |
|---|---|
| प्रकाशक | ईशनाथ नगरपालिका, रौतहट |
| प्रकाशन प्रति | |
| सर्वाधिकार | प्रकाशकमा |
| मुद्रण | |
| प्रमाणित मिति | २०८१।१२।२१ |
| प्रकाशन मिति | |
| अद्यावधिक मिति | २०८३।०५।१५ गते |

प्राविधिक सहयोगः ( पिपल प्रमोट सेन्टर, जनकपुर धाम, धनुषा प्रतिनिधि)

# भूमिका

ईशनाथ नगरपालिकाको शिक्षा योजना, २०८० प्रस्तुत गर्न पाउँदा हामी गौरवान्वित भएका छौँ। नेपालको संविधान, २०७२ ले सुनिश्चित गरेको शिक्षाको मौलिक हक तथा अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५, नियमावली, २०७७, बालबालिका सम्बन्धी ऐन, २०७५ लगायतका कानुनी तथा नीतिगत व्यवस्थालाई आधार मानी नगरपालिकाको शैक्षिक विकासलाई योजनाबद्ध, समावेशी र गुणस्तरीय बनाउन यो योजना तयार गरिएको हो।

यस योजनाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI), समावेशी शिक्षा, गुणस्तरीय शिक्षा, बालमैत्री शिक्षा र सुरक्षित विद्यालय लाई शिक्षाका प्रमुख आधारका रूपमा लिएको छ। जात, लिङ्ग, भाषा, अपाङ्गता, सामाजिक–आर्थिक अवस्था, भौगोलिक अवस्था वा अन्य कुनै आधारमा हुने विभेद हटाउँदै प्रत्येक बालबालिकाको शिक्षामा पहुँच, सहभागिता, सिकाइ उपलब्धि र संरक्षण सुनिश्चित गर्ने लक्ष्य राखिएको छ। विशेषगरी पछाडि परेका, सीमान्तकृत, विपन्न, जोखिममा रहेका तथा अपाङ्गता भएका बालबालिकालाई शिक्षाको मूल प्रवाहमा ल्याउन आवश्यक सहयोग र अवसरको व्यवस्था गरिनेछ।

गुणस्तरीय शिक्षाका लागि बालकेन्द्रित शिक्षण, शिक्षकको पेशागत क्षमता विकास, प्रारम्भिक बालविकास, आधारभूत सिकाइ सीप, प्रविधिको उपयुक्त प्रयोग तथा अभिभावक–विद्यालय सहकार्य लाई प्राथमिकता दिइनेछ। विद्यालयलाई हिंसा, भेदभाव, दुर्व्यवहार तथा विपद्बाट सुरक्षित, बालमैत्री, अपाङ्गतामैत्री र सिकाइका लागि अनुकूल वातावरणका रूपमा विकास गरिनेछ।

दिगो विकास लक्ष्य–४ (SDG 4), राष्ट्रिय शिक्षा नीति, इन्चोन घोषणापत्र तथा नेपाल सरकारका शिक्षा सम्बन्धी नीति र योजनाहरू लाई समेत आधार बनाई स्थानीय आवश्यकता, सामाजिक–सांस्कृतिक विविधता र उपलब्ध स्रोत–साधनअनुसार योजना निर्माण गरिएको छ। यसको सफल कार्यान्वयनका लागि संघ, प्रदेश, स्थानीय तह, विद्यालय, शिक्षक, विद्यार्थी, अभिभावक, समुदाय तथा सबै सरोकारवालाबीच समन्वय, सहकार्य र अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ।

अन्ततः "कुनै पनि बालबालिका पछाडि नछुटून्" भन्ने मूल भावनाका साथ ईशनाथ नगरपालिकालाई समावेशी, गुणस्तरीय, बालमैत्री तथा सुरक्षित शिक्षाको उदाहरणीय स्थानीय तह बनाउने साझा प्रतिबद्धताका रूपमा यो शिक्षा योजना प्रस्तुत गरिएको छ।

धन्यवाद।

कौशल्या देवी
नगर प्रमुख
ईशनाथ नगरपालिका

# भूमिका

ईशनाथ नगरपालिका नगरपालिकाको शिक्षा योजना, २०८१ लाई यहाँ प्रस्तुत गर्दा म अत्यन्तै गर्व र उत्साहका साथ योजनाको भूमिका लेख्न पाएकोमा आफूलाई धन्य मान्दछु। यो योजना हाम्रो नगरको शैक्षिक विकासको दिशामा एक महत्त्वपूर्ण कदम हो, जसले हाम्रा बालबालिका, युवा, तथा सम्पूर्ण नागरिकहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्ने हाम्रो संकल्पलाई प्रतिबिम्बित गर्दछ। वि.सं. २०७२ को संविधानले नेपाललाई संघीय गणतन्त्रात्मक राज्यको रूपमा स्थापित गरेको छ, जसअनुसार सङ्घ, प्रदेश, र स्थानीय तहका सरकारहरूले शिक्षा जस्ता मौलिक सेवाहरू प्रदान गर्ने जिम्मेवारी साझा गरेका छन्। यसैको अनुसरणमा ईशनाथ नगरपालिका नगरपालिकाले शिक्षाको क्षेत्रमा निरन्तर प्रगति गर्ने र नागरिकहरूलाई समान शिक्षाको अवसर उपलब्ध गराउने दायित्व बोध गरेको छ। हाम्रो नगरपालिकाले शिक्षाको महत्त्वलाई प्राथमिकतामा राख्दै निःशुल्क तथा अनिवार्य शिक्षा ऐन, २०७५ र यससँग सम्बन्धित नियमावली, २०७७ लाई कार्यान्वयन गर्ने प्रयास गरिरहेको छ। साथै, अन्तर्राष्ट्रिय स्तरमा गरेका प्रतिबद्धता र सन्धि-सम्झौताहरूले बालबालिकाको शिक्षाको हकलाई सुनिश्चित गरेका छन्। बालबालिका सम्बन्धी ऐन, २०७५ ले पनि बालबालिकाको शिक्षाको अधिकारलाई थप मजबूत बनाएको छ।

राष्ट्रिय शिक्षा नीति, दिगो विकास लक्ष्य (SDGs), इन्चोन सम्मेलन, २०१५ को घोषणापत्र, र नेपाल सरकारको पन्ध्रौँ योजनाका लक्ष्यहरूलाई ध्यानमा राख्दै हामीले यो शिक्षा योजना तयार पारेकाछौं। यसले नगरको सामाजिक-सांस्कृतिक सन्दर्भ, आर्थिक अवस्था, जनसांख्यिकीय स्वरूप, र शासकीय संरचनालाई समेट्दै शिक्षाको समग्र अवस्थाको आधारमा योजना निर्माण गरेको छ। यो योजनाले नगरपालिकाका विद्यालयहरूलाई व्यवस्थित र योजनाबद्ध ढंगले सञ्चालन गर्ने, शिक्षकहरूको क्षमता विकास गर्ने, र विद्यार्थीहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्ने दिशामा महत्त्वपूर्ण भूमिका खेल्नेछ। साथै, यसले शिक्षा क्षेत्रमा देखिएका समस्याहरूलाई सम्बोधन गर्ने, चुनौतीहरूलाई अवसरमा परिणत गर्ने, र नगरपालिकाको शैक्षिक उपलब्धिहरूलाई अगाडि बढाउने काम गर्नेछ। हामीले यस योजनालाई सफल बनाउन तीनै तहका सरकारहरूको समन्वय, सहकार्य, र सहकारितामा विश्वास गर्छौं। यसले शिक्षा प्रणालीमा आमुल परिवर्तन ल्याउन, पहुँच, गुणस्तर, र सहभागिता सुनिश्चित गर्न, र देशका लागि आवश्यक सक्षम, प्रतिस्पर्धी, र जिम्मेवार नागरिकहरू तयार गर्न मद्दत गर्नेछ।

अन्तमा, यो योजना नगरपालिकाका सबै नागरिकहरू, शिक्षकहरू, विद्यार्थीहरू, अभिभावकहरू, र स्थानीय सरोकारवालाहरूको सहयोग र सहभागिता बिना सफल हुन सक्दैन। हामी सबैको संयुक्त प्रयासले ईशनाथ नगरपालिका नगरपालिकालाई शिक्षाको क्षेत्रमा एक उदाहरणीय नगर बनाउन सक्ने विश्वास लिएर यो योजना सबै माझ प्रस्तुत गर्दछौं।

धन्यावाद ।

नन्दकिशोर गुप्ता
नि. प्रमुख प्रसाशकिय अधिकृत
ईशनाथ नगरपालिका

# प्राक्कथन

शिक्षा सबैको पहुँचमा पुऱ्याउनुका साथै गुणस्तरीय, प्रविधिमैत्री, समान सहभागिता सुनिश्चित गर्ने, शिक्षालाई लैंगिक तथा सामाजिक भेदभावरहित अवसरका रूपमा स्थापित गर्ने र प्रभावकारी शैक्षिक व्यवस्थापन गर्न स्थानीय तहमा शिक्षा क्षेत्रको योजनाबद्ध विकास आजको प्रमुख आवश्यकता हो। दिगो विकासका लागि अनिवार्य तथा निःशुल्क शिक्षाको प्रवर्द्धन, शिक्षा सम्बन्धी ऐनको प्रभावकारी कार्यान्वयन, शिक्षाका राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिबद्धतालाई साकार पार्न स्थानीय तहले सरोकारवालासँग सहकार्य गरी शिक्षालाई सर्वसुलभ र गुणस्तरीय बनाउन योगदान पुऱ्याउन आवश्यक छ।

ईशनाथ नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखाले यस क्षेत्रको शैक्षिक उन्नयनका लागि विभिन्न योजना तथा कार्यक्रममार्फत निरन्तर रूपमा आफ्नो भूमिका निर्वाह गरिरहेको छ। यस योजना तयार पार्न आर्थिक सहयोग उपलब्ध गराउने ईशनाथ नगरपालिकालाई धन्यवाद दिँदै, प्राविधिक सहयोग प्रदान गर्ने शिक्षा विकास तथा समन्वय इकाइ र प्रारम्भिक कक्षा पढाई कार्यक्रम जनकपुरप्रति आभार व्यक्त गर्न चाहन्छौं।

यस योजना निर्माणका क्रममा महत्वपूर्ण योगदान दिने शिक्षा क्षेत्रको योजना निर्माण प्राविधिक सहयोग प्रदान गर्ने पिपल प्रोमोट सेन्टर प्रतिनिधि मदन कुमार राम तथा सामाजिक विकास समिति, मस्यौदा लेखन समितिलाई विशेष धन्यवाद व्यक्त गर्दछौं । साथै, निरन्तर सल्लाह र सुझाव प्रदान गर्दै सहयोग पुऱ्याउने नगरपालिका परिवार, नगर शिक्षा समिति, नेपाल शिक्षक महासंघ, शिक्षकका पेशागत संघ-संगठन, विद्यार्थी, अभिभावक, शिक्षाप्रेमी, राजनीतिक दल तथा तथ्याङ्क संकलनकर्ताहरू सबैप्रति कृतज्ञता व्यक्त गर्दछौं। आगामी दिनमा यस योजनालाई अझ परिष्कृत गर्दै अघि बढ्नका लागि सबै सरोकारवालाबाट रचनात्मक सुझावको अपेक्षा गर्दछौं।

शिक्षा, युवा तथा खेलकुद शाखा,
ईशनाथ नगरपालिका

# बिषय सूची


**परिच्छेद १ : परिचय** **1**

**१.१.पृष्ठभुमी** **1**

**१.२.ईशनाथ नगरपालिकाको समग्र सन्दर्भ** **1**

१.२.१ जनसंख्याकी, समाजिक र सांस्कृतिक परिदृशय 2

१.२.२ आर्थिक परिदृशय 3

१.२.३ बतावरण तथा वनजंगल 3

१.२.४ स्वास्थ्य 4

**१.३. पालिकाको शैक्षिक सन्दर्भ** **4**

१.३.१ नेपालको सन्दर्भमा शिक्षा 4

१.३.२ नितिगत प्रबन्ध 4

१.३.३ नेपालमा शिक्षाको संरचना 5

१.३.४ ईशनाथ नगरपालिकाको शैक्षिक विवरण 5

१.३.५ शिक्षा क्षेत्रको योजना 8

१.३.६ दिगो विकासका लक्ष्य र ईशनाथ नगरपालिका 8

**१.४ ईशनाथ नगरपालिकाको शिक्षा क्षेत्रका मुख्य चुनौतिहरु** **9**

**१.५. ईशनाथ नगरपालिकाको शिक्षा क्षेत्रको विकासका लागि मुख्य अवसरहरु** **9**

**१.६. ईशनाथ नगरपालिकाको शिक्षा क्षेत्रको योजना निर्माण प्रक्रिया** **10**

१.६.१.शिक्षा योजना निर्माणमा विभिन्न स्रोत / सामग्रीहरुको अध्ययन तथा समिक्षा 10

१.६.२ योजनाको तयारी तथा विकासको संरचनात्मक व्यवस्था 11

१.६.२ योजनाको पहिलो मस्यौदा विकास 11

**परिच्छेद २: दूरदृष्टि, ध्येय, उद्देश्य, रणनीति तथा लक्ष्य** **12**

**२.१ परिचय** **12**

**२.२ दूरदृष्टि** **12**

**२.३ लक्ष्य** **12**

**२.४ प्रमुख उद्देश्यहरु :** **12**

**२.५. रणनीतिहरु :** **13**

**२.६ अपेक्षित मुख्य उपलब्धि** **13**

**२.७ मुख्य कार्यसम्पादक सूचक र लक्ष्य निर्धारण** **14**

**परिच्छेद:३** **18**

**विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरु** **18**

**३.परिचय** **18**

**३.१.प्रारम्भिक बालविकास र शिक्षा** **18**

३.१.१ परिचय 18

३.१.२.वर्तमान अवस्था 18

३.१.३ समस्या तथा चुनौतिहरु 19

३.१.४ उदेश्यहरु 20

३.१.५ रणनीति 21

३.१.६ प्रमुख उपलब्धी तथा नतिजाहरु 22

३.१.७ प्रमुख क्रियाकलापहरु तथा लक्ष्यहरु 23

**३.२ आधारभूत शिक्षा** **26**

३.२.१ परिचय 26

३.२.२ वर्तमान अवस्था 26
३.२.४ उद्देश्यहरू 28
३.२.५ रणनीतिहरू 28
३.२.६ प्रमुख उपलब्धि र नतिजा 29
३.२.७ प्रमुख क्रियाकलापहरु तथा लक्ष्य : 31
**३.३ माध्यामिक शिक्षा: 33**
३.३.१ परिचय: 33
३.३.२ वर्तमान अवस्था 33
३.३.३ समस्या तथा चुनौतीहरू 35
३.३.४ उद्देश्यहरू 36
३.४.५ रणनीतिहरू 36
३.४.६ प्रमुख उपलब्धि तथा नतिजाहरु 37
३.४.७ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य 39
**३.४ उच्चशिक्षा 40**
३.४.१ परिचय 40
३.४.२ वर्तमान अवस्था 40
३.४.३ चुनौतीहरुः 40
३.४.४. उद्देश्य 40
३.४.५ रणनीतिहरू 40
३.४.६ प्रमुख उपलब्धि र नतिजा 40
३.४.७ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य 41
**३.५ प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तथा तालिम 41**
३.५.१ परिचय 41
३.५.२ वर्तमान अवस्था 41
३.५.३ उद्देश्य 41
३.५.४. रणनीति 42
३.५.५ प्रमुख उपलब्धि तथा नतिजा 42
३.५.६ प्रमुख क्रियाकलाप तथा लक्ष्य 42
**३.६ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ 42**
३.६.१ परिचय 42
३.६.२ वर्तमान अवस्था 43
३.६.३ चुनौतीहरू 43
३.६.४ उद्देश्य 44
३.६.५ रणनीतिहरू 44
३.६.६ प्रमुख उपलब्धि तथा नतिजा 44
३.६.७ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य 45
**परिच्छेद ४: अन्तर सम्बन्धित विषय तथा क्षेत्रहरू 47**
**४.परिचय 47**
**४.१ पाठ्यक्रम पाठ्यपुस्तक, सिकाइ सामग्री र मूल्याङ्कन 47**
४.१.१ परिचय 47
४.१.२ वर्तमान अवस्था 47
४.१.३ चुनौतीहरू 48
४.१.४ उद्देश्य 48

४.१.५ रणनीतिहरू 48
४.१.६ प्रमुख उपलब्धि तथा नतिजा, 49
४.१.७ प्रमुख क्रियाकलाप र लक्ष्य 49
**४.२ शिक्षक व्यवस्थापन तथा विकास 50**
४.२.१ परिचय : 50
४.२.२ वर्तमान अवस्था : 50
४.२.३ चुनौतीहरु 51
४.२.४ उद्देश्य 51
४.२.५ रणनीतिहरू 51
४.२.६ प्रमुख उपलब्धि तथा नतिजा 51
४.२.७ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य 53
**४.३ शैक्षिक समता र समावेशीकरण 54**
४.३.१ परिचय 54
४.३.२ वर्तमान अवस्था 55
४.३.३ चुनौतीहरू 55
४.३.४ उद्देश्यहरू 56
४.२.५ रणनीतिहरू 56
४.३.६ प्रमुख उपलब्धि तथा नतिजा 56
**४.४ दिवा खाजा सहित स्वास्थ्य तथा पोषण कार्यक्रम 59**
४.४.१ परिचय 59
४.४.२ वर्तमान अवस्था 59
४.४.३ चुनौतीहरू 59
४.४.४ उद्देश्य 59
४.४.५ रणनीतिहरू 59
४.४.६ प्रमुख उपलब्धि तथा नतिजा 60
४.४.७ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य 61
**४.५ विद्यालय सुरक्षा, विपद् जोखिम न्यूनिकरण तथआ उत्थानशीलता 62**
४.५.१ परिचय 62
४.५.२ वर्तमान अवस्था 62
४.५.३ चुनौतीहरू : 63
४.५.४ उद्देश्यहरू 63
४.५.५ रणनीतिहरू 63
४.५.६ प्रमुख उपलब्धि तथा नतिजा 63
**४.६ विद्यालय भौतिक पूर्वाधार विकास 65**
४.६.१ परिचय 65
४.६.२ वर्तमान अवस्था 65
४.६.३ चुनौतीहरू 65
४.६.४ उद्देश्य 66
४.६.५ रणनीतिहरू 66
४.६.६ प्रमुख उपलब्धि तथा नतिजा 66
४.६.७ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य 67
**४.७ विद्यालय सूचना तथा सञ्चार प्रविधि 67**
४.७.१ परिचय 67

४.७.२ वर्तमान अवस्था 68
४.७.३ चुनौतीहरू 68
४.७.४ उद्देश्यहरू 68
४.७.५ रणनीतिहरू 68
४.७.६ प्रमुख उपलब्धि तथा नतिजा 69
**परिच्छेद ५: सुशासन तथा व्यवस्थापन 71**
**५.परिचय 71**
**५.१ संस्थागत संरचना र क्षमता विकास 71**
५.१.१ परिचय 71
५.१.२ वर्तमान अवस्था 72
५.१.३ समस्याहरू र चुनौतीहरू 72
५.१.४ उद्देश्य 72
५.१.५ रणनीतिहरू 73
५.१.६ प्रमुख उपलब्धि तथा नतिजा 73
५.१.७ प्रमुख क्रियाकलाप र लक्ष्य 74
**५.२ शिक्षा क्षेत्रको योजना कार्यान्वयनको प्रबन्ध 75**
५.२.१ परिचय 75
५.२.२ वर्तमान अवस्था 75
५.२.३ चुनौतीहरू 76
५.२.४ उद्देशयहरु 76
५.२.५ रणनीतिहरू 76
५.२.६ प्रमुख उपलब्धि तथा नतिजा, 77
५.२.७ प्रमुख क्रियाकलाप र लक्ष्य 77
**परिच्छेद ६ : लगानी र स्रोत व्यवस्थापन 79**
६.१ परिचय 79
६.२ वर्तमान अवस्था 79
६.३ चुनौतीहरू 79
६.४ उद्देश्य 80
६.५ रणनीतिहरू 80
६.६ प्रमुख उपलब्धि तथा नतिजा 81
६.७ प्रमुख क्रियाकलाप र लक्ष्य 82
**परिच्छेद ७ : अनुगमण तथा मुल्याङ्कन 87**
७.१ परिचय 87
७.२ वर्तमान अवस्था 87
७.३ चुनौतीहरू 88
७.४ उद्देश्य 88
७.५ रणनीतिहरू 88
७.६ प्रमुख उपलब्धि तथा नतिजा 88
५.३.७ अनुगमन तथा मूल्याङ्कनका मुख्य क्रियाकलापहरू 89
**सन्दर्भ सामग्रीहरू 91**

# परिच्छेद १ : परिचय

## १.१.पृष्ठभुमी

नेपाल एक संघीय लोकतान्त्रिक गणतन्त्र हो, जहाँ तीन तहका सरकारले आगदैं शासन तथा आफ्ना क्षेत्रगत अधिकार प्रयोग- प्रशासनिक संरचनालाइइ निर्देशित गरिरहेका छन् । नेपालको संविधान २०७२ र राष्ट्रिय शिक्षा नीति २०७६ ले शिक्षामा पहुँच, गुणस्तर, सहभागिता, र समानता सुनिश्चित गर्ने लक्ष्य लिएको छ । यी उद्देश्यहरूलाई मूर्त रूप दिन संघीय सरकारले विद्यालय " लागू गरेको छ "क्षेत्र योजना शिक्षा, जसले संघीय, प्रदेश, र स्थानीय सरकारबीच समन्वय गरी शिक्षालाई समावेशी, गुणस्तरीय, र पहुँचयोग्य बनाउन मार्गदर्शन प्रदान गरेको छ ।

संविधान र स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम आधारभूत र माध्यमिक शिक्षा सञ्चालनको प्रमुख जिम्मेवारी स्थानीय तहलाई प्रत्यायोजन गरिएको छ, जसले शिक्षानीति निर्माण, योजना तर्जुमा, र कार्यान्वयनका क्षेत्रमा स्थानीय सरकारलाई सशक्त बनाएको छ। यसै परिप्रेक्ष्यमा, ईशनाथ नगरपालिकाले आफ्नो शैक्षिक आवश्यकता, प्राथमिकता, र स्थानीय विशेषतालाई मध्यनजर गर्दै क्षेत्र योजना शिक्षा" (Education Sector Plan - ESP)" निर्माण गरेको छ।

यस योजनाले शिक्षाको सेवा प्रवाहलाई अझ प्रभावकारी, दिगो, र समावेशी बनाउने विश्वास गरिएको छ। स्थानीय तहमा शिक्षा क्षेत्रको योजना निर्माण तथा कार्यान्वयन गर्दा संवैधानिक दायित्व, कानुनी प्रावधान, र आवश्यकताहरू पूरा गर्न अपरिहार्य हुन्छ। साथै, ज्ञान, विज्ञान, तथा प्रविधिमा भइरहेका नवीनतम परिवर्तनहरूलाई आत्मसात् गर्दै समाजलाई आवश्यक पर्ने दक्ष तथा सिर्जनशील जनशक्ति उत्पादन गर्न शिक्षाको समयसापेक्ष योगदानलाई सुनिश्चित गर्नु आवश्यक छ।

यसका अतिरिक्त, कोभिड- लगायत अन्य प्राकृतिक प्रकोपहरू १९ले शिक्षामा पार्ने प्रभावलाई न्यूनीकरण गर्ने तथा जलवायु परिवर्तनजन्य जोखिमहरूलाई कम गर्न सक्षम, उत्थानशील ( Resilient) शिक्षा प्रणालीको विकास अपरिहार्य छ । यही दृष्टिकोणलाई आत्मसात् गर्दै ईशनाथ नगरपालिकाले शिक्षाको पहुँच, गुणस्तर, सहभागिता, र समावेशीकरणलाई सुदृढ बनाउने उद्देश्यसहित शिक्षा क्षेत्रको लोकतान्त्रिकरण र सापेक्षिक विकासलाई प्राथमिकता दिँदै आगामी सन् २०२८ सम्मका लागि आवश्यक स्रोत साधनको आकलन गर्दै शिक्षा योजना तयार गर्ने प्रयास गरेको छ।

## १.२.ईशनाथ नगरपालिकाको समग्र सन्दर्भ

ईशनाथनगरपालिका नेपालको मधेश प्रदेश, रौतहट जिल्लामा भारतसँग जोडिएको एक महत्वपूर्ण नगरपालिका हो । यस नगरपालिकाको नामाकरण वाड नं ३ मा रहेको प्रसिद्ध ईशनाथ महादेवको नामबाट भएको हो र नेपालको संविधान २०७२ को भाग १७ तथा स्थानीय सरकार सचांलन ऐन २०७४ को परिच्छेद २ बमोजिम यस नगरपालिकाको गठन भएको हो भौगोलिक अवस्थिती अनुसार उत्तरमा राजपुर तथा परोहा नगरपालिका, दक्षिणमा, भारतको विहार राज्यको मोतिहारी जिल्ला, पूर्वमा गौर नगरपालिका र पश्चिममा भारतको विहार राज्यको मोतिहारी जिल्ला तथा परोहा नगरपालिका सामुद्रिक सतहबाट १२२ मिटर उचाईमा रहेको छन् ।

यो नगरपालिका साबिकको बन्जरहा, औरया, मठिया, जटहारा, जोकाहा र डुमरीया गाविसलाई मिलाएर निर्माण भएको हो । तीन वटा वडा बन्जरहा, मठिया र डुमरीयाका १-९ सम्मका गाविसहरु रहेका छन् भने औरैयाको २-६ सम्मको गाविसबाट एउटा वडा, १, ७-९ सम्मका वडाहरुबाट अर्को वडा बनाइएको छ, त्यस्तै जटहाराको पनि १,२,७,८,९ गाविसहरु मिलाई एउटा वडा र

३,४,५,६ गाविसहरु मिलाई अर्को वडा निर्माण भएको छ भने जोकाहाको १,४,८,९ गाविसहरु मिलाई एउटा वडा र २,३,५-७ सम्मका गाविसहरु मिलाई अर्को वडा निर्माण भएको छ । २०७८ को जनगणना अनुसार यस नगरपालिकामा घर संख्या ६,२७९ वटा, परिवार संख्या ८०८४, रहेका छन् जसमा यस नगरपालिकाको कुल जनसंख्या ५३,४०२ रहेको छ । जसमा पुरुष जनसंख्या २६,८२१ रहेको छ, भने महिला जनसंख्या २३,५८१ रहेका छ ।

यहाँको हावापानी समशितोष्ण खालको छ भने उत्तरी भागमा सामान्य मौसम र दक्षिणी भेगमा गर्मी हुने गर्दछ । जनासंख्याकी हिसावले वि.स. २०७८ को जनगणना अनुसार यहा ५६.५ प्रतिशत साक्षर नागरीक रहेको छ भने ६२.५ प्रतिशत पूरुष र ५०.५ प्रतिशत महिला मात्र साक्षर रहेको छ । ईशनाथ नगरपालिका कृषि, व्यापार, तथा शैक्षिक क्षेत्रमा महत्वपूर्ण योगदान पुर्‍याउने क्षेत्रका रूपमा परिचित छ। स्थानीय प्रशासन, सेवा प्रवाह, तथा पूर्वाधार विकासका दृष्टिले यो नगरपालिका अगाडि बढिरहेको छ। यस नगरपालिकाले समावेशी र दिगो विकासलाई प्राथमिकता दिँदै स्थानीय स्रोत साधनको उचित परिचालन, पूर्वाधार निर्माण, तथा सामाजिक सेवाहरूको विस्तारमा ध्यान केन्द्रित गर्दै आएको छ ।

### १.२.१ जनसंख्याकी, समाजिक र सांस्कृतिक परिदृशय

तालिका न. १ वडागत जनसंख्या विवरण

| वडा न. | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
|---|---|---|---|---|---|---|---|---|---|
| पूरुष | ७७३ | ३३८४ | ३२७५ | ३६७२ | २८०३ | २९७२ | २५४७ | २८२२ | २५२४ |
| महिला | १६२५ | ३३५० | ३११६ | ३५६२ | २९०१ | २९९४ | २८७२ | २९९४ | २६६९ |
| जम्मा | २३९८ | ६७३४ | ६३९१ | ७२३४ | ५७०४ | ५९६६ | ५४१९ | ५८१६ | ५१९३ |

स्रोतः राष्ट्रिय जनगणना वर्ष २०७८

ईशनाथ नगरपालिकाका नौ वडाहरूको जनसंख्या विश्लेषण गर्दा, वडा नं. ४ मा सबै भन्दा बढी (७२३४) जनसंख्या छ भने वडा नं. १ मा सबै भन्दा कम (२३९८) छ। अधिकांश वडामा महिलाको संख्या पुरुषभन्दा बढी छ। वडा नं. २ मा सबै भन्दा धेरै महिला (३३५०) छन्, जबकि वडा नं. १ मा सबै भन्दा कम (१६२५) छन्। पुरुष संख्या वडा नं. ४ मा सबै भन्दा बढी (३६७२) र वडा नं. ५ मा सबै भन्दा कम (२८०३) छ ।

जनगणना २०७८ अनुसारको जातजाती अनुसारको विवरणलाई केलाएर हेर्दा यहाँ ईशनाथ नगरपालिकाको १० प्रमुख जातजतीहरुको विवरण प्रस्तुत गरिएको छ । जहाँ मुस्लिम जातिहरुको संख्या सव जाती भन्दा उच्च ३८.७ प्रतिशत, मध्यम मा ६.२ प्रतिशत कुर्मीको रहेको छ भने १० औ स्थानमा लोहार जाती रहेको छ ।

जनगणना २०७८ को भाषा भाषी अनुसारको विवरण हेर्दा उर्दु भाषा वाहुल्य भाषाको रुपमा रहेको छ । जुन १५६३३ जनाले बोल्ने रहेछ । त्यसतै बाजिका भाषा ३३६०२ जनाले बोलेन रहेछ । सब भन्दा कम हिन्दी भाषा ३५ जनाले बोलने भाषाको रुपमा रहेको देखिन्छ ।
यस्तै यो नगरपालिकाको समाजिक पक्षको अर्को पाटो धर्म मन्ने जनसख्यालाई विशलेषण गर्ने हो भने। सबै भन्दा धेरै जनसंख्या हिन्दू धर्मावलम्बीको रहेको छ, जसको कुल संख्या ६१ प्रतिशत छ । हिन्दू समुदायमा पुरुष प्रतिशत ६२ प्रतिशत र महिला प्रतिशत ५९ प्रतिशत रहेको छ। इस्लाम धर्मावलम्बीको कुल संख्या ३९ प्रतिशत छ, जहाँ पुरुष ३७८. प्रतिशत र महिला ४०२. प्रतिशत रहेका छन् । अन्य धर्महरू जस्तै बौद्ध, किरात, इसाई, प्रकृति, बोन, जैन, बहाई, तथा सिक्ख धर्मावलम्बीहरूको संख्या

शून्य रहेको छ । यस तथ्यांकले हिन्दू र इस्लाम धर्मावलम्बी मात्र रहेको देखाउँछ भने अन्य धर्महरूको उपस्थिति छैन। धर्म अनुसारको यस्तो वितरणले सामाजिक संरचना र विविधताको अवस्था बारे जानकारी दिन्छ, जसले नीति निर्माण तथा समुदायमा आवश्यक सेवा तथा स्रोत साधनको व्यवस्थापनमा मद्दत गर्न सक्छ।

### १.२.२ आर्थिक परिदृशय

यो तथ्यांकले २०७८ को कृषी गणना अनुसार ईशनाथ नगरपालिकाको कृषक परिवार, उनीहरूले प्रयोग गर्ने जमिन, कित्ता संख्या, तथा सिंचाई सुविधाको अवस्थाबारे जानकारी दिन्छ । नगरपालिकामा ४५८२ कृषक परिवार रहेका छन्, जसले कुल २३७४ हेक्टर जमिनमा खेती गर्छन् । खेतीयोग्य जमिन विभिन्न भागमा विभाजित रहेको छ, जसका कारण जम्मा १२००० कित्ता रहेका छन्। यस हिसाबले प्रत्येक कृषक परिवारको औसत कित्ता संख्या २.६ रहेको छ, जसले जमिनको टुक्रा-टुक्रा भएर रहेको अवस्था देखाउँछ । सिंचाई सुविधाको सन्दर्भमा ४२३७ कृषक परिवार सिंचाई सुविधा प्रयोग गर्छन्, जसले देखाउँछ कि अधिकांश कृषक परिवार सिंचाई सुविधासँग जोडिएका छन् । सिंचित क्षेत्रफल २१९९.२ हेक्टर रहेको छ, जसले सिंचाईको राम्रो उपलब्धता जनाउँछ । यो विवरणले ईशनाथ नगरपालिकाको कृषि संरचना बुझ्न मद्दत गर्छ। सिंचाई सुविधा व्यापक भए पनि अझै केही कृषक परिवारहरू सिंचाई सुविधाबाट बञ्चित छन्। खेतीयोग्य जमिन धेरै भागमा विभाजित भएकाले कृषि उत्पादनमा प्रभाव पर्न सक्छ। यस क्षेत्रका कृषकहरूको आय वृद्धिका लागि आधुनिक कृषि प्रविधि र थप सिंचाई सुविधाको विस्तार आवश्यक देखिन्छ।

यो तथ्यांकले ईशनाथ नगरपालिकाका कृषक परिवारहरूको पशुपालन अवस्थाबारे जानकारी दिन्छ । नगरपालिकामा ४५८२ कृषक परिवार छन्, जसमध्ये ३१६४ कृषक परिवारले पशु चौपाया पालेका छन्। गाई वा गोरु पाल्ने कृषक परिवारको संख्या ३०४ छ, जसले जम्मा ४०६ वटा गाई वा गोरु पालेका छन्। यस्तै, १५५८ कृषक परिवारले राँगा वा भैंसी पालेका छन्, जसको कुल संख्या २६६० रहेको छ । बाख्रा वा च्याङ्ग्रा पालन गर्ने कृषक परिवारको संख्या २३३८ छ, जसले ७८१३ वटा बाख्रा वा च्याङ्ग्रा पालेका छन्। भेँडा वा भेँडी पाल्ने कृषक परिवारको संख्या भने निकै कम ८ मात्र छ, जसले जम्मा ४२ वटा भेँडा वा भेँडी पालेका छन्। नगरपालिकामा सुगुँर वा बंगुर पालन गर्ने कृषक परिवारको संख्या शून्य रहेको छ। कुखुरा पालन गर्ने कृषक परिवारको संख्या २८४ छ, जसले कुल ८४७ वटा कुखुरा पालेका छन्। अन्य पन्छी पालन गर्ने कृषक परिवारको संख्या १७ मात्र रहेको छ, जसले जम्मा १२५ वटा अन्य पन्छी पालेका छन् । यो तथ्यांकले ईशनाथ नगरपालिकामा बाख्रा पालन सबै भन्दा लोकप्रिय रहेको देखाउँछ, किनभने यसमा सबै भन्दा धेरै कृषक संलग्न छन्। गाई, गोरु, राँगा, तथा भैंसी पालन गर्ने कृषकको संख्या पनि उल्लेख्य छ, तर भेँडा वा सुगुँर पालनको संख्या निकै न्यून छ । पशुपालन कृषक परिवारको आयको महत्वपूर्ण स्रोत हुनसक्छ, त्यसैले पशुपालनको प्रवर्धन गर्न नीतिगत योजना आवश्यक देखिन्छ ।

त्यसतै यो नगरपालिका नागरीकहरु सरकारी, गैर सरकारी तथा विभिन्न निजी संस्थाहरुमा कार्यरत रहेको छ त्यसतै यो नगरपालिका भारतसँग जोडिएको भएकोले धेरै कामको लागि भारत जाने गरेको छ । र त्यसतै स्थानीय बजारहरु लतमरि , औरैया, मोतिया बाजार आदीँहरुमा जाने गर्दछ र विषेश रुपमा केही महत्वपूर्ण खरिद विक्री गर्नु परेमा गौर र भारतको नजिक पर्ने नका कुन्डवा चैनपुर बजार जाने गरेको छ ।

### १.२.३ बतावरण तथा वनजंगल

ईशनाथ नगरपालिकामा वनजगंल नभए पनि व्यक्तीगत रुपमा लागाएको वोटविरुवाहरु वैगचाको रुपमा आँफ र लिचीहरु लागएको छ । त्यसतै खास गरि किसानहरुले बारि वरिपरि रहर दाल लागउने गरेको छ । त्यसैगरि पालिकाको पूर्व तिर लाल

वकैया नदि रहेको छ । यो नदि  नदी प्रमुख नदीको रूपमा रहेको छ । यो नदी वर्षा याममा बाढीको उच्च जोखिमयुक्त क्षेत्र हो, जसले प्रत्येक वर्ष ३० देखि ४० प्रतिशत अनुमानित रुपले धनजनको क्षति पुऱ्याउने गरेको छ ।

### १.२.४ स्वास्थ्य

यो पालिकामा स्वास्थ्य सेवा प्रवाहका लागि स्वास्थ्य चौकी वडागत रुपमा ९ वटा रहेको छ भने Birthing Center जम्मा २ वटा त्यसतै १ वटा आयुर्वेदिक स्वास्थ्य केन्द्र र चेकचाजँको लागि ल्याव २ वटा यसपालिकामा निरन्तर रुपमा सेवा प्रदान गरिरहेको छ । अर्को तर्फ २ वटा एम्वुलेन्स १ वटा वरुणयन्त्र  रहेको । नागरिकहरुले सधारण उपचारहरु यी वडागत रुपमा रहेको स्वास्थ्य संस्थाहरुबाट पाउने गर्दछ भने सघंण उपचारको लागि प्रमुख रुपमा गौर र विरगंज जाने गरेको छ ।

## १.३. पालिकाको शैक्षिक सन्दर्भ

### १.३.१ नेपालको सन्दर्भमा शिक्षा

नेपाल एक बहुभाषिक, बहुजातीय, बहुधार्मिक तथा विविध भौगोलिक विशेषता भएको लोकतान्त्रिक गणतन्त्र हो, जसको शिक्षा प्रणालीमा ऐतिहासिक, सामाजिक, सांस्कृतिक तथा राजनीतिक परिवर्तनहरूले प्रभाव पार्दै आएको छ । २०६३ सालको राजनीतिक परिवर्तनपछि शिक्षामा सुधारका विभिन्न पहलहरू भए तापनि अझै धेरै चुनौतीहरू रहेका छन् । नेपालमा अनिवार्य र निःशुल्क प्रारम्भिक शिक्षा, गुणस्तरीय, दिगो र व्यावसायिक शिक्षा, तथा आधुनिक वैज्ञानिक शिक्षाको आवश्यकतामा विशेष जोड दिइएको छ। बढ्दो बेरोजगारीलाई ध्यानमा राख्दै आत्मनिर्भर नागरिक तयार गर्ने प्राविधिक तथा व्यावसायिक शिक्षालाई प्राथमिकता दिनुपर्ने आवश्यकता छ  साथै, यहाँका विभिन्न भाषा, लिपि, संस्कृति, र परम्पराहरूको संरक्षण गर्दै समावेशी र समतामूलक शिक्षाको प्रवर्द्धन गर्नुपर्छ। शिक्षा प्रणालीले समाजलाई आधुनिक विश्वसँग जोड्न, विश्वव्यापी प्रतिस्पर्धामा सक्षम बनाउने वातावरण सिर्जना गर्न, र अन्तर्राष्ट्रिय स्तरमा नेपालको पहिचान स्थापित गर्न योगदान पुर्याउनुपर्छ । शिक्षाले नागरिकलाई सामाजिक, आर्थिक, र सांस्कृतिक रूपमा परिपक्व बनाउँदै सहिष्णुता, भाइचारा, तथा सहयोगको भावना विकास गराउनु आवश्यक छ ।

### १.३.२ नितिगत प्रबन्ध

नेपालको संविधान २०७२ ले शिक्षा अधिकारलाई मौलिक हकको रूपमा परिभाषित गर्दै अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ लाई कार्यान्वयनमा ल्याएको छ। यस ऐन अनुसार आधारभूत (१-८ कक्षा) तथा माध्यमिक (९-१२ कक्षा) तहसम्मको शिक्षा निःशुल्क र अनिवार्य गरिएको छ, जसको प्रमुख कार्यान्वयन जिम्मेवारी स्थानीय सरकारलाई प्रत्यायोजन गरिएको छ। यस अनुरुप ईशनाथ नगरपालिकाले यस कानूनी व्यवस्थालाई प्रभावकारी रूपमा लागू गर्न दीर्घकालीन शिक्षा योजना तथा नीतिहरू तर्जुमा गर्नुपर्ने देखिन्छ। संघिय सरकारको ले बनाएको आवधिक योजना १६ औ, विद्यालय क्षेत्र विकास योजना (SSDP) अनुसार शिक्षामा समता, गुणस्तर र सक्षमता वृद्धि गर्ने लक्ष्य राखिएको छ भने अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ अनुसार प्रत्येक बालबालिकालाई विद्यालयमा भर्ना गराउने, गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र उनीहरूको निरन्तर सिकाइ उपलब्धिमा सुधार ल्याउने दायित्व स्थानीय तहकै हो। तथापि, ईशनाथ नगरपालिकामा विद्यालय शिक्षा क्षेत्रमा क्रमिक सुधार भए पनि अपेक्षाकृत रुपाम शिक्षामा समता, गुणस्तर, शिक्षकको सक्षमता वृद्धि र विद्यार्थीहरुको सिकाई स्तरमा केही उपलव्धीहरु भएकै हो । अतः स्थानीय सरकारले शिक्षा विकासका सम्भवनाहरु पहिचान  तथा आवशयक स्रोत व्यवस्थापन गरि भौतिक पूर्वाधार तथा शैक्षिक पूर्वाधारहरुमा आवश्यक जोड दिनु पर्ने देखिन्छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहलाई शिक्षा सम्बन्धी नीति निर्माण, कार्यान्वयन, अनुगमन तथा सुधारका लागि पूर्ण अधिकार प्रदान गरेको छ। तसर्थ, ईशनाथ नगरपालिकाले आफ्नो शिक्षा नीतिलाई अनिवार्य तथा निःशुल्क शिक्षा

ऐनसँग समायोजन गर्दै निम्न सुधारहरू गर्नुपर्ने आवश्यकता देखिन्छ। तर त्यसका लागि आवशयक स्रोत साधन तथा प्राविधिक दक्षताको अभावका कारण योजना कार्यान्वयनमा चुनौतीहरू देखिएका छन् । विशेष गरी, स्रोत केन्द्रहरूको विघटन पछि स्थानीय तहमा शिक्षा शाखाको व्यवस्थापन भए पनि प्रभावकारी अनुगमण तथा सहयोग नभएकोले शिक्षण तथा विद्यालय व्यवस्थापन तथा शुशासन पद्धती विकास गरि शिक्षक मेन्टरिग जस्ता पेशागत विकासको अवसरहरुको कमी महसुस गरिएको छ । विद्यालय शिक्षाको दीर्घकालीन सुधारका लागि स्थानीय सरकार, शिक्षक, अभिभावक, र समुदायबीचको साझेदारी आवश्यक छ। साथै, नीति निर्माणमा स्थानीय तहले संघीय तथा प्रदेश सरकारसँग समन्वय गर्दै विद्यालय शिक्षामा आवश्यक भौतिक पूर्वाधार, गुणस्तरीय सिकाइ सामग्री, र शिक्षकको क्ष मता अभिवृद्धि गर्न दीर्घकालीन योजना बनाउनुपर्ने देखिन्छ। यसर्थ, ईशनाथ नगरपालिकाले आफ्नो शिक्षा सम्बन्धी नीति, स्रोत साधनको परिचालन, शिक्षक व्यवस्थापन तथा विद्यार्थी सिकाइ सुधारका कार्यक्रमहरू संघीय कानुन तथा स्थानीय सरकार सञ्चालन ऐन अनुरूप परिमार्जन गर्दै व्यावहारिक योजना तर्जुमा गर्न आवश्यक छ। स्थानीय स्तरमा विद्यालय शिक्षाको गुणस्तर सुधार गर्न संघीय सरकारबाट प्राप्त नीति निर्देशनलाई स्थानीय आवश्यकतासँग जोडेर दीर्घकालीन समाधान खोजिनुका साथै ईशनाथ नगरपालिकाले विद्यालय शिक्षालाई अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ अनुरूप बनाउँदै शिक्षामा समान पहुँच, गुणस्तरीयता र उत्तरदायित्व वृद्धि गर्नका लागि बिद्यालय शिक्षा योजना तथा प्रभावकारी कार्यान्वयन रणनीति अवलम्बन गर्न आवश्यक देखिन्छ।

### १.३.३ नेपालमा शिक्षाको संरचना

नेपालको विद्यालय क्षेत्र अन्तर्गत एक बर्षको प्रारम्भिक बालिवकास तथा शिक्षामा चार वर्षका बालबालिका सहभागी हुन्छन् भने ५-१२ वर्ष उमेर समूहका लागि ८ वर्षको निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा र १३–१६ वर्ष उमेर समूहका लागि ४ वर्षको निःशुल्क माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व सरकारको रहेको छ तापनि शुल्क तिरेर पढ्ने निजी क्षेत्रबाट सञ्चालित र सरकारको लगानीमा सञ्चालित शुल्क तिर्न नपर्ने गरी दुवै प्रकारका विद्यालयहरू सञ्चालन भइरहेका छन् । यस खण्डमा मुलुकको संक्षिप्त शैक्षिक सन्दर्भअन्तर्गत नीतिगत प्रबन्ध, उल्लेख्य उपलब्धि तथा अन्तर, विद्यालय क्षेत्र विकास योजनाका कार्यक्रम तथा उपलब्धिहरू र दिगो विकास लक्षहरूको सन्दर्भ उल्लेख गरिएको छ ।

### १.३.४ ईशनाथ नगरपालिकाको शैक्षिक विवरण

ईशनाथ नगरपालिकामा जम्मा ३९ वटा विद्यालयहरु मध्ये बालविकास ३३ वटा, १८ वटा सामुदायिक विद्यालय, १५ वटा संस्थागत विद्यालय र ६ वटा मदरसाहरु रहेका छन् । ति विद्यालयहरुमध्ये आधारभूत तहका १६ वटा र माध्यमिक तहका ४ वटा बिद्यालयहरु रहेका छन् । ति विद्यालयहरुको तहगत विविरण तल तलिकामा प्रस्तुत गरिएको छ ।

तालिका न. ५ तहगत विद्यालय विवरण

| तह | कक्षा | विद्यालयसंख्या | | |
|---|---|---|---|---|
| | | सामुदायिक विद्यालय | संस्थागत विद्यालय | मदरसा/धार्मिक विद्यालय |
| आधारभुत तह | कक्षा १-५ | १८ | ९ | ६ |
| | कक्षा १-८ | १ | ३ | ० |
| माध्यमिक तह | कक्षा १-१० | २ | २ | ० |
| | कक्षा १-१२ | ३ | १ | ० |
| बालविकासकेन्द्र | | ३३ | १५ | ० |
| सिकाइकेन्द्र | | ० | ० | ० |
| स्रोत :ईशनाथ नगरपालिका, शिक्षा शाखा, २०८१ | | | | |

तालिका न .६ तहगत विद्यार्थी संख्या र भर्ना प्रवृती

| क्र.स. | **बिद्यार्थी बिबरण (Stusents details)** | **१-५ कक्षा** | | | **६-८ कक्षा** | | | **९-१० कक्षा** | | | **११-१२ कक्षा** | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | **लिंग** | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | सबै प्रकारका बिद्यालयमा कक्षागत बिद्यार्थी सङ्ख्या | ३९११ | ३६९५ | ७६०६ | १३८० | १२५७ | २६३७ | ६१४ | ६७९ | १२९३ | ३७० | ५२४ | ८९४ |
| २ | सामुदायिक बिद्यालयमा कक्षागत जम्मा बिद्यार्थी सङ्ख्या | ३७७९ | ३४७२ | ७२५१ | १३७१ | १२५० | २६२१ | ६१४ | ६७९ | १२९३ | ३७० | ५२४ | ८९४ |
| ३ | सबै प्रकारका बिद्यालयमा कक्षागत दलित बिद्यार्थी सङ्ख्या | ६६० | ६१८ | १२७८ | २१२ | १८६ | ३९८ | ९० | १०६ | १९६ | ३१ | ३३ | ६४ |
| ४ | सामुदायिक बिद्यालयमा कक्षागत र तहगत दलित बिद्यार्थी सङ्ख्या | ६५५ | ६१० | १२६५ | २१२ | १८६ | ३९८ | ९० | १०६ | १९६ | ३१ | ३३ | ६४ |
| ५ | सबै प्रकारका बिद्यालयमा कक्षागत अपाङ्गता भएका बिद्यार्थी सङ्ख्या | १० | ५ | १५ | ४ | १ | ५ | २ | २ | ४ | ० | १ | १ |
| ६ | सामुदायिक बिद्यालयमा कक्षागत र अपाङ्गता भएका बिद्यार्थी सङ्ख्या | ४ | ५ | ९ | १ | १ | २ | २ | ० | २ | १ | ० | १ |
| ७ | सबै प्रकारका बिद्यालयमा कक्षागत र २२ जनजाती बिद्यार्थी सङ्ख्या | ८८ | ५७ | १४५ | ३९ | ३९ | ७८ | १८ | १४ | ३२ | ० | ४ | ४ |
| ८ | सामुदायिक बिद्यालयमा कक्षागत २२ जनजाती बिद्यार्थी सङ्ख्या | ८८ | ५७ | १४५ | ३९ | ३९ | ७८ | १८ | १४ | ३२ | ० | ४ | ४ |

स्रोतः शिक्षा शाखा, EMIS २०८१

उपलब्ध तथ्याङ्कहरूको विश्लेषण गर्दा विद्यालय तहका विद्यार्थी सङ्ख्यामा महत्वपूर्ण अन्तर देखिन्छ। यो विवरण तालिकाले विभिन्न तहका विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूको वर्गीकरण प्रस्तुत गरेको छ। १-५, ६-८, ९-१०, र ११-१२ कक्षाका विद्यार्थीहरूको लिंग, विद्यालय प्रकार, जातीय पृष्ठभूमि, र अपाङ्गता स्थिति अनुरूप संख्यात्मक विवरण प्रदान गरिएको छ। सबै

प्रकारका विद्यालयमा १-५ कक्षामा ७६०६ विद्यार्थीहरू छन्, जसमा ३९११ छात्रा र ३६९५ छात्र छन् । सामुदायिक विद्यालयहरूमा सोही कक्षाका विद्यार्थी संख्या ७२५१ रहेको छ। ६-८ कक्षामा सबै विद्यालयमा २६३७ विद्यार्थी अध्ययनरत छन्, जबकि सामुदायिक विद्यालयमा २६२१ विद्यार्थी छन्। ९-१० कक्षामा १२९३ विद्यार्थी रहेका छन्, जसमा सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थी संख्यामा कुनै अन्तर छैन। ११-१२ कक्षामा ८९४ विद्यार्थी छन्, जसमा ३७० छात्रा र ५२४ छात्र छन्, जुन सामुदायिक विद्यालयको संख्या पनि सोही रहेको छ।

दलित विद्यार्थीहरूको संख्या सबै विद्यालयमा १-५ कक्षामा १२७८ रहेको छ, जुन सामुदायिक विद्यालयमा १२६५ रहेको देखिन्छ। ६-८ कक्षामा दलित विद्यार्थीहरूको संख्या ३९८ रहेको छ भने ९-१० कक्षामा १९६ जना छन्। ११-१२ कक्षामा भने ६४ दलित विद्यार्थी छन्। अपाङ्गता भएका विद्यार्थीहरूको संख्या कम छ, १-५ कक्षामा १५ जना, ६-८ कक्षामा ५ जना, ९-१० कक्षामा ४ जना, र ११-१२ कक्षामा १ जना रहेका छन् । २२ जनजातिका विद्यार्थीहरू १-५ कक्षामा १४५ जना छन्, जुन सामुदायिक विद्यालयमा पनि सोही संख्या रहेको छ। ६-८ कक्षामा ७८, ९-१० कक्षामा ३२, र ११-१२ कक्षामा ४ जनजातीय विद्यार्थी अध्ययनरत छन् ।

तालिका न. ७ शिक्षक संख्या र प्रवृती

| तह | **सामुदावयक विद्यालयमा स्विकृत र राहत दरिन्दीका विक्षक सङ्ख्या** | | | | | **सामुदायिक बिद्यालयका सबै प्रकारका शिक्षक सङ्ख्या (पालिका र निजीश्रोतबाट नियुक्त शिक्षक समेत)** | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | दरबन्दी | राहत | जम्मा | महिला | महिला प्रतिशत | जम्मा | महिला | पुरुष | पालिकाको स्रोतबाट नियुक्त सङ्ख्या | महिलाप्रतिशत |
| पूर्व प्र.बि. बा.बि.के. | ३३ | ० | ३३ | ३३ | १०० | १ | १ | ० | ० | ० |
| आधारभूत (१-५) | ५७ | १९ | ७६ | १९ | २८ | १५ | ४ | १२ | १५ | |
| आधारभूत (६-८) | १० | ४ | १४ | १ | ७.२ | २ | ० | १ | १ | ० |
| माध्यमिक (९-१०) | ८ | १ | ९ | १ | ११.११ | ५ | ० | ५ | ० | ० |
| माध्यमिक(११-१२) | ४ | ० | ४ | ० | ० | ० | ० | ० | ० | ० |

स्रोतः- शिक्षा शाखा, EMIS 2081

तालिका न. ८ ईशनाथ नागरपालिकाको साक्षरता विवरण

| **श्रेणी** | **जम्मा (प्रतिशत)** | **पूरुष (प्रतिशत)** | **महिला (प्रतिशत)** |
|---|---|---|---|
| पढ्न र लेख्न सक्ने | ५६.५ | ६२.५ | ५०.५ |
| पढ्न मात्र सक्ने | ०.५ | ०.५ | ०.४ |
| पढ्न र लेख्न नसक्ने | ४३.१ | ३७ | ४९.१ |

### १.३.५ शिक्षा क्षेत्रको योजना

विद्यालय क्षेत्र विकास योजना (SSDP) को पहिलो पाँचवर्षे कार्यान्वयन (वि.सं. २०७३-२०७८) समाप्त हुँदै गर्दा यसले शिक्षा क्षेत्रमा समता, गुणस्तर, सुशासन, र सक्षमता अभिवृद्धि गर्ने लक्ष्य राखेको थियो। संघीय संरचनाको कार्यान्वयनसँगै आधारभूत तथा माध्यमिक शिक्षाको प्रमुख जिम्मेवारी स्थानीय सरकारलाई हस्तान्तरण गरिएको छ। यस योजनाले विद्यार्थी भर्ना दर तथा कक्षा ८ सम्मको टिकाइ दरमा उल्लेखनीय सुधार ल्याए पनि कक्षा १० र १२ मा अपेक्षित उपलब्धि हासिल गर्न सकेन। गुणस्तरीय शिक्षाको लागि पाठ्यक्रम परिमार्जन, शिक्षक तालिम, र समावेशी शिक्षा योजनाहरू सञ्चालन गरिए तापनि विद्यार्थी सिकाइ उपलब्धिमा उल्लेखनीय वृद्धि देखिएन। संघीय संरचनाको संक्रमणकालीन अवस्थाले कार्यक्रम कार्यान्वयनमा चुनौतीहरू थप्यो। विशेष गरी, विद्यालय क्षेत्र विकास कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्न तीन तहका सरकारहरू बीचको स्पष्ट जिम्मेवारी निर्धारण, अनुगमन प्रणाली सुधार, र शिक्षक सहायता प्रणालीको आवश्यक देखिएको छ। तसर्थ, शिक्षा क्षेत्रमा दिगो सुधारका लागि स्थानीय सरकार, शिक्षक, र समुदायको भूमिकालाई थप प्रभावकारी बनाउन आवश्यक छ। त्यसलाई मध्यनजर गरि शिक्षा क्षेत्रको योजना बनाउनु पर्ने आवशयकता महसुस भएको हो।

### १.३.६ दिगो विकासका लक्ष्य र ईशनाथ नगरपालिका

नेपाल सरकारले सन् २०३० सम्मका लागि दिगो विकास लक्ष्य (SDG) प्राप्त गर्ने प्रतिबद्धता जनाइ सकेको छ। विशेष गरी, SDG लक्ष्य ४ को रूपमा "सबैका लागि समावेशी र समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरू प्रवर्द्धन गर्ने" उद्देश्य राखिएको छ। नेपालले सन् २०१५ को इन्चोन घोषणापत्र र संयुक्त राष्ट्रसंघको साधारण सभाको निर्णय अनुरूप नेपाल राष्ट्रिय कार्यढाँचा तयार गरी यस लक्ष्यलाई कार्यान्वयन गरिरहेको छ। यस कार्यढाँचाले नेपालको संविधान अनुसार शिक्षालाई मौलिक हकका रूपमा स्थापित गर्दै सबै नागरिकलाई गुणस्तरीय शिक्षा उपलब्ध गराउने राज्यको जिम्मेवारीलाई स्पष्ट पारेको छ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ र अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ अनुसार ईशनाथ नगरपालिका शिक्षाका सबै तहमा समावेशी, समान पहुँचयुक्त, गुणस्तरीय र उत्तरदायी शिक्षा व्यवस्था गर्न बाध्यकारी रूपमा जिम्मेवार छ। विशेष गरी, नगरपालिकाले निर्धारण गरिएका SDG सूचकहरू अनुसार विद्यालय शिक्षामा पहुँच, भर्ना दर, विद्यार्थी टिकाइ दर, लैङ्गिक समानता, अपाङ्गता भएका बालबालिकाको समावेशिता, विद्यालय पूर्वाधार, शिक्षक क्षमता विकास जस्ता सूचकहरूमा प्रगति गर्नुपर्छ। नेपाल सरकारले सन् २०१९, २०२२, २०२५ र २०३० का आधारवर्ष राखेर शिक्षा क्षेत्रको वार्षिक समीक्षा गर्दै आएको छ। यस समीक्षाले देखाएको तथ्याङ्क अनुसार, अनिवार्य र निःशुल्क शिक्षा ऐन २०७५ को कार्यान्वयनले गरिब, सीमान्तकृत र आर्थिक रूपमा पछाडि परेका समुदायका बालबालिकाहरूको विद्यालय शिक्षामा पहुँच वृद्धि भएको देखिए तापनि सिकाइ उपलब्धिमा अपेक्षित सुधार हुन नसकेको समस्या औंल्याएको छ। यस सन्दर्भमा, ईशनाथ नगरपालिकाले दिगो विकास लक्ष्य हासिल गर्न पालिकागत रुपमा विद्यालय शिक्षामा पहुँच र गुणस्तर सुधार – विद्यालय भर्ना दर र शिक्षामा टिकाइ दर बढाउने, शिक्षकको दक्षता अभिवृद्धि गर्ने, र शिक्षामा नवीनतम प्रविधिको प्रयोग बढाउने। संघीय सरकार र प्रदेश सरकारका शिक्षा सम्बन्धी निर्देशिकाहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै विद्यालय शिक्षाको अनुगमन तथा मूल्याङ्कन प्रणाली सुदृढ गर्ने। विद्यालयको भर्ना, उपस्थिति, सिकाइ उपलब्धि, शिक्षण स्रोत साधन तथा बजेट व्यवस्थापनलाई डिजिटल प्रणालीमा एकीकृत गर्दै पारदर्शी सूचना व्यवस्थापन गर्ने। सीमान्तकृत समुदायका बालबालिकाहरूको समावेशीकरण – अपाङ्गता भएका, गरिब तथा लैङ्गिक असमानतामा रहेका विद्यार्थीहरूलाई लक्षित कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गर्ने। दिवा खाजा, छात्रवृत्ति, विद्यालय पूर्वाधार तथा शैक्षिक सामग्रीको सुनिश्चितताका लागि स्रोत परिचालन तथा साझेदारी विकास गर्ने। त्यसै गरि

नेपालको SDG लक्ष्य ४ अनुरूप ईशनाथ नगरपालिकाले शिक्षा क्षेत्रमा आफ्नो नैतिक, कानूनी र प्रशासनिक दायित्व बहन गर्दै शिक्षामा गुणस्तरीयता, समावेशिता तथा दिगोपन ल्याउन प्रभावकारी नीति तथा योजनाहरू कार्यान्वयन लक्ष्य लिएको छ । नगरपालिकाले संघीय सरकार र राष्ट्रिय योजना आयोगको समीक्षामा प्रस्तुत गर्नुपर्ने प्रगति विवरणहरू सुदृढ पार्दै शिक्षामा देखिएको असमानतालाई कम गर्न र सिकाइ उपलब्धि सुधार्न ठोस कदम चाल्नुका निम्ति यो नगर शिक्षा योजना २०८१/०८२ देखि २०८५/०८६ सम्मका लागि तयार पार्न वान्छिनिय भएको छ।

## १.४ ईशनाथ नगरपालिकाको शिक्षा क्षेत्रका मुख्य चुनौतिहरु

१. भौतिक संरचना बालमैत्री,लैंगिक मैत्री,अपांग मैत्री बनाउन यथेष्ट कार्य हुन सकेको छैन ।
२. करिव १-१२ कक्षामा विधालय बाहिर रहेका ५६ प्रतिशत बालबालिका शिक्षाको पहुचमा ल्याउन नसक्नु ।
३. बिधालय भर्ना भएका बालबालिकाको सिकाई उपलब्धि न्यून र टिकाउदर १- १० कक्षासम्म ५५.१ मात्र रहेकोले सिकाई उपलब्धि र टिकाउदर बढाउने कार्यक्रम ल्याउन नसकिएको ।
४. अनिवार्य तथा निशुल्क शिक्षा ऐन,२०७५, दिगो बिकास लक्ष्य,शिक्षा क्षेत्र योजनाको,पन्ध्रौं योजनाको मर्म र भावना अनुसार विधालयलाई प्रबिधि मैत्रीबनाई कोभिड-१९ जस्ता महामारीमा पनि शिक्षण सिकाईलाई संचालन गर्न भौतिक उपस्थितिको विकल्पको खोजि हुन् नसकेको ।
५. अन्तराष्ट्रिय मापदण्ड अनुसार शिक्षाका लागि कुल बजेको २० प्रतिशत बिनियोजन गर्नु पर्ने भएता पनि संघ र स्थानीय तहमा पनि आवशयक बजेट बिनियोजन हुन् सकेको छैन ।
६. शिक्षकको पेशागत विकासका लागि शानिया तहमा भरपर्दो संयन्त्रको बिकास गर्न नसकिनु ।
७. विद्यार्थिहरुको शिक्षण सहयोगका लागि थप प्रोतसाहनका कार्यक्रम हुन नसकेको ।
८. विद्यार्थी अनुसारको शिक्षक अनुपात व्यवस्थापन हुन नसकेको ।
९. भौतिक पूर्वाधारहरु राष्ट्रिय मापदणड २०८० अनुसारको नभएको ।
१०. स्थानीय पाठ्यक्रम बनाई लागु गर्न नसकेको ।
११. विद्यालय भन्दा बाहिर रहेको विद्यालय उमेर समूहको बालबालिकालाई औपचारिक शिक्षामा सामेवश गर्न चुनौति रहेको ।
१२. निरक्षर नागरिकलाई साक्षर वनाउनका लागि सामुदायिक सिकाई केन्द्रको व्यवस्थापन, विस्तार र संचालन प्रभावकारी हुन नसकेको ।
१३. सीप मुलक तालिम र जीवनउपयोगी शिक्षा कार्यक्रम प्रभावकारी रुपमा संचालन गर्न नसकेको ।
१४. विद्यालयको शैक्षिक तथ्याकं व्यवस्थापन हुन नसकेको ।
१५. विद्यालय शिक्षामा शुसासन र प्रादर्शिता हुन नसकेको ।
१६. बालविकासलाई मापदणड अनुसारको वनाउन नसकिनु ।
१७. औनपचारिक शिकासँग सम्वन्धित राष्ट्रिय सक्षमता प्रारुप लागु गर्न नसक्केको ।
१८. निरक्षर नगारीकलाई साक्षर वनाउन र पालिका नै साक्षर घोषण गर्न नसक्नु ।

## १.५. ईशनाथ नगरपालिकाको शिक्षा क्षेत्रको विकासका लागि मुख्य अवसरहरु

१. नगरपालिकामा शिक्षक दरबन्दी न्यून रहेका बिधालयमा शिक्षक बिधार्थी अनुपात समायोजन गर्न नगर स्वयंसेवक शिक्षकको व्यवस्था गरिएको,
२. बालाबिकासा सहजकर्ताका लागि क्षमता बिकास गर्न प्रेत्यक बर्ष दिनको क्षमता बिकास कार्यशाला संचालन,

३. मा.बि.का प्रेत्यक बालबालिकाको सिकाईउपलब्धि न्यून रहेका बिधार्थिका लागि अतिरिक्त कक्षाको व्यवस्था गरिएको ।
४. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ विकास भई कार्यान्वयन प्रारम्भ भएको ।
५. शिक्षण सिकाईमा प्राविधिक सहायो गर्न नगरस्तरमा एउटा बिज्ञं समूह गठन गरिएको,
६. मा.बि.बिधालयमा ICT, र Sciencelab को व्यवस्था भएको र कम्प्युटर सिक्न चाहने बिधार्थी शिक्षक र अभिभावकलाई अमेर अवसर प्रदान,
७. प्रत्येक बिधालयको बिधालय सुशासन, आर्थिक पारदर्शिता कायम गर्न लेखा परीक्षण,सामाजिक परिक्षण,IEMIS अध्यावधिक आदि कार्यलाई प्रभावकारी बनाईएको,
८. नगर प्रमुख, शिक्षा शाखा,र बिज्ञं सहितको तोती बनाई joint monitoring गर्ने कार्य को प्रारम्भ भएको,
९. प्रत्येक महिना प्रा.अ बैठक गर्ने र बिधालयमा स्ताफा बैठकलाई निरन्तरता दिएको,
१०.स्थानीय तहको सामाजिक सांस्कृतिक भौगिलिक अवस्थालाई समेटेर स्थानीय पाठ्यक्रम निर्माण गर्न समिति गठन

## १.६. ईशनाथ नगरपालिकाको शिक्षा क्षेत्रको योजना निर्माण प्रक्रिया

यस पालिका शिक्षा क्षेत्र योजना विशेष गरि नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट नीतिगत मार्गदर्शन २०८१ अनुरुप पश्चात वि.स..२०८१ को भदौ महिनाबाट यो योजनाको शुरुवात भएको हो । योजना निर्माणको क्रममा स्थानीय तहलाई शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तयार पारेको टुलकिटको तालिम प्रदान गरियो, त्यसपछि नगर स्तरीय सरोकारवालाहरु योजना सम्वन्धी अभिमुखि करण गरि प्रक्रिया अनुरुप योजना तर्जुमा समिति र मस्यौदा लेखन समिति बनाई मस्यौदा लेखन कार्य अगाडी वढाए र विभिन्न सरोकारवलाहरु सुझाव भएपछि तयार गरिएको नगर शिक्षाको मस्यौदा हो । यसको आधारमा स्थानीय तहका योजना निर्माण गर्ने क्रममा नगरपालिकाले शिक्षाका लागि रणनीतिक योजना निर्माणको अभ्यास गरेको छ । विद्यालय शिक्षा क्षेत्रको योजना गर्न अपनाएको प्रक्रियाहरु :–

१. स्थानीय तहको बैठक
२. योजना निर्माण समिति गठन
३. शिक्षा क्षेत्रको विश्लेषण
४. सरोकारी निकायसँग छलफल
५. विद्यालयस्तरीय छलफल
६. योजनाको मस्यौदा तयारी
७. सरोकारवालासँग सुझाव समायोजन
८. योजनाको अन्तिमीकरण
९. बाह्य विज्ञद्धरा योजनाको लेखाजोखा र सूझाव संमायोजन
१०.योजना स्वीकृति तथा कार्यान्वयन

### १.६.१.शिक्षा योजना निर्माणमा विभिन्न स्रोत / सामग्रीहरुको अध्ययन तथा समिक्षा

यो नगर शिक्षा योजनाको त्यारीका लागि स्थानीय तहको शिक्षा योजना निर्माण सम्वन्धि मार्गदर्शन २०८० संस्करण २०८१ अनुरुप, स्थानीय तहका सरोकारवला निकायहरुलाई योजना बारे अभिमुखिकरण कार्यक्रम संचालन गरिएको थियो । सो कार्यक्रम शिक्षा योजना तयारीका लागि ७ सदस्यि योजना तर्जुमा समिति र ५ मस्यौदा लेख्न समिति चयन गरिएको थियो । त्यसमा

अवशयकता अनुसार अन्य उपसमिति तथा सरोकारवलाहरुसँग छलफल गरिएको थियो । जसमा तल दिएका १२ क्षेत्रमा अध्ययन र समिक्षा गरिएको थियो ।

१. बालविकास र शिक्षा
२. आधारभूत शिक्षा
३. माध्यमिक शिक्षा
४. पाठ्यक्रम तथा मूल्याङ्कन
५. शिक्षक व्यस्थापन तथा विकास
६. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ
७. समता र समावेशीकरण
८. दिवा खाजा, स्वास्थ्य तथा पोषण, छात्रवृत्ति, विद्यार्थी परामर्शलगायतका विद्यार्थी सहायता सेवाहरू
९. आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा
१०. शिक्षामा सूचना र प्रविधि
११. सुशासन तथा व्यवस्थापन
१२. अनुगमन तथा मूल्याङ्कन

यसरी समिक्षा तथा अध्ययन पशचात पहिलो मस्यौदा त्यारका लागि मस्यौदा लेख्न कार्यशालामा शिक्षा शाखा तथा मस्यौदा लेख्न समितिले यो पहिला योजनाको मस्यौदा तयार पारेको छ । यसलाई सरोकारवलाहरुको सुझाव सकलन र समावेश गरि अन्तिम मस्यौदा त्यार पारिने छ।

**१.६.२ योजनाको तयारी तथा विकासको संरचनात्मक व्यवस्था**

यो नगर शिक्षा तयारिका लागि स्थानीय विद्यालय शिक्षा क्षेत्र योजना निर्माण सम्वन्धि मार्गदर्शन २०८० संसकरण २०८१ को निर्देशित प्रक्रिया अनुसार, सुरुमा कार्याक्रमको अभिमुखिकरण र तयसका लागि निम्न समिति र उपसमितिहरु निर्माण गरिएको थियो ।

१. शिक्षा योजना तर्जुमा समिति
२. मस्यौदा लेख्न समिति वा कार्यदल

यस लागायत आवशयकता अनुसारको सूचना सकंलनका लागि उपसमितिहरु, प्रधानाध्यपकहरुसँग छलफल आदि गरिएको थियो ।

**१.६.२ योजनाको पहिलो मस्यौदा विकास**

यो नगरपालिकाको शिक्षा योजना निर्माणका लागि गठित शिक्षा योजना तर्जुमा समिति र मस्यौदा लेखन कार्यदलका सदस्यहरूले शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तयार पारेको टुलकिटको प्रयोग गरी शिक्षा सम्बन्धी तथ्यांक संकलन र विश्लेषण गरेका छन् । यस क्रममा उनीहरूले शिक्षाका सूचकहरूको अध्ययन गर्दै पहिलो मस्यौदा तयार गर्ने कार्य अघि बढाएका छन् । शिक्षा योजना लेखन कार्यशालामा सहभागी भई मस्यौदा निर्माण सम्पन्न गरिएको छ । अब यस मस्यौदामाथि सरोकारवालाहरूबाट सुझाव संकलन, आवश्यक समायोजन, बाह्य योजनासँगको तुलनात्मक विश्लेषण तथा समायोजनका प्रक्रिया पूरा गरी अन्ततः स्वीकृति प्रदान गर्दै कार्यान्वयनमा ल्याइने अपेक्षा नगरपालिकाले गरेको छ ।

# परिच्छेद २: दूरदृष्टि,  ध्येय, उद्देश्य, रणनीति तथा लक्ष्य

## २.१ परिचय

ईशनाथ नगरपालिकाको विद्यालय शिक्षा आगामी ५ वर्षको मार्ग पहिचानका लागि राष्ट्रिय शैक्षिक परिवेशको समीक्षा सहित उठान गरिएका मुख्य चुनौती, अवसर र सम्भावनाहरूको आधार सिर्जना गरेका छन् । यस सन्दर्भलाई ध्यानमा राख्दै, यस शिक्षा क्षेत्र योजनाले अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षा, नि:शुल्क माध्यमिक शिक्षा, सर्वसुलभ साक्षरता, निरन्तर शिक्षा, प्राविधि मैत्री आधुनिक सीपयुक्त विद्यालय शिक्षा तथा जीवन पर्यन्त सिकाइमा नेपालले वि. सं. २०८७ (सन् २०३०) सम्ममा प्राप्त गर्ने उपलब्धिहरूलाई समेट्ने उद्देश्य राखेको छ । यस योजनामा दूरदृष्टि (Vision), ध्येय (Mission), उद्देश्यहरू (Objectives), रणनीतिहरू (Strategies) तथा प्रमुख उपलब्धि सूचक (Key indicators), मानव संसाधनको विकास गर्दै समाजको आर्थिक तथा सामाजिक रुपान्तरणबाट नगरवासीको समृद्धीका लागियहाको शिक्षा क्षेत्रको समग्र विकास अत्यावश्यकछ। यसै सन्दर्भमा, ईशनाथ नगरपालिकाले आगामी ५ वर्षका लागि स्थानीय शिक्षा योजना तर्जुमा गरेको छ, जसले नगरको शैक्षिक प्रणालीलाई प्रभावकारी, समावेशी, र दिगो बनाउन रणनीतिक मार्गनिर्देशन प्रदान गर्नेछ। यसले संविधानको मर्म अनुरुपअनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षा, नि:शुल्क माध्यमिक शिक्षा, सर्वसुलभ साक्षरता, निरन्तर शिक्षा, प्राविधि मैत्री आधुनिक सीपयुक्त विद्यालय शिक्षा तथा जीवन पर्यन्त सिकाइका लागि गर्नुपर्ने उपलव्धिहरु समेटनका लागि यो विद्यालय शिक्षामा दूरदृष्टि (Vision), ध्येय (Mission), लक्ष्य (Goals), र उद्देश्यहरू (Objectives) जस्ता सूचकहरुको स्पष्ट रूपमा परिभाषित गरेको छ ।

## २.२ दूरदृष्टि

*"ईशनाथ नगरपालिका शैक्षिक अभियान शिक्षा, सामाजिक आर्थिक विकास, पूर्वाधार निर्माण, वातावरणीय दिगोपन तथा उन्त कृषी विकास गरी समृद्ध समाज निर्माण"*

## २.३ लक्ष्य

सबै विद्यालय जाने उमेर समुहका बालबालिकाहरुको साधारण तथा प्राविधिक शिक्षाको पहुँच सुनिश्चित गर्दै समतामुलक गुणस्तरीय शिक्षाको सुनिश्चित गर्ने ।

## २.४ प्रमुख उद्देश्यहरु :

यस ईशनाथ नगरपालिकाले ५ वर्षको विद्यालय शिक्षा योजनाका लागि निम्न लिखित उदेश्यहरु निर्धारण गरेको छः

१. अनिवार्य तथा निःशुल्क शिक्षामा सवै बालवलिकाको पहुच सुनिशिचित गर्ने ।
२. विद्यालय जाने उमेर समुहका अति सिमान्तकृत समुदाय तथा अपाङ्गता भएका बालवलिकाको समतामुल्क सहभागिता तथा सहज  शिक्षामा पहुँच वृद्दि गर्नु ।
३. प्रारम्भिक बालविकास शिक्षा, आधारभूततह, माध्यमिक तह, अनौपचारिक तथा आजीवन सिकाइ, प्राविधिक तथा व्यावसायिक तालिम र शिक्षा एवम् उच्च शिक्षामा गुणस्तर र सान्दर्भिकता सुनिश्चतगर्नु ।
४. सबै बालबालिकाहरूलाई सुरक्षित तथा बालमैत्री सिकाइ  वतावरण त्यारसँगै आपत्कालिन तथा सङ्कटपूर्ण परिस्थितिमा पनि बालबालिकाहरूको सिकाइ निरन्तरता दिने अवसर सिर्जना गर्नु ।
५. शैक्षिक सेवा प्रवाहमा सुशासन र व्यवस्थापन प्रणालीलाई सुदृढ गर्नु ,
६. शिक्षकहरुको पेशगत विकासमा सहयोग गरि नतिजामुल्क कार्यसम्पादन मुल्याकंन प्रणालीको विकास गरिने ।
७. नगरलाई साक्षर नगरको रुपमा घोषणा गर्ने ।

## २.५. रणनीतिहरु :

उल्लेखित उद्देश्यहरु प्राप्त गर्नका लागि निम्न लिखत रणनितिहरु तय गरीएको छ।

१. विद्यालय बाहिर रहेका बालबालिकाको पहिचान गरी विद्यालय शिक्षाको सुनिश्चित गर्ने ।
२. गुणस्तरी शिक्षा सुनिश्चित गर्न दक्ष जनशक्ति तथा शैक्षिक सामग्रीको व्यवस्थापन गर्ने ।
३. विद्यालयमा निर्माण हुने सबै प्रकारका भौतिक संरचनाहरु बालमैत्री,प्रबिधि मैत्री तथा विद्यालय भौतिक निर्माण राष्ट्रय मापदणड २०८० अनुरुपको बनाउने ।
४. वैकल्पिक सिकाईको माध्यमबाट ज्ञान सीप तथा आयआर्जन कार्यक्रमसँग आबद्ध गराउने र विद्यालयमा भर्ना हुन प्रोत्साहन गर्ने ।
५. विद्यार्थीको सिकाइ उपलब्धि अभिवृद्धि गर्नका लागि सुधार योजना निर्माण गरी कार्यान्यिन गर्ने ।
६. शिक्षणलाई प्रभावकारी बनाउनका लागि मागमा आधारित तालिमको व्यवस्थापन गर्ने ।
७. प्राविधिक शिक्षा का माध्यमबाट दक्ष जनशक्ति तयार गर्न अवसर प्रदान गर्ने गर्ने ।
८. नगरलाई पूर्ण साक्षरको रुपमा घोषणा गर्ने ।

## २.६ अपेक्षित मुख्य उपलब्धि

योजनाको अन्त्यसम्ममा निम्नानुसारको उपलब्धि प्राप्त हुनेछ:

१. प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव सहित कक्षा १ मा प्रवेश गर्ने बालबालिकाहरूको दरमा वृद्धि हुनेछ ।
२. आधारभूत शिक्षाको उमेर समूहका सबै बालबालिकाले न्यूनतम सिकाइ सक्षमता सहित आधारभूत तह पूरा गर्नेछन् ।
३. शिक्षक र विद्यार्थी अनुपात सुधार भई गुणस्तरीय शिक्षा प्रदान हुनेछ ।
४. माध्यमिक विद्यालय उमेरका सबै बालबालिकाले विद्यालयमा भर्ना भई गुणस्तरीय माध्यमिक शिक्षा प्राप्त गर्नेछन् ।
५. आवश्यकतामा आधारित अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका अवसरहरू सबैका लागि सुनिश्चित भई साक्षर, आत्मनिर्भर र सचेत सिकाइ समाज निर्माणमा योगदान हुनेछ ।
६. विद्यालयमा अध्ययनरत सबै बालबालिकाको स्वास्थ्य तथा पोषण सुधार, मनोसामाजिक क्षमता अभिवृद्धि, र सिकाइ उपलब्धिमा वृद्धि गर्दै सुरक्षित, आकर्षक र समावेशी सिकाइ वातावरणमा उनीहरूको पूर्ण पहुँच र सक्रिय सहभागिता सुनिश्चित गरिनेछ।
७. विद्यालय शिक्षा पद्धतिमा सुशासन कायम भई योजना तथा कार्यक्रम कार्यान्वयनमा नतिजामुखी प्रणाली स्थापित हुनेछ ।
८. सक्षम र अभिप्रेरित शिक्षकद्वारा सिकारु केन्द्रित सिकाइ क्रियाकलापमा आधारित शिक्षण सिकाइको माध्यमबाट विद्यार्थीको सिकाइ उपलब्धि सुधार हुनेछ ।
९. विद्यालय तहको शिक्षा अनिवार्य र निशुल्क रुपमा व्यवस्थापन भई हरेक बालबालिकाको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागिता सहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुनेछ ।
१०.आपतकालीन तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाको सुरक्षा सहित शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित हुनेछ ।
११.सबै विद्यालयमा आवश्यक सक्षमताका आधार पूरा भई बालमैत्री तथा अपाङ्गता मैत्री भौतिक पूर्वाधार सहितको सिकाइ वातावरण तयार हुनेछ ।
१२.विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालयमा आई र विद्यालयमा निरन्तर कक्षामा सहभागी भएको हुने छ ।
१३. नगर साक्षर नगरको रुपमा घोषणा भएको हुने छ ।

## २.७ मुख्य कार्यसम्पादक सूचक र लक्ष्य निर्धारण

ईशनाथ नगरपालिकाको ५ वर्षे शिक्षा क्षेत्रको योजना (वि.स २०८१ देखि २०८५) का मुख्य कार्य सम्पादन सूचक तथा परिमाणात्मक लक्ष्य निम्न बमोजिम निर्धारण गरीएको छः

तालिका न. ९, ईशनाथ नगरपालिका मुख्य शैक्षिक सूचक विवरण

| क्र.सं. | सूचक | सूचकहरुको तहको | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | सूचकको स्रोत | तथ्याँकको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| **१.** | **प्रारम्भिक बालविकास र शिक्षा** | | | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा खुद भर्ना दर (प्रतिशत) | स्थानीय | ३७.४ | ४४.१ | ५२.१ | ६१.५ | ७२.६ | | |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षामा कुल भर्ना दर(प्रतिशत) | स्थानीय | ४७.७ | ५४.५ | ६२.४ | ७१.३ | ८१.६ | | |
| १.३ | ECED मा सहजै देखिने भर्ना दरमा लैङ्गिक समता सूचांक | स्थानीय | ०.७ | ०.७ | ०.७ | १. | १. | | |
| १.४ | ECED को खुद भर्ना दरमा लैङ्गिक समता सूचांक | स्थानीय | ०.८ | ०.८ | १. | १. | १. | | |
| १.५ | ECED मा भर्ना भएका बालबालिकामध्ये दलित बालबालिकाको प्रतिशत | स्थानीय | ३. | ४. | ५.५ | ७.५ | १०.१ | | |
| १.६ | ECED मा भर्ना भएका बालबालिकामध्ये कम तथा बढी उमेरका बालबालिकाको प्रतिशत | स्थानीय | २१.१ | ११.६ | ६.३ | ३.५ | १.९ | | |
| १.७ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका (प्रतिशत) | स्थानीय | ४८.९ | ५४.१ | ५९.८ | ६६.१ | ७३.१ | | |
| **२.** | **आधारभूत शिक्षा (कक्षा १ - ८)** | | | | | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर (प्रतिशत) | स्थानीय | ६७.८ | ७१.४ | ७५.२ | ७९.२ | ८३.४ | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (प्रतिशत) | स्थानीय | ९९.८ | ८९.९ | ८१. | ७३. | ६५.८ | | |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर प्रतिशत | स्थानीय | १२८. | १२०.३ | ११३.१ | १०६.३ | ९९.९ | | |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर प्रतिशत | स्थानीय | १५७.२ | १३८.७ | १२२.३ | १०७.९ | ९५.१ | | |
| २.७ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर प्रतिशत | स्थानीय | ८२.३ | ८४.४ | ८६.५ | ८८.७ | ९१. | | |
| २.८ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर प्रतिशत | स्थानीय | ७२.१ | ७४.३ | ७६.५ | ७८.८ | ८१.२ | | |
| २.११ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर प्रतिशत | स्थानीय | ९५.७ | ९७. | ९८.२ | ९९.५ | १०० | | |
| २.१२ | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर प्रतिशत | स्थानीय | ११५.५ | ११२. | १०८.७ | १०५.४ | १०० | | |
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर प्रतिशत | स्थानीय | ५९.९ | ६१.७ | ६३.५ | ६५.५ | ६७.४ | | |
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर(प्रतिशत) | स्थानीय | ५५. | ५६.७ | ५८.५ | ६०.४ | ६२.३ | | |
| २.१५ | आधारभूत तह(कक्षा १-८) कूल भर्ना दरमा लैङ्गिक समता सूचक | स्थानीय | १.३ | १.३ | १. | १. | १. | | |
| ३.१६ | आधारभूत तह(कक्षा १-८) खुद भर्ना दरमा लैङ्गिक समता सूचक | स्थानीय | १.२ | १.२ | १. | १. | १. | | |
| २.१९ | विद्यालय बाहिर रहेका बालबालिका १-८ कक्षा भन्दा बाहिर (प्रतिशत) | स्थानीय | -९.२ | ०. | ०. | ०. | ०. | | |
| २.२ | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या(प्रतिशत) | स्थानीय | ७९.१ | ७९.३ | ७९.६ | ७९.८ | ८०. | | |
| | ३. **माध्यमिक शिक्षा (कक्षा ९-१२)** | | | | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर प्रतिशत | स्थानीय | १५.९ | २१.२ | २८.२ | ३७.५ | ४९.८ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर प्रतिशत | स्थानीय | | २९.३ | ३५.९ | ४३.९ | ५३.८ | ६५.९ | | |
| ३.३ | माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक(कक्षा ९-१२) | स्थानीय | | १.३ | १.३ | १.३ | १.३ | १.३ | | |
| | माध्यमिक तहमा खुद भर्ना दरमा लैङ्गिक समता सूचक(कक्षा ९-१२) | स्थानीय | | १.२ | १.२ | १.२ | १.२ | १.३ | | |
| ३.४ | कक्षा १ का जम्मा बिद्यार्थीमध्ये कक्षा १० को अन्त्यसम्म टिक्नेको दर | स्थानीय | | ५५.१ | ५७. | ५९. | ६१. | ६३.१ | | |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (प्रतिशत) | स्थानीय | | ५६.९ | ५८.९ | ६०.९ | ६३. | ६५.१ | | |
| ३.६ | कक्षा १ का जम्मा बिद्यार्थीमध्ये कक्षा १० तथा माध्यमिकत्तह (कक्षा १-१०) पुरा गर्नेको दर | स्थानीय | | ५२.४ | ५४.१ | ५५.८ | ५७.५ | ५९.४ | | |
| ३.७ | विद्यालय बाहिर रहेका बालबालिका १-१२ कक्षा भन्दा बाहिर (प्रतिशत) | स्थानीय | | ५५.९ | ५५.५ | ५५.२ | ५४.८ | ५४.५ | | |
| ३.८ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या प्रतिशत | स्थानीय | | ८८.९ | ९१.६ | ९४.३ | ९७.१ | १००. | | |
| **४.** | **जिवन-पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा** | | | | | | | | | |
| ४.१ | साक्षरता दर (१५ वर्ष भन्दा माथि) (प्रतिशत) | स्थानीय | | ७१.५ | ८०. | ९०. | ९५. | १००. | | |
| ४.२ | साक्षरता दर (५ वर्ष भन्दा माथि) (प्रतिशत) | स्थानीय | | ३२.२ | ८०. | ९०. | ९५. | १००. | | |
| ४.३ | साक्षरता दर (१५-२४ उमेर समूह) (प्रतिशत) | स्थानीय | | ८१.५ | ८०. | ९०. | ९५. | १००. | | |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता (१५ वर्ष भन्दा माथि) | स्थानीय | | १.१ | १. | १. | १. | १. | | |
| ५. | **प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास तालिम** | | | | | | | | | |
| ५.१ | प्राविधिक तथा व्यावसायिक सीप विकास तथा तालिम प्राप्त आर्थिक रूपले सक्रिय | स्थानीय | | | | | | | | |
| ५.२ | | स्थानीय | छात्रा | | | | | | | |
| | | | छात्र | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्राविधिक तथा व्यावसायिक शिक्षा(कक्षा ९-१२ वा डिप्लोमा वा प्रि-डिप्लोमा वा सो सरह)उत्तीर्णजनशक्ति (वार्षिक सङ्ख्या) | | छात्र | | | | | | | |
| | | | छात्र | | | | | | | |
| | | | **६. सुशासन तथा व्यवस्थापन** | | | | | | | |
| ६.१ | आधारभूत तह (कक्षा१-५) मा विद्यार्थीःशिक्षक अनुपात(सामुदायिक विद्यालय) | स्थानीय | | २६१. | २५०. | २००. | १५०. | १००. | | |
| ६.२ | आधारभूत तह (कक्षा६-८) मा विद्यार्थीःशिक्षक अनुपात(सामुदायिक विद्यालय) | स्थानीय | | ४११.५ | ३००. | २५०. | १००. | ५०. | | |
| ६.४ | माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थीःशिक्षक अनुपात(सामुदायिक विद्यालय) | स्थानीय | | ९१.७ | ८०. | ७०. | ६०. | ४० | | |
| ६.५ | माध्यमिक तह (कक्षा११-१२) मा विद्यार्थीःशिक्षक अनुपात | स्थानीय | | ४५५. | ३००. | २००. | १५०. | १००. | | |
| | | | **७. शिक्षामा लगानी** | | | | | | | |
| ८.१ | कूल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट(प्रतिशत) | स्थानीय | | २० | २५ | २५ | ३० | ३० | | |
| ८.२ | आधारभूत तह (कक्षा १-८) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | | ३५००० | ३५००० | ४०००० | ४०००० | ४०००० | | |
| ८.३ | माध्यमिक तह (कक्षा९-१२) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | | ४०००० | ४०००० | ४०००० | ४५००० | ४५००० | | |

स्रोत : शिक्षा शाखा, EMIS, टुलकिट २०८०

# परिच्छेद: ३

# विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरु

## ३.परिचय

ईशनाथ नगरपालिकाले विद्यालय शिक्षा क्षेत्र योजना सन् २०२५-२०२९ सम्मका लागि पाँच वर्षीय योजना तयार गरेको छ । जहाँ विद्यालय शिक्षाको दूरदृष्टि, लक्ष्य, उद्देश्य तथा रणनीति पहिचान गर्दै प्रमुख क्रियाकलापहरू र लागत अनुमान समेत गरि प्रस्तुत गर्ने प्रयास गरएको छ । यस योजनामा विशेष गरि बाल विकास, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, प्राविधिक शिक्षा, अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ सम्बन्धी वर्तमान अवस्थाको समग्र समीक्षा गरिएको छ । साथै, योजनाको आवश्यकता तथा प्राथमिकता पहिचान गर्दै तिनलाई सम्बोधन गर्ने उद्देश्य, रणनीति तथा लक्ष्यहरू निर्धारण गरिएका छन् । अतः ईशनाथ नगरपालिकाले विद्यालय शिक्षा क्षेत्रको समग्र सुधार गर्दै गुणस्तरीय शिक्षा प्रवर्द्धन, शिक्षामा समान पहुँच, तथा दिगो विकास सुनिश्चित गर्ने लक्ष्यका साथ यो योजनाहरु तर्जुमा गरि त्यसलाई कार्यान्वयनको दिशामा अगाडि बढने अठोट राखेको छ ।

## ३.१.प्रारम्भिक बालविकास र शिक्षा

### ३.१.१ परिचय

समान्यतया ४ वर्ष उमेर भन्दा मुनिका बालबालिकाहरूको शारीरिक, मानसिक, बौद्धिक, संबेगात्मक र सामाजिक विकासको समग्ररुपमा विकास बाल विकास हो । यस उमेरमा बालबालिकामा स्वस्थकर बानीको विकास, सुरक्षाका उपाय अवलम्बन गर्ने क्षमताको बिकास, सिर्जनात्मक सोचको विकास र भाषिक तथा सञ्चार र सीपको विकास गराउन दिइने शैक्षिक अवसर वा शिक्षा नै बालशिक्षा हो ।प्रारम्भीक बाल विकास र शिक्षाको पाठ्यक्रम उमेरगत विकासात्मक पक्षलाई ध्यान दिई एकीकृत सिद्धान्तका आधारमा विकास गरिएको छ । फलस्वरूप सिकाइको तत्परतामा उल्लेख्य प्रगति भएको पनि प्रदेश स्तरमा होस या नगरस्तर गणितीय सिपको उपलब्धी न्यून देखिन्छ । त्यसैले प्रारम्भिक तहका सिकाई मापदण्डको प्रयोग गरि बालबालिकाको शारीरिक, संवेगात्मक, सांस्कृतिक, भाषिक, सामाजिक तथा संज्ञानात्मक पक्षको विकासको मापन गर्न जरुरी छ ।

### ३.१.२.वर्तमान अवस्था

ईशनाथ नगरपालिकामा हाल सामुदायिक तथा संस्थागत गरी ४८ वटा बालविकास केन्द्रहरू सञ्चालनमा छन्, जसमा ३३ वटा सामुदायिक विद्यालयहरूमा सञ्चालित छन्। ती सामुदायिक केन्द्रहरूमा ३३ जना सहजकर्ताहरू कार्यरत छन्, जसमध्ये २१ जना मात्र तालिम प्राप्त छन् भने ११ जनाले अझै तालिम लिन बाँकी छ। संस्थागत बालविकास केन्द्रहरूमा कार्यरत सहजकर्ताको संख्या यकिन गर्न बाँकी छ। यस नगरपालिकामा प्रारम्भिक बालविकास शिक्षाको क्षेत्रमा केही सशक्त अभ्यासहरू पनि देखिन्छन्, जस्तैः विद्यालयहरूमा पुस्तकालय सहितको पठनपाठन सञ्चालन, र ३३ वटा बालविकास केन्द्रमध्ये ८ वटा केन्द्रहरूले न्यूनतम सक्षमता पुरा गरेका छन् भने १६ वटा केन्द्रहरूले अझै सुधार आवश्यक देखिन्छ । उपलब्ध तथ्याङ्कअनुसार प्रारम्भिक बालविकास तथा शिक्षामा खुद भर्ना दर ३७.४प्रतिशत तथा कुल भर्ना दर ४७.७ प्रतिशत रहेको छ, जसले शिक्षाको पहुँच अझै

सुधार गर्नुपर्ने आवश्यकता देखाउँछ। लैङ्गिक समता सूचकाङ्क अनुसार कुल भर्ना दरमा ०.७ र खुद भर्ना दरमा ०.८ रहेको छ, जसले केटीहरूको भर्ना दर केटाहरूको तुलनामा कम रहेको सङ्केत गर्छ।

प्रारम्भिक तहमा दलित समुदायका बालबालिकाको भर्ना दर मात्र ३प्रतिशत रहेको छ, जसले सामाजिक समावेशीकरण अझै ध्यान दिनुपर्ने देखिन्छ। साथै, कम वा बढी उमेरका बालबालिका भर्ना हुने दर २१.१प्रतिशत रहेको छ, जुन उमेरअनुसारको भर्ना व्यवस्थापनमा चुनौतीको रूपमा देखिन्छ। प्रारम्भिक बालविकास शिक्षा प्राप्त गरी कक्षा १ मा प्रवेश गर्ने दर ४८.९प्रतिशत मात्र रहेको छ, जुन अझ सुधार गर्न आवश्यक छ। यी सबै तथ्याङ्कहरूले प्रारम्भिक बालविकास तथा शिक्षाको पहुँच, समावेशीकरण, र उमेरअनुसारको भर्ना सुधार गर्न विशेष ध्यान दिनुपर्ने आवश्यकता औंल्याउँछन्। यद्यपि बालविकास केन्द्रहरूको भौतिक संरचना बालमैत्री हुन सकेको छैन, केही सकारात्मक पक्षहरू पनि छन्। केन्द्रहरूमा स्वास्थ्य जाँच, दिवा खाजा व्यवस्थापन प्रभावकारी ढङ्गले गरिएको छ। त्यस्तै ४ वटा केन्द्रहरूमा अडियोभिडियो प्रयोग गरी शिक्षण प्रक्रिया अघि बढाइएको छ, जुन प्रविधिमैत्री अभ्यासको रूपमा लिन सकिन्छ। ३३ वटा सामुदायिक बालविकास केन्द्रहरूमा कार्यरत सहजकर्ताहरूको तलब सङ्घीय अनुदान तथा स्थानीय सरकारको आंशिक सहयोगबाट व्यवस्थापन भइरहेको छ। प्रारम्भिक बालविकास शिक्षालाई प्रभावकारी बनाउन नीति निर्माण, समन्वय, र बजेट विनियोजनमा नगरपालिकाले उच्च प्राथमिकता दिनु आवश्यक देखिन्छ। यसका लागि स्थानीय तह, समुदाय, विद्यालय व्यवस्थापन समिति तथा अन्य सरोकारवालाबीच समन्वय गर्दै आवश्यक सुधारका उपायहरू अवलम्बन गर्नुपर्छ।

तालिका १० ईसीडीको सूचकहरुको अवस्था

| सूचक विवरण | प्रतिशत |
|---|---|
| ५ वटा न्युनतम न्यूनतम सक्षमताका मापदण्डहरूमध्ये कम्तिमा ३ वटा मापदण्डहरू (Minimum Enabling Standards) पुरा गर्ने ECED केन्द्र/कक्षाहरू | ५५ |
| ECED केन्द्र/कक्षाहरूमा अध्ययनरत बालबालिकाहरूमध्ये सिकाई सामग्रीको Set प्राप्त गर्ने सङ्ख्या | ६५ |
| ECED केन्द्र/कक्षाहरूमा अध्यापनरत शिक्षक/शिक्षिकाहरू मध्ये कम्तिमा १५ दिने तालिम प्राप्त गर्नेको सङ्ख्या | ६० |
| प्रारम्भिक बालविकास र शिक्षामा खुद भर्ना दर (प्रतिशत) | ३७..४ |
| प्रारम्भिक बालविकास र शिक्षामा कुल भर्ना दर (प्रतिशत) | ४७.७ |
| ECED मा सहजै देखिने भर्ना दरमा लैङ्गिक समता सूचांक | ०.७ |
| ECED को खुद भर्ना दरमा लैङ्गिक समता सूचांक | ०.८ |
| ECED मा भर्ना भएका बालबालिकामध्ये दलित बालबालिकाको प्रतिशत | ३ |
| ECED मा भर्ना भएका बालबालिकामध्ये कम तथा बढी उमेरका बालबालिकाको प्रतिशत | २१.१ |
| प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका (प्रतिशत) | ४८.९ |
| बालवलिका र सहजकर्ताको अनुपात | २० |

### ३.१.३ समस्या तथा चुनौतिहरु

५५ प्रतिशत बालविकास केन्द्रहरूले मात्र न्यूनतम सक्षमता मापदण्ड पूरा गरेका छन् भने बाँकी ४५ प्रतिशतले पूरा गर्न नसक्नु।

१. बालविकास केन्द्रहरूमा अध्ययनरत बालबालिकाका लागि ३५ प्रतिशत केन्द्रहरूमा मात्र शिक्षण सामग्रीहरू पुऱ्याउन सकिनु।
२. ४० प्रतिशत सहजकर्ताहरूलाई तालिम दिन नसक्नु।

३. कुल भर्ना दर ४७.७ प्रतिशत र खुद भर्ना दर ३७.४ प्रतिशत मात्र हुनु।
४. सहजै देखिने भर्ना दर र खुद भर्ना दरको लैङ्गिक समता सूचांक केही असमान हुनु।
५. ३ प्रतिशत दलित बालबालिका मात्र ECD मा अध्ययनरत रहनु र बाँकी ९७ प्रतिशत दलित बालबालिकाहरूलाई ECD मा भर्ना गराउन नसक्नु।
६. ECED मा भर्ना भएका बालबालिकामध्ये कम तथा बढी उमेरका बालबालिकाको प्रतिशत अझ पनि २१.१ प्रतिशत रहनु।
७. ५१ प्रतिशत बालबालिका बालविकास कक्षाको अनुभव नलिई सिधै कक्षा १ मा भर्ना हुनु।
८. सबै बालविकास केन्द्रहरूमा बहुभाषिक शिक्षण विधि तथा एकीकृत पाठ्यक्रम अनुरूप सहजीकरण गर्न केही कठिनाइ हुनु।
९. बालबालिकाहरूमा सिकाई स्तर घट्नु।
१०. २९ वटा बालविकास केन्द्रहरूमा अडियो-भिडियोको सुविधा पुऱ्याउन नसक्नु।
११. प्रारम्भिक बाल हेरचाह, पोषण, सुरक्षा तथा सिकाइका सम्बन्धमा अभिभावकहरूलाई जागृत गराउन नसक्नु।
१२. बालविकासको सिकाई प्रक्रियालाई बालमैत्री, व्यवहारिक र प्रविधिमैत्री बनाउन अपर्याप्त हुनु।
१३. सहजकर्ताको पारिश्रमिक वृद्धि नहुनु।
१४. भौतिक पूर्वाधारहरूलाई बालमैत्री र अपाङ्गमैत्री सहित राष्ट्रिय मापदण्ड अनुसार निर्माण र सबलीकरण गर्न नसक्नु।
१५. सबै विद्यालयमा बालबालिकाको सर्वाङ्गीण विकासका लागि अतिरिक्त क्रियाकलापको व्यवस्थापन हुन नसक्नु।

**३.१.४ उदेश्यहरु**

यस पालिकाको प्रारभ्भिक बालविकास तथा शिक्षाको क्षेत्रमा देहाय बमोजिमको हुने छ

१६. ५ बर्ष मुनिको सबै बालबालिकाहरुलाई प्रारभ्भिक बालविकास तथा शिक्षामा समान पहुँच सुनिश्चत गरिने छ ।
१७. बालविकास केन्द्रहरूलाई प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम सक्षमता मापदण्ड अनुसारको गुणस्तरीय बनाउने छ ।
१८. बालबालिका अनुपात अनुसार तालिम प्राप्त सहजकर्ताको व्यवस्थापन गरिने छ ।
१९. बालमैत्री भौतिक पूर्वाधार तथा शिक्षण सिकाई व्यवस्थापन हुने छ ।
२०. बालबालिकाहरुको सिकाई स्तर वृद्धिका लागि कार्यक्रम संचालन गरिने ।
२१. शिक्षणमा बहुभाषीक शिक्षण विधि र एकिकृत पाठ्यक्रम अनुसारको प्रभावकारी कक्षा शिक्षणका लागि सहजकर्ताहरुलाई तालिम दिईने छ ।
२२. भर्ना अभियान मार्फत विद्यालय बाहिर रहेको दलित तथा अन्यस सिमान्तकृत समुदायका बालबालिकालाई विद्यालयमा भर्ना गराईने छ ।
२३. बालवलिकाहरुको स्वास्थ्य तथा पोषणमा सुधार ल्याउन सहजकर्ताहरुलाई मनौसमाजिक तथा स्यार तालिम दिईने छ।
२४. विद्यालयको सरसफाइ तथा सुरक्षित खानेपानीलाई सवलिकरण गरिने छ ।

२५. कक्षा शिक्षणलाई समावेशी वनाउनका लागि बालवलिकाको अपाङ्गता पहिचान गरि विषेश कक्षा शिक्षणको व्यवस्था मिलाईने छ ।

### ३.१.५ रणनीति

योजनाका उदेश्यहरु हासिल गर्न निम्नलिखित रणनीतिहरु अबलम्बन गरिनेछ ।

१. अति सिमान्तकृ समुदायका बालबालिकालाई बालविकास केन्द्रको पहुँचमा ल्याउन भर्ना अभियानसँगै अतरिक्त सचेतना सम्वन्धी क्रियाकलाप संचालन गर्ने ।
२. अति सीमान्तकृत तथा दलित समुदायका बालबालिकालाई बालविकास केन्द्रको पहुँचमा ल्याउन विशेष भर्ना अभियानसँगै लक्षित सचेतनामूलक क्रियाकलापहरू सञ्चालन गर्नेछ।
३. हाल सञ्चालनमा रहेका बालविकास केन्द्रहरूको भौतिक अवस्था तथा भौगोलिक अवस्थितिको सर्वेक्षण गरी राष्ट्रिय मादण्ड अनुसार विकास तथा सबलीकरण गर्नेछ।
४. सबै सहजकर्ताहरूको पेसागत क्षमता अभिवृद्धिका लागि बहुभाषिक शिक्षण विधि तथा एकीकृत पाठ्यक्रमसम्बन्धी तालिम सञ्चालन गर्नेछ।
५. बालबालिकाहरूको सिकाई स्तर वृद्धिका लागि प्रविधिमैत्री, खेल-आधारित र व्यावहारिक शिक्षण पद्धति अपनाउने गर्नेछ।
६. दलित, सीमान्तकृत तथा विद्यालयको पहुँचबाहिर रहेका बालबालिकालाई शिक्षाको मूलधारमा ल्याउन एकीकृत घरदैलो तथा समुदायमा आधारित अभियान सञ्चालन गर्नेछ।
७. सहजकर्ताहरूलाई बाल मनोविज्ञान, मानसिक स्वास्थ्य, बाल पोषण र प्रारम्भिक बाल स्याहारसम्बन्धी विशेष तालिम प्रदान गर्नेछ।
८. प्रारम्भिक तवरमै अपाङ्गता भएका बालबालिकाको पहिचान गरी आवश्यकता अनुसार विशेष कक्षा शिक्षण तथा सहयोगी सामग्रीको व्यवस्था मिलाउने गर्नेछ।
९. भौतिक तथा शैक्षिक वातावरणलाई पूर्ण रूपमा बालमैत्री, सिकाईमैत्री, समावेशी, भयमुक्त र सुरक्षित बनाउने गर्नेछ।
१०. सबै बालविकास केन्द्रहरूमा बालबालिकाको सहज पहुँच हुने गरी सुरक्षित खानेपानी, बालमैत्री शौचालय, र राष्ट्रिय मापदण्डअनुसारका पर्याप्त सिकाइ सामग्री उपलब्ध गराउने गर्नेछ।
११. दिवा खाजा र नियमित स्वास्थ्य परीक्षणलाई थप व्यवस्थित तथा प्रभावकारी बनाई बालबालिकाको कक्षा निरन्तरतालाई टेवा पुऱ्याउने गर्नेछ।
१२. स्रोत र क्षमताका आधारमा छनोट गरिएका केन्द्रहरूलाई ‘नमुना बालविकास केन्द्र’ का रूपमा विकास गर्नेछ।
१३. बालविकास केन्द्रको प्रभावकारी व्यवस्थापन, अनुगमन तथा सुशासनका लागि विद्यालयस्तरीय उपसमिति र नगरस्तरीय समन्वय समितिको गठन गरी परिचालन गर्नेछ।
१४. हाल सञ्चालनमा रहेका बालविकास केन्द्रहरूको भौतिक अवस्था र भौगोलिक अवस्थितिको सर्वेक्षण गरी तोकिएको मापदणड अनुसार विकास तथा सवलिकरण गर्ने ।
१५. सबै सहजकर्ताहरुका क्षमता अभिवृद्धिका लागि वहुभाषीक शिक्षण विधि तथा एकिकृत पाठ्यक्रमको तालिम सञ्चालन गर्ने ।
१६. बालवलिकाहरुको शिकाई स्तर वृद्धिका लागि प्रविधिमैत्री, खेल-आधारित र व्यवहारिक शिक्षण विधि अपनाउने ।
१७. दलित, सिमान्तकृत तथा विद्यालय बाहिरका बालबालिकालाई विद्यालयमा ल्याउन अभियान सञ्चालन गर्ने ।
१८. सहजकर्तालाई मानसिक स्वास्थ्य, पोषण, र बाल स्याहार तालिम दिने ।

१९. अपाङ्गता भएका बालबालिकाको पहिचान गरी विशेष कक्षा शिक्षणको व्यवस्था ।

२०. भौतिक तथा शैक्षिक वातावरण बालमैत्री,सिकाइ मैत्री,समावेशी, भय रहित र सुरक्षित बनाउने ।

२१. सबै बालबालिका पहुच पुग्ने गरी खानेपानी शौचालय ,सिकाई सामाग्री राष्ट्रिय मापदण्ड उल्लेखित सुविधाहरु उपलब्ध गराउने ।

२२. दिवा खजा तथा स्वास्थ्य चेकजाँचलाई नियमित तथा व्यवस्थित वनाई बालवलिकाको कक्षा निरन्तर्तालाई टेवा पुर्याउने ।

२३. नमुना बालविकास केन्द्रको रुपमा विकास गर्ने ।

२४. बालविकास केन्द्रको उचित व्यवस्थापन तथा शुसासनका लागि विद्यालय स्तरिय उप समिति र नगर स्तरिय समितिको गठन गरि परिचालन गरिने छ ।

**३.१.६ प्रमुख उपलब्धी तथा नतिजाहरु**

**क. उपलब्धी**

१. सबै बालबालिकाहरूले गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर पाएका हुने ।

२. सवै बालविकास केन्द्रहरु न्यून्तम मापदणड पुरा भएको हुने ।

३. शत प्रतिशत बालबालिकाहरु ईसिईडीमा भर्ना भई तयारी साथ कक्षा १ मा भर्ना तथा कक्षामा निरन्तरता भएको हुने छ ।

४. दक्ष तालिम प्राप्त सहजकर्ताबाट अध्ययन अध्यापन भएको हुने छ ।

५. बालवलिकाको सिकाई स्तर सुधार भएको हुने छ ।

६. अपाङ्गता भएका बालबालिकाको पहिचान गरी विशेष कक्षा शिक्षणको व्यवस्था भएको हुने छ ।

७. बालविकास केन्द्रहरु पूर्ण रुपमा व्यवस्थित भई शुसासन कायम भएको हुने छ ।

८. बालवलिकाहरुमा स्वस्थ वाणीको विकास तथा अनुशासित भएको हुने छ ।

९. प्रविधि मैत्री र बालमैत्र भौतिक पूर्वाधारको विकास भई कक्षा शिक्षणमा आधुनिक प्रविधिको प्रयोग भएको हुने छ ।

१०. सबै बालबालिका पहुच पुग्ने गरी खानेपानी शौचालय ,सिकाई सामाग्री राष्ट्रिय मापदण्ड उल्लेखित सुविधाहरु उपलब्ध भएको हुने छ ।

११. प्रारम्भिक बालविकास शिक्षामा परिवार, समुदाय, गैरसरकारी संघ-संस्था र निजी क्षेत्रको सहभागिता सुनिश्चित गरिने ।

१२. वहुभाषिक तथा ELDS मा आधारित तालिम प्राप्त सहजकर्ताहरू परिचालित गरिने ।

१३. बालिका लक्षित खेलकुद, अतिरिक्त क्रियाकलाप, बालमैत्री पोसाक र मातृभाषामा आधारित शिक्षण विधि सञ्चालन गरिने ।

१४. विद्यालयहरू अपाङ्गमैत्री, लैङ्गिकमैत्री प्रविधियुक्त पूर्वाधारयुक्त हुने ।

१५. बालबालिकाका लागि पोषणयुक्त दिवा खाजालाई अझ व्यवस्थित वनाइने ।

१६. कक्षामा भयमुक्त, मनोरञ्जनात्मक र अन्तरक्रियात्मक शिक्षण विधि अपनाइने ।

**ख.प्रमुख नतिजाहरु**

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा खुद भर्ना दर(प्रतिशत) | ३७.४ | ३७४. | ४४१. | ५२१. | ६१५. | ७२६. |
| २ | प्रारम्भिक बालविकास र शिक्षामा कुल भर्ना दर(प्रतिशत) | ४७७. | ४७७. | ५४५. | ६२४. | ७१३. | ८१६. |
| ३ | ECED मा सहजै देखिने भर्ना दरमा लैङ्गिक समता सूचांक | ०७. | ०७. | ०७. | ०७. | १. | १. |
| ४ | ECED को खुद भर्ना दरमा लैङ्गिक समता सूचांक | ०८. | ०८. | ०८. | १. | १. | १. |
| ५ | ECED मा भर्ना भएका बालबालिकामध्ये दलित बालबालिकाको प्रतिशत | ३. | ३. | ४. | ५५. | ७५. | १०१. |
| ६ | ECED मा भर्ना भएका बालबालिकामध्ये कम तथा बढी उमेरका बालबालिकाको प्रतिशत | २११. | २११. | ११५. | ६३. | ३५. | १९. |
| ७ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका(प्रतिशत) | ४८९. | ४८९. | ५४१. | ५९८. | ६६१. | ७३१. |

स्रोतः शिक्षा शाखा ,EMIS 2080, toolkit

### ३.१.७ प्रमुख क्रियाकलापहरु तथा लक्ष्यहरु

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | शैक्षिक तथ्यांक सकंलन, परिक्षण तथा अभिलेखिकरण | | | | | | | | | |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षाका न्युनतम मापदण्ड अनुसारका कक्षाकोठाको व्यवस्थापन | संख्या | ५ | ५ | ५ | ५ | ४ | २४ | २४ | संघ, प्रदेश र स्थानीय तह |
| ३ | कक्षाकोठामा बाल शिक्षकले दैनिक कार्यतालिका पोस्टरसाथै ., विषयअनुरूपका गीत, कथा, चित्रहरू बालबालिकाले सहजै देख्न सक्ने गरी राखी, पाठ्यक्रम, शिक्षण सहयोगी | संख्या | ५ | ५ | ५ | ५ | ४ | २४ | २४ | स्थानीय तह |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | पुस्तिका, बाल कथा, र उमेर अनुसारका उपयोगी पुस्तकहरूको व्यवस्थापन | | | | | | | | |
| ४ | भर्ना अभियान संचालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | विद्यालय र स्थानीय |
| ५ | अभिवावकको लागी परारम्भिक बाल विकास सम्बन्धी सचेतना तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय तह |
| ६ | अपाङ्गता मैत्री शौचालयको निर्माण तथा सवलिकरण | संख्या | ५ | ५ | ५ | ५ | ४ | २४ | २४ | स्थानीय तह |
| ७ | अपाङ्गता पहिचान तथा विशेष कक्षा शिक्षणको व्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय तह |
| ८ | बालवलिकाको सिकाई स्तर सुधारका लागि अतरिक्त क्रियाकलाप | पटक | १ | १ | १ | १ | १ | १ | १० | स्थानीय तह |
| ९ | सहजकर्ताहरुलाई ELDS कार्ड सम्वन्धि तालिम तथा क्षमता अभिवृद्धी | पटक | १ | १ | १ | १ | १ | १ | १० | स्थानीय तह |
| १० | बालविकास केन्द्रहरुमा बाल मैत्री प्रविधियुत्त सिकाई कक्ष व्यवस्थापन | वटा | ४ | ४ | ४ | ४ | ४ | २० | २४ | संघ र स्थानीय तह |
| ११ | सहजकर्ताहरुलाई प्राथमिक उपचार, मनौसमाजिक र स्यार तालिम सहित प्राथमिक उपचार वक्सको व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय तह |
| १२ | खेलकुद तथा सिकाई समाग्रिहरुको व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय तह |
| १३ | पोषणयुक्त दिवा खाजाको व्यवस्थापन | निरन्तर | | | | | | | | स्थानीय तह |
| १४ | विद्यालयमा भय तथा जोखिम रहित वतावरणमा पठनपाठन व्यवस्थापन | निरन्तर | | | | | | | | स्थानीय तह |
| १५ | बाल विकास कक्षाका शिक्षकहरुको कलस्टर निर्माण र नियमित वैठक | पटक | १ | १ | १ | १ | १ | ५ | १० | संघ र स्थानीय तह |
| १६ | हरेक कलस्टरमा उत्कृष्ट सहजकर्तालाई सम्मान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | संघ र स्थानीय तह |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १७ | बालविकास केन्द्रहरुको वडागत नक्सांकंन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय तह |
| १८ | नमुना बालविकास केन्द्रको अवलोकन भ्रमण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | संघ, प्रदेश र स्थानीय तह |
| १९ | सिकाइ क्रियाकलाप सहजीकरणमा बहुभाषिक विधि तथा एकिकृत पाठ्यक्रमको लागु | निरन्तर | | | | | | | | स्थानीय तह |
| २० | बालबालिकाको मासिक स्वास्थ्य जाँच,  खोप तथा स्वास्थ्यसम्बन्धी अभिलेख व्यवस्थापन, वृद्धि अनुगमन (Growth Monitoring) गरी कुपोषण भएका बालबालिकाका लागि आवश्यक प्रबन्ध | निरन्तर | | | | | | | | स्थानीय तह |
| २१ | आपताकलिन समयमा शिक्षाको निरन्तरताका लागि वैकल्पिक व्यवस्थापन | अवशयकता अनुसार | | | | | | | | स्थानीय तहले |
| २२ | वडा स्तरिय बालविकास व्यवस्थापन समिति  र विद्यालय स्तरिय उप-समिति गठन र परिचालन | संख्या | ५ | ५ | ५ | ५ | ४ | २४ | २४ | |
| २३ | प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रममा कम्तीमा माहिनाको एक पटक अभिभावक तथा समुदायका सदस्य मार्फत स्थानीय ज्ञान तथा सिपहरू बालबालिकालाई सिकाउने | निरन्तर | | | | | | | | स्थानीय तह/बालविकासकेन्द्र |
| २४ | प्रारम्भिकबालविकास तथा शिक्षामा परिवार तथा समुदाय, निजी क्षेत्र तथा गैरसरकारी संघ संस्थाको सहभागिता, संलग्नता र जिम्मेवारी वृद्धि | निरन्तर | | | | | | | | स्थानीय तह |
| २५ | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रको वर्तमान अवस्थाको परीक्षण गरी न्यूनतम मापदण्ड पूरा गराउन | निरन्तर | | | | | | | | सघ ,प्रदेश ,स्थानीय तह |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | बजेट व्यवस्थाका लागि लागत साझेदारी मापदण्ड २०७७ परिमार्जन गरी कार्यान्वयन | | | | | | | | | |
| २६ | सहकर्ताहरुको पारिश्रमिक तथा सेवा सुविधा वृद्धि | निरन्तर | | | | | | | | स्थानीय तहसघ , |
| २७ | सिमानतकृत समुदायको बालवलिकाको लागि ड्रेस र व्याग तथा अन्य प्रोतसाहनको व्यवस्था | संख्या | २५० | २५० | २५० | २५० | २५० | १२५० | | स्थानीय तह |
| २८ | अनुगमन, सुपरिवेक्षण सहयोग तथा सहजिकरण | निरन्तर | | | | | | | | |
| २९ | अभिवावक शिक्षा संचालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय तह |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय

आधारभूत शिक्षा नेपालको पछिल्लो परिभाषा अनुसार १ देखी ५ र ६ देखि ८ कक्षाको संरचनामा विकास गरिएको छ । बालबालिकाको सर्वाङ्गीण विकास, गुणस्तरीय जीवनयापन, र सामाजिक समायोजनमा सहयोग गर्दछ। नेपालका संविधान २०७२, शिक्षा ऐन, निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५ ले तथा अन्तर्राष्ट्रिय सन्धिहरूले कक्षा ८ सम्मको शिक्षालाई निःशुल्क र अनिवार्य बनाएको छ, यसको प्रभावकारी कार्यान्वयन सङ्घ, प्रदेश, र स्थानीय सरकारको साझा जिम्मेवारी हो। बालबालिकालाई विद्यालय पठाउनु प्रत्येक नागरिकको कर्तव्य हो भने यसको व्यवस्थापन स्थानीय तहको एकल अधिकार सूचीमा राखिएको छ । त्यसैले, स्थानीय तहले बाल विकास केन्द्रहरूको सञ्चालन, व्यवस्थापन तथा विकासमा अग्रसर भूमिका खेल्न आवश्यक छ । साथै, सङ्घ र प्रदेश सरकारले नीति, बजेट तथा प्राविधिक सहयोग उपलब्ध गराई स्थानीय तहलाई सशक्त बनाउनुपर्ने हुन्छ । यस प्रक्रियामा अभिभावक, समुदाय तथा विद्यालय व्यवस्थापन समितिको सक्रिय सहभागिता समेत महत्त्वपूर्ण रहन्छ ।

### ३.२.२ वर्तमान अवस्था

आधारभूत तहको शिक्षा सुधारका लागि कार्यान्वयनमा आएका विभिन्न योजना, परियोजना, आयोगका सुझाव लगायतका विभिन्न प्रयास भएको छ तर परिमाण अपेक्षाकृत हुन सकेको छैन । न त यसलाई पूर्ण रूपमा नीति अनुसार निःशुल्क र अनिवार्य बनाउन सकेका छन् तत ईशनाथ नगरपालिकाको आधारभूत तहको शिक्षामा विभिन्न पक्षमा सुधार आवश्यक देखिन्छ । यस नगरपालिकाको २४ वटा सामुदायिक विद्यालयहरू रहे ता पनि १९ वटा अधारभुत तहको विद्यालय रहेको छ । तथ्याङ्कअनुसार, कक्षा १ मा कुल भर्ना दर ९९.८प्रतिशत भए पनि खुद प्रवेश दर ६७.८प्रतिशत मात्र रहेकोले उमेरअनुसारको भर्ना सुधार आवश्यक देखिन्छ। आधारभूत तह (१-५) मा खुद भर्ना दर ९३.३ प्रतिशतर कुल भर्ना दर १ १३.९प्रतिशतरहनु दोहोरो भर्ना वा प्रवासनको असर हुनसक्छ। सम्म टिकाउ दर कक्षा ५ ८२३.प्रतिशतभए पनि पूरा गर्ने दर ७२. १प्रतिशतमात्र रहेको छ , भने कक्षा ८ सम्म टिकाउ दर ५९९.प्रतिशतर पूरा गर्ने दर ५५ प्रतिशत मात्र छ, जसले विद्यार्थीको निरन्तरता चुनौतीपूर्ण रहेको देखाउँछ । लैङ्गिक समता सूचक सकारात्मक देखिए पनि निरन्तरता सुधार आवश्यक छ। । १-८ कक्षामा विद्यालय बाहिर रहेको ११.३ प्रतिशत

रहेको छ । महिला शिक्षकको सहभागिता ७९१.प्रतिशतरहेको छ , जसले शिक्षणमा लैङ्गिक समावेशीकरण राम्रो रहेको देखाउँछ । समग्रमा, विद्यालय भर्ना दर राम्रो भए पनि विद्यार्थीको निरन्तरता सुधार गर्न नीति आवश्यक देखिन्छ ।

यस पालिकामा निरक्षरलाई साक्षर बनाउने सरकारले विकास गरेको औपचारिक शिक्षा सञ्चालन गर्ने जम्मा सामुदायिक अध्ययन केन्द्र रहेको आवश्यकता रहेको छ । विशेष गरी सामुदायिक सिकाइ केन्द्रको माध्यमबाट सबै सूचना साक्षरता शिक्षा आयआर्जन रोजगारीको बजारको माग अनुसारको सीपमूलक तालिम जस्ता कार्यक्रमहरू सञ्चालन हुनु पर्ने हो जुन सङ्ख्यात्मक रूपले कम तथा उचित व्यवस्थापन हुन न सकेकाले त्यस मार्फत कार्यक्रमहरू सञ्चालन हुन सकेका छैन ।

तालिका ११ अधारभुत तहको शिक्षकहरू विवरण अवस्था

| तहगत शिक्षक | १-५ कक्षा | | | ६-८ कक्षा | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| सबै प्रकारका विद्यालयमा तहगत जम्मा शिक्षक सङ्ख्या | २१ | ७० | ९१ | २ | १७ | १९ |
| सबै प्रकारका सामुदायिक विद्यालयमा तहगत जम्मा शिक्षक सङ्ख्या | २१ | ७० | ९१ | २ | १७ | १९ |
| सबै प्रकारका सामुदायिक विद्यालयमा स्वीकृत र राहत दरबन्दीमा कार्यरत तहगत जम्मा शिक्षक सङ्ख्या | २१ | ७० | ९१ | २ | १७ | १९ |
| सामुदायिक विद्यालयमा कार्यरत प्रशिक्षक/शिक्षक सङ्ख्या (कक्षा ९-१२) | ० | ० | ० | ० | ० | ० |
| पालिका द्वार सामुदायिक विद्यालयहरूमा नियुक्त गरिएका तहगत कार्यरत शिक्षक सङ्ख्या | ३ | १२ | १५ | १ | ० | १ |
| तालिम TPD लिएको शिक्षक सङ्ख्या | सूचना प्राप्त हुन नसकेको | | | | | |

**३.२.३ समस्याहरू तथा चुनौतीहरू**

१. आधारभूत शिक्षालाई पूर्ण रूपमा निःशुल्क र अनिवार्य रूपमा कार्यान्वयन गर्न नसक्नु।
२. कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर ६७.७ प्रतिशत र कक्षा १-५ को खुद भर्ना दर ९३.३ प्रतिशत मात्र हुनु।
३. आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर ७८.१ प्रतिशत र कुल भर्ना दर ९२.७ प्रतिशत हुनु, तथा विद्यालय बाहिर रहेका बालबालिकाको दर ११.३ प्रतिशत रहनु।
४. कक्षा ५ सम्मको टिकाउ दर ८२.३ प्रतिशतबाट बढाएर शतप्रतिशत पुऱ्याउन नसक्नु र ७२.१ प्रतिशत विद्यार्थीले मात्र १-५ कक्षा पूरा गर्न सक्नु।
५. आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर ५९.९ प्रतिशत मात्र हुनु र कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर ५५ प्रतिशतमा सीमित हुनु।
६. १ देखि ८ कक्षासम्म अध्ययन गर्ने बालबालिकामा ११.३ प्रतिशत विद्यालय छाड्ने (Drop-out) दर हुनु।
७. निर्धारित पाठ्यक्रम अनुसार नियमित कक्षा सञ्चालन नभएको तथा शिक्षक-विद्यार्थी सङ्ख्या अनुपात ११५ लाई घटाएर ४० मा ल्याउन नसकेको अवस्था रहनु।
८. शिक्षकहरूको लागि मेन्टरिङजस्ता पेसागत विकासका सहयोगको व्यवस्थापन गर्न नसक्नु र तालिमको अभाव हुनु।
९. विद्यार्थी सङ्ख्याको तुलनामा प्रविधि तथा सञ्चारयुक्त कक्षाकोठाको अभाव हुनु।

१०. राष्ट्रिय मापदण्ड २०८० अनुसार विद्यालयको भौतिक संरचना, खेल मैदान, अतिरिक्त क्रियाकलाप र व्यक्तिगत विकासका अवसरहरू निर्माण वा सबलीकरण गरी बाल तथा अपाङ्गमैत्री बनाउन नसक्नु।

११. विद्यालयहरूमा प्रविधियुक्त, बालमैत्री तथा लैङ्गिकमैत्री वातावरणको अभावले गर्दा विद्यार्थीहरूको उपस्थिति पातलो हुनु र विद्यालय छाड्ने प्रवृत्ति बढाउनु।

१२. सीमान्तकृत समुदायका विद्यार्थीहरूलाई थप प्रोत्साहन गर्न नसक्नु र मदर्साहरूलाई शिक्षाको मूलधारमा ल्याउन नसक्नु।

१३. विद्यालयमा विपद् तथा आपत्कालीन अवस्थामा सिकाई निरन्तरताको वैकल्पिक व्यवस्था गर्न नसक्नु तथा डर र भयरहित वातावरणका लागि विद्यालय सुरक्षा योजना, विपद् सम्पर्क शिक्षक र पूर्वतयारी नहुनु।

**३.२.४ उद्देश्यहरू**

१. समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्दै आधारभूत शिक्षालाई पूर्ण रूपमा निःशुल्क र अनिवार्य रूपमा कार्यान्वयन गर्नेछ।

२. विद्यालय बाहिर रहेका बालबालिकालाई प्रभावी रूपले भर्ना अभियान र प्रोत्साहनका कार्यक्रम सञ्चालन गरी विद्यालयको मूलधारमा ल्याउनेछ।

३. स्थानीय पाठ्यक्रमको विकास गरी बालबालिकाको शिक्षण सिकाइलाई प्रभावकारी तथा स्थानीय व्यावहारिक जीवनसँग जोड्नेछ।

४. शतप्रतिशत विद्यार्थीहरूलाई आधारभूत तह पूरा गर्ने अवस्था सुनिश्चित गर्न न्यूनतम सिकाइ उपलब्धि र टिकाउ दरमा वृद्धि गर्नेछ।

५. विद्यार्थीहरूको लागि बालमैत्री, प्रविधियुक्त वातावरणमा निरन्तर सिकाइको अवसरको सुनिश्चितता गर्नेछ।

६. आधारभूत तहको भौतिक तथा शैक्षिक वातावरणलाई बालमैत्री, सिकाइमैत्री, समावेशी, भयमुक्त र सुरक्षित बनाउनेछ।

७. मदर्सा तथा धार्मिक विद्यालयहरूलाई शिक्षाको मूलधारमा ल्याउन प्रदेश तथा स्थानीय सरकारसँग समन्वय र सहकार्य गरी व्यवस्थित गर्नेछ।

८. विद्यालय शिक्षा क्षेत्रमा प्रभावकारी सुशासन, पारदर्शिता र नियमित अनुगमन कायम गर्नेछ।

**३.२.५ रणनीतिहरू**

१. मापदण्डका आधारमा विद्यालयको वातावरण अपाङ्गमैत्री, बालमैत्री, लैङ्गिक मैत्री बनाइ विद्यालयको समायोजन तथा पुनः संरचना गरिनेछ ।

२. तीनै तहका सरकारसँग समन्वय गरी अनिवार्य तथा निःशुल्क शिक्षाको प्रत्याभूति गराउने र 'पढ्दै कमाउँदै' कार्यक्रमलाई विद्यालयहरूसँग जोड्नेछ।

३. विद्यालय बाहिर रहेका बालबालिका तथा सीमान्तकृत समुदायका लागि समता रणनीति, साक्षर नेपाल अभियान, सिकाइ केन्द्र, मदर्सा तथा धार्मिक विद्यालयमार्फत पहुँच सुनिश्चित गर्न प्रोत्साहनसहित विशेष स्वागत कार्यक्रम सञ्चालन गर्नेछ।

४. राष्ट्रिय मापदण्ड अनुसार भौतिक पूर्वाधारहरूलाई सबलीकरण गरी लैङ्गिकमैत्री, बालमैत्री तथा अपाङ्गमैत्री बनाइनेछ र आवश्यकता अनुसार विद्यालयको समायोजन तथा पुनःसंरचना गर्नेछ।

५. शिक्षण विधि, मूल्याङ्कन विधि, शैक्षिक मानव संसाधन विकास, पेसागत विकास, दिवा खाजा कार्यक्रम, मनोसामाजिक परामर्श र प्रविधिको प्रयोगजस्ता कार्यका लागि यथेष्ट लगानीको स्रोत सुनिश्चित गरी थप प्रभावकारी बनाउनेछ।

६. शिक्षकहरूको पेसागत विकासका लागि मेन्टरिङजस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछ र विद्यार्थीहरूको प्रभावकारी शिक्षण सिकाइका लागि थप कोचिङको व्यवस्था मिलाउनेछ।

७. मदरसा शिक्षालाई प्राइभेट वा मूलप्रवाहिकरण गर्न प्रदेश सरकारसँग समन्वय, सहकार्य तथा कार्यविधि तयार गरी लागू गर्नेछ।

८. विद्यालय शिक्षा क्षेत्रमा सुशासन र पारदर्शिता कायम गर्न विद्यालय व्यवस्थापन समिति (वि.ब.स.) लाई जिम्मेवार बनाई कडा रूपमा अनुगमन गर्नेछ।

### ३.२.६ प्रमुख उपलब्धि र नतिजा

#### क. उपलब्धि

१. विद्यालय नक्साङ्कनमार्फत् सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालय दरबन्दीलाई पुनर्वितरण तथा समायोजन भएको हुने ।

२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा प्रविधियुक्त पहुँच, सहभागिता र गुणस्तर अभिवृद्धि भएको हुनेछ।

३. विद्यालय नक्साङ्कनमार्फत सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालय दरबन्दीको पुनर्वितरण तथा समायोजन भएको हुनेछ।

४. स्थानीय सरकारले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्दै बालमैत्री र समावेशी वातावरणमा सिकाइ सुनिश्चित गरेको हुनेछ।

५. आधारभूत तह पूरा गर्ने बालबालिकाले राष्ट्रिय औसत उपलब्धिसँग बराबर हुने गरी न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुनेछ।

६. विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारीजस्ता परिस्थितिप्रति सचेत गराउन प्रतिकार्य योजना र पूर्वतयारीका कार्यहरू अगाडि बढेका हुनेछन्।

७. सूचना तथा सञ्चार प्रविधिको प्रयोगमार्फत विद्यालय शिक्षा सहज र उपयोगी बनाइएको तथा भौतिक संरचनाहरू मापदण्ड अनुसार सबलीकरण तथा निर्माण भएको हुनेछ।

८. मानव संसाधनको क्षमता विकास गर्दै आधारभूत तहमा गुणस्तरीय शिक्षा र शैक्षिक सुशासन कायम भएको हुनेछ।

९. शिक्षकहरूको पेसागत विकासका अवसरहरूको पूर्ण सुनिश्चितता भएको हुनेछ।

१०. विद्यार्थी र शिक्षकको अनुपात मिलाउन पालिकाबाट स्वयंसेवक शिक्षकहरू परिचालन भएको हुनेछ।

११. विद्यार्थीहरूको नियमित स्वास्थ्य परीक्षण, दिवा खाजा र पोषणको अवस्थामा उल्लेख्य सुधार आएको हुनेछ।

#### ख. नतिजा

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर (प्रतिशत) | ६७.८ | ६७.८ | ७१.४ | ७५.२ | ७९.२ | ८३.४ |
| २ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (प्रतिशत) | ९९.८ | ९९.८ | १००. | १००. | १००. | १००. |
| ३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर (प्रतिशत) | ९३.३ | ९३.३ | १००. | १००. | १००. | १००. |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर (प्रतिशत) | ११३.९ | ११३.९ | १००.५ | १००. | १००. | १००. |
| ५ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर (प्रतिशत) | ८२.३ | ८२.३ | ८४.४ | ८६.५ | ८८.७ | ९१. |
| ६ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर (प्रतिशत) | ७२.१ | ७२.१ | ७४.३ | ७६.५ | ७८.८ | ८१.२ |
| ७ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर  (प्रतिशत) | ७८.१ | ७८.१ | ७९.२ | ८०.२ | ८१.२ | ८२.३ |
| ८ | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (प्रतिशत) | ९२.७ | ९२.७ | ८९.९ | ८७.२ | ८४.६ | ८२.१ |
| ९ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर (प्रतिशत) | ५९.९ | ५९.९ | ६१.७ | ६३.५ | ६५.५ | ६७.४ |
| १० | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर (प्रतिशत) | ५५. | ५५. | ५६.७ | ५८.५ | ६०.४ | ६२.३ |
| ११ | आधारभूत तह(कक्षा १-८) कूल भर्ना दरमा लैङ्गिक समता सूचक | १.१ | १.१ | १.१ | १. | १. | १. |
| १२ | आधारभूत तह(कक्षा १-८) खुद भर्ना दरमा लैङ्गिक समता सूचक | १. | १. | १. | १. | १. | १. |
| १३ | विद्यालय बाहिर रहेका बालबालिका १-८ कक्षा भन्दा बाहिर  (प्रतिशत) | ११.३ | ११.३ | ५. | १. | ०. | ०. |
| १४ | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या (प्रतिशत) | ७९.१ | ७९.१ | ७९.३ | ७९.६ | ७९.८ | ८०. |

स्रोत शिक्षा शाखा, EMIS २०८१, टुल किट

### ३.२.७ प्रमुख क्रियाकलापहरु तथा लक्ष्य :

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (वर्ष ५) | | | | | | भौतिक लक्ष्य (वर्ष १०) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा ५ वर्षको भौतिक लक्ष्य | | |
| १ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गरी सिकाइ अवस्था पहिचान गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | नगरपालिका, शिक्षा शाखा, विद्यालय |
| २ | न्यून सिकाइ उपलब्धि भएका विद्यार्थीका लागि उपचारात्मक सिकाइ सञ्चालन गर्ने | विद्यालय | ३०% | ५०% | ७०% | ८५% | १००% | १००% | १००% | नगरपालिका, शिक्षा शाखा, विद्यालय |
| ३ | विद्यालयबाहिर रहेका बालबालिकाको पहिचान गरी भर्ना तथा पुनःभर्ना संचालन गर्ने | % | ८०% | ९०% | ९५% | १००% | १००% | १००% | १००% | नगरपालिका, शिक्षा शाखा, विद्यालय |
| ४ | विद्यालय नक्साङ्कन गरी आवश्यकता अनुसार विद्यालय पुनर्वितरण तथा समायोजन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | नगरपालिका, शिक्षा शाखा, विद्यालय |
| ५ | विद्यार्थी संख्या तथा विषयगत आवश्यकताका आधारमा शिक्षक दरबन्दी पुनरावलोकन तथा व्यवस्थापन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | नगरपालिका, शिक्षा शाखा, विद्यालय |
| ६ | बालमैत्री, लैङ्गिकमैत्री तथा समावेशी सिकाइ वातावरण विकास गर्ने | विद्यालय | ३०% | ५०% | ७०% | ८५% | १००% | १००% | १००% | नगरपालिका, शिक्षा शाखा, विद्यालय |
| ७ | अपाङ्गता भएका बालबालिकाको पहिचान, शैक्षिक आवश्यकता मूल्याङ्कन तथा IEP तयार गर्ने | विद्यालय | ३०% | ५०% | ७०% | ८५% | १००% | १००% | १००% | नगरपालिका, शिक्षा शाखा, विद्यालय |
| ८ | विद्यालयमा पहुँचयुक्त भौतिक संरचना तथा सहायक सामग्रीको व्यवस्था गर्ने | विद्यालय | ३०% | ५०% | ७०% | ८५% | १००% | १००% | १००% | नगरपालिका, शिक्षा शाखा, विद्यालय |
| ९ | विद्यार्थीकेन्द्रित तथा नवीनतम शिक्षण विधि प्रयोग गर्ने शिक्षा सहयोग क्रियाकलाप संचालन गर्ने | विद्यालय | ३०% | ५०% | ७०% | ८५% | १००% | १००% | १००% | नगरपालिका, शिक्षा शाखा, विद्यालय |
| १० | विद्यालयमा ICT तथा डिजिटल सिकाइको प्रयोग विस्तार गर्न तालिम संचालन | विद्यालय | ३०% | ५०% | ७०% | ८५% | १००% | १००% | १००% | नगरपालिका, शिक्षा शाखा, विद्यालय |
| ११ | विद्यालय सुरक्षा तथा बाल संरक्षण प्रणाली सुदृढ गर्न गुनासो सुनावाइ संयन्त्रलाई क्षमता विकास गर्ने | विद्यालय | ३०% | ५०% | ७०% | ८५% | १००% | १००% | १००% | नगरपालिका, शिक्षा शाखा, विद्यालय |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १२ | बाल क्लब तथा बाल संसदमार्फत विद्यार्थी नेतृत्व विकास गर्ने | विद्यालय | ३०% | ५०% | ७०% | ८५% | १००% | १००% | १००% | नगरपालिका, शिक्षा शाखा, विद्यालय |
| १३ | समावेशी अतिरिक्त क्रियाकलाप तथा प्रतिभा विकास क्रियाकलाप सञ्चालन गर्ने | पटक | २ | २ | २ | २ | २ | १० | २० | नगरपालिका, शिक्षा शाखा, विद्यालय |
| १४ | एकिकृत पाठ्यक्रम, बहुभाषा शिक्षणका लागि शिक्षक तालिम | पटक | २ | २ | २ | २ | २ | १० | २० | नगरपालिका, शिक्षा शाखा, विद्यालय |
| १५ | स्थानीय पाठ्यक्रम विकास तथा कार्यन्वयन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | नगरपालिका, शिक्षा शाखा, विद्यालय |
| १६ | महिनावारी स्वच्छता, किशोरीमैत्री सेवा तथा मनोसामाजिक सहयोग उपलब्ध गराउने | पटक | २ | २ | २ | २ | २ | १० | २० | नगरपालिका, शिक्षा शाखा, विद्यालय |
| १७ | विद्यालय सुधार, संस्थागत क्षमता, EMIS तथा GESI-responsive अनुगमन सुदृढ गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | नगरपालिका, शिक्षा शाखा, विद्यालय |

## ३.३ माध्यामिक शिक्षा:

### ३.३.१ परिचय:

नेपालमा आधारभूत तह १-८ कक्षा पछिको ९ देखि १२ कक्षासम्म माध्यामिक तह हो । यो माध्यामिक शिक्षा उच्च शिक्षाको आधारशिला मात्र नभई व्यावसायिक सीप र ज्ञान हासिल गर्ने महत्त्वपूर्ण तह पनि हो। यस तहले विद्यार्थीलाई कला, संस्कृति, विज्ञान, प्रविधि लगायतका विविध विषयहरूमा आवश्यक मूल्यमान्यता, दृष्टिकोण, र व्यवहार सिकाउँदै सक्षम जनशक्ति तयार गर्ने उद्देश्य राख्छ। नेपाल सरकारद्वारा माध्यामिक शिक्षालाई सहज र सबैका लागि पहुँचयोग्य बनाउन विभिन्न संवैधानिक तथा कानूनी प्रावधानहरू लागू गरिएको छ।

नेपालको संविधान, २०७२ ले माध्यामिक शिक्षालाई निःशुल्क रूपमा प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको छ भने, निःशुल्क तथा अनिवार्य शिक्षा ऐन, २०७५ ले प्रत्येक नागरिकलाई माध्यामिक तहको शिक्षा उपलब्ध गराउनु राज्यको दायित्व भनी परिभाषित गरेको छ। यस्तै, राष्ट्रिय शिक्षा नीति, २०७६ ले गुणस्तरीय माध्यामिक शिक्षा सबैलाई निःशुल्क रूपमा उपलब्ध गराउने लक्ष्य राख्दै, यसबाट सिर्जनात्मकता, सकारात्मक चिन्तन, अध्ययनशीलता, तथा सदाचारयुक्त प्रतिस्पर्धी सीप भएका उत्पादनशील जनशक्ति विकास गर्ने उद्देश्य लिएको छ। यसरी, माध्यामिक शिक्षालाई सर्वसुलभ, गुणस्तरीय, र व्यवहारिक बनाउन नीति तथा कानुनी व्यवस्था गरिएको छ ।

### ३.३.२ वर्तमान अवस्था

यस ईशनाथ नगरपालिका क्षेत्र भित्र रहेका माध्यामिक विद्यालय ४ वटा रहेको छ । जसमा कक्षा ९ देखि १० कक्षा सञ्चालन गर्ने २ वटा र कक्षा ११ देखि १२ कक्षा सञ्चालन गर्ने जम्मा ३ वटा विद्यालयहरू रहेका छन् । यस नगरपालिकामा माध्यामिक विद्यालय ९ देखि १० सम्ममा अध्यनरत जम्मा छात्रा ७७३ र ५८४ छात्र गरी जम्मा १३५७ जना विद्यार्थिहरु अध्ययनरत रहेको छ ।

ईशनाथ नगरपालिकाको माध्यामिक तह (कक्षा ९–१२) शिक्षासम्बन्धी सूचकहरूको विश्लेषणले शिक्षा प्रणालीको प्रगति र चुनौती दुवै पक्ष उजागर गर्दछ। हाल नगरपालिकामा कुल भर्ना दर ९७.७ प्रतिशत र खुद भर्ना दर ७९.७ प्रतिशत रहेको छ, जसले विद्यालय जाने बालबालिकाको सहभागिता सन्तोषजनक भए पनि अझै सुधारको आवश्यकता औंल्याउँछ। लैङ्गिक समानताको सन्दर्भमा, कुल भर्ना दर ९४.२ प्रतिशत रहेको भए पनि खुद भर्ना दर ८१.२ प्रतिशतमा सीमित छ। यसले छात्रा र छात्रबीच शिक्षामा पहुँचको असमानता अझै कायम रहेको संकेत गर्दछ, जसमा ध्यान पु-याउनु आवश्यक छ।

शिक्षा निरन्तरताको दृष्टिकोणले हेर्दा, कक्षा १ मा भर्ना भएका विद्यार्थीमध्ये ५६.४ प्रतिशतले मात्र कक्षा १० को अन्त्यसम्म अध्ययन जारी राख्ने गरेका छन्। अझ गम्भीर पक्ष के छ भने, कक्षा १ मा भर्ना भएका विद्यार्थीमध्ये केवल १०.३ प्रतिशतले मात्र कक्षा १० सम्मको अध्ययन पूरा गर्छन्। तथापि, कक्षा १ देखि १० सम्मको समग्र अध्ययन पूरा गर्ने दर भने ९८ प्रतिशत देखिएको छ, जसले प्रारम्भिक तहदेखि माध्यामिक तहसम्मको निरन्तरताको सम्भावना उच्च रहेको जनाउँछ। तर, अझै पनि २७.६ प्रतिशत बालबालिका विद्यालय बाहिर रहेका छन्, जसले शिक्षा प्रणालीमा पहुँच र समावेशी सम्बन्धी चुनौतीलाई स्पष्ट पार्दछ।

शिक्षण क्षेत्रमा महिलाको सहभागिता उल्लेखनीय देखिन्छ, जहाँ माध्यामिक तहमा कार्यरत शिक्षकमध्ये ६०.६ प्रतिशत महिला छन्। यो महिलाको सशक्तिकरणतर्फ सकारात्मक संकेत हो। यद्यपि, शिक्षक र विद्यार्थी अनुपात सन्तुलनमा नरहेकोले शिक्षण सिकाइको गुणस्तरमा कमी आएको देखिन्छ। साथै, विद्यालयहरूमा बालमैत्री भौतिक पूर्वाधारको अभाव तथा वसाई व्यवस्थापनको चुनौतीले पनि सिकाइ वातावरणमा प्रतिकूल असर पारिरहेको छ।ईशनाथ नगरपालिकाको माध्यामिक शिक्षामा सहभागिता, लैङ्गिक समावेशिता र शिक्षक सहभागितामा केही प्रगति भए तापनि, निरन्तरता, पहुँच, सिकाइको गुणस्तर र पूर्वाधारको क्षेत्रमा अझ बढी ध्यान दिनु आवश्यक देखिन्छ। यी चुनौतीहरू सम्बोधन गर्न स्थानीय तह, विद्यालय र समुदायबीच सहकार्य र योजनाबद्ध प्रयास अपरिहार्य हुनेछ।

**तालिका १२ माध्यामिक तहको बिद्यार्थिहरुको विवरण भर्ना प्रवृती**

| विद्यार्थी विवरण | माध्यामिक ९-१० कक्षा | | | माध्यामिक ११-१२ कक्षा | | |
|---|---|---|---|---|---|---|
| | **छात्रा** | **छात्र** | **जम्मा** | **छात्रा** | **छात्र** | **जम्मा** |
| सबै प्रकारका विद्यालयमा कक्षागत र तहगत जम्मा विद्यार्थी सङ्ख्या | ६३० | ४८४ | १११४ | ३३२ | २५८ | ५९० |
| सामुदायिक विद्यालयमा कक्षागत र तहगत जम्मा विद्यार्थी सङ्ख्या | ६०८ | ४६६ | १०७४ | ३३२ | २५८ | ५९० |
| सबै प्रकारका विद्यालयमा कक्षागत र तहगत दलित विद्यार्थी सङ्ख्या | ६० | ३९ | ९९ | २७ | २७ | ५४ |
| सामुदायिक विद्यालयमा कक्षागत र तहगत दलित विद्यार्थी सङ्ख्या | ५८ | ३७ | ९५ | २७ | २७ | ५४ |
| सबै प्रकारका विद्यालयमा कक्षागत र तहगत अपाङ्गता भएका विद्यार्थी सङ्ख्या | १ | २ | ३ | ० | ० | ० |
| सामुदायिक विद्यालयमा कक्षागत र तहगत अपाङ्गता भएका विद्यार्थी सङ्ख्या | १ | २ | ३ | ० | ० | ० |
| सबै प्रकारका विद्यालयमा कक्षागत र तहगत तोकिएका २२ जनजाति विद्यार्थी सङ्ख्या | ७२ | १३५ | २०७ | ३३ | ८७ | १२० |
| सामुदायिक विद्यालयमा कक्षागत र तहगत तोकिएका २२ जनजाति विद्यार्थी सङ्ख्या | ७२ | १३५ | २०७ | ३३ | ८७ | १२० |

स्रोत EMIS, टुल किट २०८१

**तालिका १३. माध्यामिक तहको शिक्षकहरू विवरण**

| **शिक्षक विवरण ९-१२ कक्षा** | **माध्यामिक ९-१० कक्षा** | | | **माध्यामिक ११-१२ कक्षा** | | |
|---|---|---|---|---|---|---|
| | **महिला** | **पुरुष** | **जम्मा** | **महिला** | **पुरुष** | **जम्मा** |
| सबै प्रकारका विद्यालयमा तहगत जम्मा शिक्षक सङ्ख्या | ३ | २० | २३ | ० | ४ | ४ |
| सबै प्रकारका सामुदायिक विद्यालयमा तहगत जम्मा शिक्षक सङ्ख्या | ३ | २० | २३ | ० | ४ | ४ |
| सबै प्रकारका सामुदायिक विद्यालयमा स्वीकृत र राहत दरबन्दीमा कार्यरत तहगत जम्मा शिक्षक सङ्ख्या | ३ | २० | २३ | ० | ४ | ४ |
| सामुदायिक विद्यालयमा कार्यरत प्रशिक्षक/शिक्षक सङ्ख्या (कक्षा ९-१२) | ० | ० | | ० | ० | ० |

| शिक्षक विवरण ९-१२ कक्षा | माध्यामिक ९-१० कक्षा | | | माध्यामिक ११-१२ कक्षा | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| पालिका द्वार सामुदायिक विद्यालयहरूमा नियुक्त गरिएका तहगत कार्यरत शिक्षक सङ्ख्या | ० | ० | ० | ० | | ० |
| सामुदायिक विद्यालयमा कार्यरत शिक्षकमध्ये पूर्ण तालिम प्राप्त (शिक्षा विषय र TPD सहितका शिक्षक) सङ्ख्या | ३ | २० | २३ | ० | ४ | ४ |
| विशेष विद्यालयमा कार्यरत र स्रोत कक्षा सञ्चालन गर्ने स्रोत शिक्षकहरूमध्ये समाहित शिक्षा सम्बन्धी तालिम प्राप्त शिक्षक सङ्ख्या | ० | ० | | ० | ० | ० |
| सामुदायिक विद्यालयमा कार्यरत शिक्षकमध्ये TPD तालिम (TPD को कुनै पनि Phase को तालिम लिएको) लिएको शिक्षक सङ्ख्या | ० | ५ | ५ | ० | २ | २ |

### ३.३.३ समस्या तथा चुनौतीहरू

१. माध्यामिक शिक्षालाई सबै बालबालिका पहुँचमा पुऱ्याउन नसक्नू र पूर्ण निःशुल्क गर्ने नसक्नू ।
२. माध्यामिकतह (कक्षा ९-१२) को कुल भर्ना दर ३६.३ प्रतिशत मात्र हुनु ।
३. माध्यामिकतह (कक्षा ९-१२) को खुद भर्ना दरम १९.३ प्रतिशत मात्र हुनु ।
४. माध्यामिकतह (कक्षा ९-१२) को कुल भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in NER) १.३ प्रतिशत अर्थात् समान नहुनु ।
५. माध्यामिकतह (कक्षा १-१२) मा विद्यालय बाहिर रहेका बालबालिकाको दर (OOSC) ५७.३ प्रतिशत हुनु ।
६. कक्षा १ का जम्मा विद्यार्थीमध्ये कक्षा १० को अन्त्यसम्म टिक्नेको दर ५५.१ प्रतिशत मात्र हुनु ।
७. कक्षा १ का जम्मा विद्यार्थीमध्ये कक्षा १० सम्म पुग्ने दर (Survival Rate to Grade 10) ५२४. प्रतिसत मात्र हुनु ।
८. राष्ट्रिय विद्यालय मापदण्ड अनुसारको भौतिक पूर्वाधार नहुनु ।
९. विद्यार्थी र शिक्षकको अनुपात ११६ कक्षा ११-१२ मा हुनु ।
१०. विषय शिक्षकको कमी र कक्षा कोठा प्रविधि मैत्री नुहुनु ।
११. विद्यार्थीहरूका लागि अतिरिक्त क्रियाकलापको व्यवस्थापन नहुनु ।
१२. विशेष गरी ग्रामीण क्षेत्र तथा विपन्न समुदायमा विद्यार्थीले कक्षा १२ पूरा नगर्ने प्रवृत्ति ।
१३. विद्यालय भौतिक पूर्वाधार निर्माण मापदण्ड २०८० अनुसारको विद्यालय भौतिक पूर्वाधार, पुस्तकालय, प्रयोगशाला, कम्प्युटर तथा डिजिटल शिक्षाका लागि आवश्यक स्रोत-साधन सीमित हुनु र विकास गर्न नसक्नू ।
१४. व्यावसायिक तथा प्राविधिक शिक्षा (Vocational Education) अझै राम्रोसँग विस्तार हुन नसक्नू ।
१५. शिक्षकको पेसागत विकासका लागि तालिम, मेन्टरिगं जस्ता सहयोग पद्धतीको विकास हुन नसक्नू ।
१६. आप्त कालिन समयमा वैकल्पिक शिक्षाको व्यवस्थापन गर्ने संयन्त्रको विकास गर्न नसक्नू ।

१७. विद्यालय सुरक्षा मापदण्डलाई लागू गर्न नसक्नू ।
१८. ICT सम्बन्धी शिक्षकलाई तालिम दिई क्षमता अभिवृद्धी गर्न नसक्नू ।
१९. विद्यालय व्यवस्थापन समितिमा राजनीतिकरण हुनु ।
२०. विद्यालय शिक्षा क्षेत्रमा सुशासनको कमी भई पारदर्शिता कम हुदै जानु ।
२१. विद्यार्थीहरूको शारीरिक तथा मानसिक विकासका लागि अतिरिक्त खेलकुद तथा कार्यक्रमहरू नहुनु ।

**३.३.४ उद्देश्यहरू**

१. माध्यामिक शिक्षामा सबैको पहुँच सुनिश्चीत गरी गुणस्तरमा सुधार गर्नु ।
२. विद्यार्थी र शिक्षक अनुपातको समस्या समाधानका लागि स्वयम् सेवक शिक्षक परिचालन गर्ने ।
३. विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरणमा सुधार गरी बालमैत्री, समावेशी र सुरक्षित बनाउनु ।
४. माध्यामिक शिक्षामा खुद भर्ना तथा टिकाउ दर बढाउनु र कक्षा छोड्ने र दोहोऱ्याउने दर घटाउने ।
५. सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गर्नु र प्राविधिक तथा व्यवहारकुशल सीपलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु ।
६. भौतिक पूर्वाधारहरूलाई राष्ट्रिय मापदण्ड २०८० अनुरुप सवलिकारण तथा निर्माण गर्ने ।
७. अतिरिक्त क्रियाकालप मार्फत विद्यार्थीलाई स्वस्थ्य फुर्तिलो तथा अनुशासित बनाउने ।
८. शिक्षण क्रियाकलापलाई प्रविधि मैत्री बनाउने ।
९. शिक्षकको पेसागत क्षमता विकासका लागि तालिम प्रदान गरिने ।
१०. विद्यालयमा ICT ल्याव व्यवस्थापनका लागि तालिम ता स्रोतको व्यवस्थापन गर्ने ।
११. माध्यामिक शिक्षालाई जीवन उपयोगी शिक्षा, vocational education सँग जोडने ।
१२. विद्यालय सुरक्षा मापदण्डलाई कडाईका साथ लागु गरिने ।
१३. विद्यालय अनुगमन प्रणाली प्रभावकारी बनाइने ।
१४. नतिजामा अधारित शिक्षा प्रणाली विकासका लागि प्रधानाध्यापक, शिक्षकहरूको करारमा अधारित कार्यसम्पादनको प्रभावकारी कार्यान्वयन गरिने ।
१५. सीमान्तकृत समुदायका विद्यालय बाहिर रहेका बालबालिकाहरूलाई विद्यालयमा भर्नाका लागि घर दैलो, स्वागत कार्यक्रम, प्रोत्साहन, छात्रवृतीको व्यवस्थापन गरिने ।

**३.४.५ रणनीतिहरू**

योजनाका उद्देश्यहरू हासिल गर्न निम्न लिखित रणनीतिहरू अवलम्बन गरिनेछः

१. विद्यालय नक्शाङ्कन मार्फत सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयहरूलाई पुनर्वितरण,समायोजन तथा स्थापना गरिनेछ ।
२. निःशुल्क माध्यामिक शिक्षामा पहुँच र समावेशी सहभागिता सुनिश्चित गर्न क्षमता विकास गरिनेछ ।
३. माध्यामिक तहमा प्राविधिक शिक्षा सुचारु गरिने ।
४. माध्यामिक आवासीय विद्यालय विस्तार गरिनेछ ।
५. हरेक विद्यालयको शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधि बढाइनेछ ।
६. विद्यालयको छुट्टै प्रशासनिक काम गर्ने गरी योग्यता र क्षमतामा आधारित प्र.अ. व्यवस्थापन गरिनेछ ।

७. विद्यालयको भौतिक शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाइनेछ।
८. एउटा सामुदायिक विद्यालयको कक्षा ११ र १२ मा विज्ञान विषय अध्ययनका लागि आकर्षण बढाउन पर्याप्त पूर्वाधार सहितको व्यवस्था गरिनेछ।
९. आवश्यकता अनुसार शिक्षक दरबन्दी पुनर्वितरण,समायोजन तथा थप गर्नेछ।
१०. साबिक माध्यामिक विद्यालयलाई नगर नमुना माध्यामिक विद्यालयको रूपमा स्तरोन्नति गरिनेछ।
११. शिक्षकको पेसागत विकासका लागि छोटो कस्टमाइज तालिम सञ्चालन गरिने ।
१२. हरेक विद्यालयमा कम्तीमा ३ जना शिक्षकलाई ICT सम्बन्धी तालिम प्रदान गरी क्षमता अभिवृद्धि गरिने छ ।
१३. विद्यालय बाहिर रहेका बालबालिकाहरूलाई पुनः भर्ना गर्न सघन कार्यक्रम सञ्चालन गरिनेछ।
१४. बाल क्लबहरूको नेतृत्व विकास तथा परिचालन गरी विद्यार्थीहरूलाई सिकाइ सुधारमा संलग्न गराइनेछ।
१५. विद्यालय-समुदाय समन्वयलाई सशक्त बनाउन अभिभावक शिक्षा कार्यक्रमहरू सञ्चालन गरिनेछ।
१६. विद्यालय नआउने वा विद्यालय छोड्ने विद्यार्थीहरूको नियमित ट्र्याकिङ प्रणाली लागू गरिनेछ।
१७. विद्यालय भौतिक पुर्वाधार निर्माण सम्बन्धी मापदण्ड अनुसारको विज्ञान प्रयोगशाला, पुस्तकालय तथा ICT ल्याबलाई थप व्यवस्थित बनाई प्रभावकारी प्रयोगको वातावरण सिर्जना गरिनेछ ।
१८. विद्यालय सुरक्षा प्रणालीलाई प्रभावकारी बनाउनका लागि विद्यालय सुधार योजना, विपद् पूर्वत्यारी योजन, विपद् प्रतिकार्य योजना बनाई लागु गरिने ।

### ३.४.६ प्रमुख उपलब्धि तथा नतिजाहरु

**क) उपलब्धि**

१. निःशुल्क माध्यामिक तहको शिक्षामा पहुँच सुनिश्चित भई खुद भर्ना तथा टिकाउ दरमा वृद्धि हुने तथा कक्षा छोड्ने र दोहोऱ्याउने दरमा कमी आउने।
२. सबै माध्यामिक विद्यालयले आधारभूत मापदण्ड पूरा गरेको हुने ।
३. शिक्षक पेसागत विकास प्रारूप २०८० बमोजिमको क्रियाकलाप सञ्चालन भई शिक्षकले मेन्टरिग, छोटो तालिम आदिको माध्यमबाट कक्षा शिक्षणमा दक्ष भएको हुने ।
४. माध्यामिक तहमा प्राविधिक धार तर्फको शिक्षा व्यवस्थित र विस्तार भएको हुने ।
५. माध्यामिक शिक्षा पूरा गर्ने विद्यार्थीले न्यूनतम् सिकाइ उपलब्धि हासिल गरेको हुने ।
६. विद्यार्थीहरूले विद्यालय शिक्षा पूर्ण रूपमा प्रविधि मैत्री वातावरणमा लिइरहेको हुने ।
७. माध्यामिक तहमा जनशक्तिको क्षमता विकास गरी गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम हुने।
८. भौतिक पूर्वाधारहरू राष्ट्रिय मापदण्ड २०८० अनुसारको सबलीकरण र निर्माण भएको हुने ।
९. भय रहित सुरक्षित वातावरणमा प्रभावकारी शिक्षण भएको हुने ।
१०. विद्यार्थीहरूको अनुपात अनुसारको शिक्षकको व्यवस्थापन भएको हुने ।
११. अनुगमन प्रणाली सक्रिय तथा नतिजामुल्क प्रभावकारी कार्य गरिरहेको हुने ।
१२. विद्यार्थीहरूको प्रतिभाहरु प्रष्पोटनका लागि अतिरिक्त क्रियाकलापहरू सञ्चालन भएको हुने ।
१३. विद्यालयमा गुनासो सुनवाइ सयन्त्रको प्रभावकारी कार्यान्वयन भएको हुने ।
१४. विद्यालयमा लैगिंक र विपद् जोखिम न्युनीकरणका लागि सम्पर्क शिक्षकहरूको तोकि सक्रिय भएको हुने ।

१५. आपत्कालिन शिक्षाको प्रबन्ध भएको हुने छ ।

**ख) नतिजा**

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यामिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर (प्रतिशत) | १९३. | २५६. | ३४१. | ४५३. | ६०२. | १९३. |
| २ | माध्यामिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर (प्रतिशत) | ३६३. | ४४५. | ५४५. | ६६८. | ८१८. | ३६३. |
| ३ | माध्यामिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक (कक्षा ९-१२) | १३. | १३. | १३. | १३. | १३. | १३. |
| ४ | कक्षा १ का जम्मा विद्यार्थीमध्ये कक्षा १० को अन्त्यसम्म टिक्नेको दर | १२. | १२. | १२. | १२. | १३. | १२. |
| ५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (प्रतिशत) | ५५१. | ५७. | ५९. | ६१. | ६३१. | ५५१. |
| ६ | कक्षा १ का जम्मा विद्यार्थीमध्ये कक्षा १० तथा माध्यामिकस्तर (कक्षा १-१०) पुरा गर्नेको दर | ५६९. | ५८९. | ६०९. | ६३. | ६५१. | ५६९. |
| ७ | माध्यामिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या (प्रतिशत) | ५२४. | ५४१. | ५५८. | ५७५. | ५९४. | ५२४. |

### ३.४.७ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (वर्ष ५) | | | | | | भौतिक लक्ष्य १०) (वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | निःशुल्क माध्यामिक शिक्षा सम्बन्धी कार्यविधि २०७७ लाई पूर्ण रुपमा लागू गर्ने | निरन्तर | | | | | | | | |
| २ | विद्यालयमा नक्शाङ्कन,पुनर्वितरण तथा समायोजन | पटक | | १ | १ | | | २ | २ | |
| ३ | प्राविधिक धारको शिक्षाको विस्तार | सङ्ख्या | | | १ | | | १ | २ | |
| ४ | शिक्षक योग्यताका मापदण्ड र दरबन्दी आधारको पुनरावलोकन | पटक | ० | | १ | १ | | २ | १ | |
| ५ | करारमा अधारित शिक्षकहरूको कार्यसम्पादन मुल्यांकन | निरन्तर | | | | | | | | |
| ६ | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास तथा कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी, सतप्रतिशत स्थानीय तह सुधार तथा सबलीकरण | पटक | १ | १ | १ | १ | १ | ३ | | |
| ७ | नमुना माध्यामिक विद्यालय विस्तार | सङ्ख्या | ० | ० | ० | १ | ० | १ | १ | |
| ८ | सूचना तथा सञ्चार प्रविधि प्रविधिको प्रयोगमा क्षमता विकास | सङ्ख्या | ५ | ५ | ५ | ५ | ४ | २४ | ४८ | |
| ९ | विद्यालय पोषण,स्वास्थ्य कार्यक्रम | प्रतिशत | ९५ | १०० | १०० | १०० | १०० | १०० | १०० | |
| १० | प्र.अ. तथा वि.व. स लाई नेतृत्व तथा व्यवस्थापन तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ११ | विपद् प्रतिकार्य योजना निर्माण तथा लागु | सङ्ख्या | ५ | ५ | ५ | ५ | ४ | २४ | ४८ | |
| १२ | निःशुल्क शिक्षाको सुनिश्चितताका लागि विद्यार्थी पाठ्यपुस्तक | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | |
| १३ | आर्थिक रूपमा विपन्नका लागि ड्रेस, विद्यार्थी स्टेशनरी इत्यादि वितरण | प्रतिशत | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० | |
| १४ | विधुतिय पुस्तकालय सञ्चालन | सङ्ख्या | ० | १ | १ | १ | २ | ४ | ८ | |
| १५ | सिकाइ सामग्री व्यवस्थापन | प्रतिशत | ५ | ५ | ५ | ५ | ४ | २४ | ४८ | |
| १६ | गुनासो सुनवाइ सम्बन्धी तालिम र लागु | सङ्ख्या | ५ | ५ | ५ | ५ | ४ | २४ | ४८ | |
| १७ | विद्यालय सुधार कार्य योजना र पाठ योजनाको निर्माण र लागू | सङ्ख्या | ५ | ५ | ५ | ५ | ४ | २४ | ४८ | |
| १८ | आपत्कालिन समयमा निरन्तर शिक्षाको व्यवस्थापन | निरन्तर | | | | | | | | |
| १९ | अनुगमन तथा मुल्याकंन पद्धति तथा EMIS मा सुधार | निरन्तर | | | | | | | | |

## ३.४ उच्चशिक्षा

### ३.४.१ परिचय

उच्च शिक्षालाई कुनै पनि राष्ट्रको मेरुदण्डका रूपमा लिन सकिन्छ। कुनै पनि देशको समृद्धि र विकासमा शिक्षाको महत्त्वपूर्ण योगदान रहने भएकाले माध्यमिक तह पूरा गरेपछि विद्यार्थीहरू उच्च शिक्षा हासिल गर्न अग्रसर हुन्छन्। समाज र राष्ट्रलाई आवश्यक दक्ष जनशक्ति उत्पादन गर्न उच्च शिक्षाले महत्त्वपूर्ण भूमिका खेल्छ। विशेष गरी, यो शिक्षाले विद्यार्थीहरूलाई विशिष्टीकृत ज्ञान, सीप र दक्षता प्रदान गर्ने भएकाले उनीहरू आफ्नो इच्छाअनुसार कुनै पनि क्षेत्रको विशेषज्ञ बन्न सक्छन्। यसरी, उच्च शिक्षाको विकासले देशको समग्र उन्नति र समाजको हितमा महत्त्वपूर्ण योगदान पुर्‍याउने आशा गर्न सकिन्छ ।

### ३.४.२ वर्तमान अवस्था

हाल ईशनाथ नगरपालिकामा उच्च शिक्षाको अवस्था सीमित छ। नगरपालिका भित्र मात्र एउटा पनि सामुदायिक क्याम्पस नरहेको हुँदा यहाँका विद्यार्थीहरू उच्च शिक्षाका लागि सीमित विकल्पहरूसँग सामना गरिरहेका छन् । यस क्षेत्रका विद्यालयहरूबाट कक्षा १२ उत्तीर्ण गरेका धेरै विद्यार्थीहरू यही क्याम्पसमा अध्ययन गर्न जाने गर्छन्, तर केही स्नातक र स्नातकोत्तर तहको शिक्षाका लागि बाहिरका अन्य शैक्षिक संस्थाहरूमा जान बाध्य छन् । उच्च शिक्षाका संस्थाहरूको सीमित उपलब्धताका कारण विद्यार्थीहरूले आफ्नो इच्छाअनुसारको विषय अध्ययन गर्न कठिनाइ भोग्नुपरेको छ । दक्ष जनशक्ति उत्पादन गर्न, सामाजिक रूपान्तरण गर्न, तथा शैक्षिक, आर्थिक र औद्योगिक विकासलाई गति दिन उच्च शिक्षाको महत्त्वपूर्ण भूमिका रहेकाले यस क्षेत्रमा थप उच्च शिक्षा संस्थाहरूको आवश्यकता देखिन्छ ।

### ३.४.३ चुनौतीहरुः

१. क्याम्पसको स्थायित्व र सुदृढीकरण गर्न।
२. स्नातकोत्तर तहको क्याम्पसको सम्बन्धन र अनुमति लिन।
३. भौतिक पूर्वाधार विकास गर्न ।
४. गुणस्तरीय उच्च शिक्षाको प्रत्याभूति दिलाउन।
५. जनशक्ति व्यवस्थापन गर्न।

### ३.४.४. उद्देश्य

१. पूर्वाधार विकास गरी जनशक्ति व्यवस्थापन गर्ने ।
२. स्नातकोत्तर तहको क्याम्पस स्थापना, संस्थागत विकास तथा सुदृढीकरण गर्ने ।

### ३.४.५ रणनीतिहरू

उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ :

१. सम्बन्धन प्राप्त क्याम्पसको संस्थागत विकासका लागि स्थानीय सरकार, प्रदेश सरकार र सङ्घ सरकारसँग समन्वय गरी आर्थिक आवश्यकता पुरा गर्ने।
२. यस पालिकामा स्नातकोत्तर तहको क्याम्पस स्थापनार्थ सम्बन्धनका लागि त्रिभुवन विश्वविद्यालयमा पहल गर्ने।
३. क्याम्पसको सुदृढीकरणको लागि विश्वविद्यालय अनुदान आयोगबाट अनुदान माग गरी सो अनुकूल कार्य गर्ने।

### ३.४.६ प्रमुख उपलब्धि र नतिजा

**क) उपलब्धि**

सुरक्षित र उपयुक्त भौतिक पूर्वाधार सहितको उच्च शिक्षामा अध्ययन गर्ने अवसर पाएको हुने।

**ख) नतिजा**

१. क्याम्पसको सञ्चालन स्थायित्व तथा सुदृढीकरण भएको हुने ।
२. सुरक्षित र सूचना प्रविधिमैत्री भौतिक पूर्वाधार सहितको उच्च शिक्षामा अध्ययन गर्ने अवसर पाएको हुने ।
३. उच्च शिक्षाको अवसर सहज रूपमा प्राप्त भएको हुने ।

**३.४.७ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाई | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (वर्ष १०) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | क्याम्पस सम्बन्धन | पटक | ० | ० | १ | | | १ | १ | विश्वविद्यालय |
| २ | क्याम्पस सञ्चालन | सङ्ख्या | ० | ० | १ | | | १ | १ | नगरपालिका |
| ३ | सुरक्षित पूर्वाधार निर्माण | सङ्ख्या | ० | ० | | | १ | १ | १ | सङ्घ /प्रदेश / नगरपालिका |
| ४ | स्थायित्व तथा सुदृढीकरण | निरन्तर | ० | ० | १ | | | १ | १ | नगरपालिका |

## ३.५ प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तथा तालिम

### ३.५.१ परिचय

डिप्लोमा स्तरको प्राविधिक तथा व्यावसायिक शिक्षा १६ वर्षभन्दा माथि उमेर समूहका विद्यार्थीहरूका लागि लक्षित गरिन्छ। यो शिक्षा प्रणालीले विद्यार्थीहरूलाई विशेष सीप, ज्ञान र दक्षता प्रदान गरी रोजगारको अवसर सिर्जना गर्न मद्दत गर्दछ । डिप्लोमा तहका कार्यक्रमहरू इन्जिनियरिङ, कृषि, स्वास्थ्य, सूचना प्रविधि, पर्यटन, व्यवस्थापन लगायतका क्षेत्रमा प्रदान गरिन्छन् । डिप्लोमा तहको प्राविधिक शिक्षाले विशेष गरी व्यवहारिक ज्ञानमा जोड दिने भएकाले विद्यार्थीहरू प्रत्यक्ष रूपमा श्रम बजारमा प्रतिस्पर्धा गर्न सक्षम बन्छन् । लैङ्गिक समानता र दुर्गम क्षेत्रका विद्यार्थीहरूको पहुँच सुनिश्चित गर्न छात्रवृत्ति, आवासीय सुविधाहरू, तथा विशेष आवश्यकताका लागि अतिरिक्त सहयोगका कार्यक्रमहरू सञ्चालन गरिनु आवश्यक छ ।

### ३.५.२ वर्तमान अवस्था

हाल ईशनाथ नगरपालिकामा प्राविधिक तथा व्यावसायिक शिक्षाको अवस्था सुधारोन्मुख देखिन्छ । यस नगरपालिकामा हाल एउटा पनि सुव्यवस्थित प्राविधिक विद्यालय सञ्चालनमा रहेको छैन, जसले विद्यार्थीहरूलाई प्राविधिक तथा व्यावसायिक शिक्षा लिन वाट बचिंत रहँदै आएको छ । त्यसैले नगरपालिकाभित्र कुनै पनि सामुदायिक रूपमा प्राविधिक शिक्षा र सीप विकास तालिम उपलब्ध नभएकाले विद्यार्थीहरू अन्य क्षेत्रका शिक्षण संस्थामा निर्भर रहनुपरेको छ । नगरपालिकाले प्राविधिक शिक्षाको पहुँचलाई विस्तार गर्दै विविध व्यावसायिक तथा सीपमूलक कार्यक्रमहरू सञ्चालन गर्ने लक्ष्य राखेको छ, जसले यहाँका युवाहरूलाई दक्ष जनशक्ति बन्न र स्थानीय स्तरमै रोजगारीको अवसर प्राप्त गर्न सहयोग गर्नेछ ।

### ३.५.३ उद्देश्य

१. नगरपालिकामा प्राविधिक तथा व्यावसायिक शिक्षाको प्रवर्द्धन गरी दक्ष जनशक्ति उत्पादन गर्ने ।
२. विद्यार्थीहरूलाई श्रम बजारका लागि योग्य बनाई स्व-रोजगारीको अवसर सिर्जना गर्ने ।
३. आर्थिक रूपमा कमजोर तथा विशेष आवश्यकता भएका विद्यार्थीहरूको पहुँच सुनिश्चित गर्ने ।

४. छात्रवृत्ति, आवासीय सुविधा तथा आधुनिक प्रयोगशालासहितको पूर्वाधार निर्माणमा ध्यान दिने।
५. सङ्घीय, प्रदेश तथा स्थानीय सरकारको समन्वयमा नीति तथा कार्यक्रमहरू लागू गर्ने।

**३.५.४. रणनीति**

१. प्राविधिक तथा व्यावसायिक शिक्षाको लागि आवश्यक पूर्वाधारको विकास र बिस्तार गर्ने ।
२. गुणस्तर,पहुँच,र सहाभागीतामा वृद्धि गर्ने ।
३. सिप मूलक तालिमको बिस्तार गर्ने ।

**३.५.५ प्रमुख उपलब्धि तथा नतिजा**

**क) उपलब्धि**

१. नगरपालिकाभित्रै प्राविधिक तथा व्यावसायिक शिक्षाको लागी १ वटा प्राविधिक विद्यालयको स्थापना गरी सबैको प्राविधिक शिक्षामा पहुँच विस्तार भएको हुनेछ ।
२. दक्ष जनशक्ति उत्पादन भई स्थानीय तथा राष्ट्रिय श्रम बजारमा प्रतिस्पर्धी भई उच्च क्षमता प्रस्तुत गरिरहेको हुने छ ।
३. विद्यार्थीहरू स्व-रोजगारी तथा उद्यमशीलतामा लाग्न सक्षम बन्नेछन् ।
४. आर्थिक रूपमा कमजोर तथा दुर्गम क्षेत्रका विद्यार्थीहरूले प्राविधिक शिक्षा प्राप्त गर्न सहज हुनेछ ।
५. छात्रवृत्ति, आवासीय सुविधा तथा आवश्यक पूर्वाधारको विकासले शिक्षाको गुणस्तर वृद्धि हुनेछ ।
६. नगरपालिकाको औद्योगिक, सामाजिक तथा आर्थिक विकासमा योगदान पुग्नेछ ।
७. प्रविधि, ज्ञान र सीपको प्रयोगद्वारा समाजमा सकारात्मक परिवर्तन आउनेछ ।

**ख) नतिजा**

१. प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदायक संस्थाको स्थापना हुने ।
२. प्राविधिक तथा व्यावसायिक शिक्षाको पूर्वाधारको विकास हुने ।

**३.५.६ प्रमुख क्रियाकलाप तथा लक्ष्य**

| क्रसं. | प्रमुख क्रियाकलापहरू | इकाई | भौतिक लक्ष्य (वर्ष ५) | | | | | | भौतिक लक्ष्य (वर्ष १०) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | प्राविधिक शिक्षा प्रदायक संस्था | सङ्ख्या | | | १ | | ० | १ | ३ | |
| २ | सिप मूलक तालिम | सङ्ख्या | | १ | | १ | | २ | ५ | |
| ३ | पूर्वाधार निर्माण | सङ्ख्या | | | १ | १ | १ | ३ | ५ | |

## ३.६ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ

**३.६.१ परिचय**

नेपालमा शिक्षालाई सबै नागरिकसम्म पुऱ्याउने लक्ष्य राख्दै विभिन्न प्रयासहरू हुँदै आएका छन् । विशेष गरी, औपचारिक शिक्षाको पहुँचबाट बाहिर रहेका नागरिकहरूका लागि गैरऔपचारिक शिक्षा प्रणालीलाई विकास गरिएको हो- ।साक्षर नेपाल वर्ष २०८० को अवधारणा अनुसार, हाल देशभर साक्षरता कार्यक्रमलाई व्यापक रूपमा अघि बढाइँदै छ । अझै साक्षर हुन बाँकी रहेका जिल्लाहरूमा विभिन्न कारणले निरक्षर रहेका व्यक्तिहरूलाई साक्षर बनाउनका लागि स्थानीय तहको विशेष भूमिका रहेको छ। यस अन्तर्गत, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव विकास स्रोत केन्द्र, प्रदेश स्तरमा शिक्षा विकास

निर्देशनालय, जिल्ला तहमा शिक्षा विकास तथा समन्वय इकाई, र स्थानीय तहको शिक्षा शाखालाई साक्षरता अभियानको सफल सञ्चालनका लागि परिचालन गरिएको छ ।

### ३.६.२ वर्तमान अवस्था

ईशनाथनगरपालिकामा अनौपचारिक शिक्षा कार्यक्रम सीमित रूपमा सञ्चालन भइरहेको छ। हाल यस नगरपालिकामा १ वटा पनि सामुदायिक सिकाइ केन्द्र सञ्चालनमा रहेको छैन, जसले अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ तथा निरन्तर शिक्षाका क्षेत्र प्रभावित रहेको देखिन् , केही विकास साझेदार संस्थाहरूले किशोरी शिक्षा सञ्चालन गरे ता पनि पालिकालाई अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन २०७५ अनुसार अधारभुत तह यदि यही आउँदो २०८५ वैशाख सम्म जुन नागरिकले हासिल गरेको हुँदैन त्यसलाई विभिन्न सरकारी सेवाबाट वचिंत गर्ने नीति रहेकोले तयलाई हासिल गर्न सकिने एउटा मात्र माध्यम वैकल्पिक शिक्षा हो जसलाई सञ्चालन गर्नाका लागि सरकारी संयन्त्र सामुदायिक शिक्षा केन्द्र हो जुन यहाँ सञ्चालन हुन सकेको छैन ।

वि.स. २०७८ को जनगणना अनुसार यस ईशनाथ नगरपालिकाको कुल साक्षर दर ५६.५ त्यसमा पुरुष साक्षर दर ६२.५ र महिला साक्षर दर ५०.५ रहेको छ । यसले अझ पनि ३७.५ प्रतिशत पुरुष र ४९.५ प्रतिशत महिला निरक्षर रहेको छ जस्लाई साक्षर बनाई साक्षर नगरपालिका घोषणा गर्न नपाको लागि एउटा चुनौतीको विषय हो । त्यसलाई मध्य नजर गरी नगरपालिकाले अनौपचारिक शिक्षा कार्यक्रमलाई प्रभावकारी बनाउन आवश्यक बजेट तथा स्रोत साधन परिचालन गर्दै निरक्षर जनसङ्ख्यालाई साक्षर बनाउने लक्ष्य राखेको छ । आगामी दिनमा नगरपालिकाले साक्षरता अभियानलाई थप व्यवस्थित गर्दै किशोरी शिक्षा, महिला साक्षरता तथा वयस्क शिक्षा कार्यक्रमहरू विस्तार गर्ने कार्यक्रमहरूलाई प्रभावकारी बनाउनका लागि यस ५ वर्षे शिक्षा योजना सारेको छ, जसले नगरपालिकाको समग्र शिक्षाको स्तर वृद्धि गर्न महत्त्वपूर्ण योगदान पुऱ्याउनेछ र साक्षर नगरपालिका घोषणा हुने छ ।

### ३.६.३ चुनौतीहरू

१. यस ईशनाथ नगरपालिकाको साक्षर दर जम्मा ५६.५ प्रतिशत मात्र हुनु ।
२. यस पालिकामा पुरुषहरूको साक्षरता दर ६२.५ प्रतिशत र महिलाहरूको साक्षरता दर ५०.५ प्रतिशत मात्रै हुन ।
३. राष्ट्रिय समकक्षता मापदण्डलाई लागु गर्न नसक्नु ।
४. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको सहज र सर्वसुलभ पहुँच सुनिश्चित ।
५. साक्षरता, निरन्तर सिकाइ, आयमूलक सीपसँगै समय सापेक्ष सूचना प्रविधियुक्त साक्षरता कक्षा सञ्चालन।
६. मौलिक तथा परम्परागत संस्कृतिको पहिचान, संरक्षण प्रवर्धन गर्न ।
७. सामुदायिक सिकाइ केन्द्रलाई समयसापेक्ष सिकाइ आवश्यकता सम्बोधन गर्न सक्ने बनाउनु ।
८. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ लागि मापदण्ड बनाउनु ।
९. पाठ्यक्रम, पाठ्यपुस्तक तथा थप सिकाइ सामग्रीहरू विकास गर्न नसक्नु ।
१०. व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र,घुम्ती पुस्तकालय स्थापना र प्रवर्धन गर्ने विषयलाई सामुदायिक सिकाइ केन्द्रसँग आबद्ध गर्ने ।
११. सहजकर्ताको क्षमता विकास गर्न नसक्नु ।
१२. स्रोत व्यवस्थापन र सरोकारवालाहरूको सम्वन्वयमा कमी हुनु ।
१३. सामुदायिक सिकाई केन्द्रहरू प्रविधि मैत्री बनाई पुस्तकालयसँग जोडन ।
१४. परम्परागत तथा रैथाने शिक्षालाई प्रवर्द्धन गर्न नसक्नु ।

### ३.६.४ उद्देश्य

यस योजनाले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइसम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छ:

१. साक्षर ईशनाथ नगरपालिकाको रूपमा विकास गर्नु ।
२. साक्षरतालाई सीपसँग आबद्ध गरी रोजगारका अवसर प्रदान गर्नु।
३. सामुदायिक सिकाइ केन्द्रको विकास, विस्तार र प्रविधियुक्त बनाउनु ।
४. तालिम प्राप्त दक्ष सहजकर्ता उत्पादन तथा व्यवस्थापन गर्नु ।
५. सामुदायिक सिकाई केन्द्रलाई पुस्तकालय र प्रविधिसँग जोडन नसक्नु ।
६. राष्ट्रिय सक्षमता लागु गर्न नसक्नु ।
७. सरोकार बलाहरूको प्रभावकारी समन्वय नहुनु ।

### ३.६.५ रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ:

१. साक्षरता तथा आजीवन सिकाइ अभियानका लागि सरोकारवालाबीच समन्वय र सहकार्य गर्ने।
२. राष्ट्रिय योगता प्रारुपलाई कार्यविधि तथा मातृ विद्यालय तोकी लागु गर्ने।
३. सामुदायिक सिकाइ केन्द्रहरूको सुदृढीकरण, पुनर्संरचना तथा विस्तार गर्ने।
४. अनौपचारिक शिक्षा तथा जीवनोपयोगी/सीपमूलक सिकाइका अवसर विस्तार गर्ने।
५. सिकाइ केन्द्रको क्षमता विस्तार तथा प्रविधिमै बनाउने।
६. पुस्तकालय, विद्युतीय पुस्तकालय तथा प्रविधिमैत्री सिकाइको पहुँच बढाउने।
७. मौलिक, रैथाने तथा परम्परागत ज्ञान–सीपको संरक्षण, प्रवर्द्धन र हस्तान्तरण गर्ने।
८. तालिमप्राप्त सहजकर्ता तथा विज्ञ जनशक्ति परिचालन गर्ने।
९. महिला, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक तथा पछाडि परेका समुदायका लागि समावेशी आजीवन सिकाइका अवसर सुनिश्चित गर्ने।
१०. योग, व्यायाम, स्वास्थ्य तथा मनोरञ्जनात्मक सिकाइ गतिविधि प्रवर्द्धन गर्ने।

### ३.६.६ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

१. लक्षित वर्ग र समुदायमा सिकाइ अवसरहरूको सिर्जना हुने ।
२. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको व्यवस्थापनका लागि आवश्यक संरचनागत व्यवस्था तयार भई कार्य सञ्चालन हुने ।
३. राष्ट्रिय योगता प्रारुप अनुसारको पठन पाठन, तयार तथा प्रमाणिकरण भएको हुने ।
४. साक्षर नगरपालिका घोषणा भएको हुने ।
५. परम्परागत तथा रैथाने शिक्षाको विकास तथा प्रवर्द्धन भएको हुने ।

**ख) नतिजा**

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | नगरपालिकाको साक्षर दर | ५६.५ | ६० | ७० | ८५ | ९० | १०० |
| २ | महिलाहरूको साक्षरता दर | ४९.५ | ५० | ७० | ८० | ९० | १०० |
| ३ | माध्यामिकतह (कक्षा १-१२) मा विद्यालय बाहिर रहेका बालबालिकाको दर (OOSC) | १११ | ५० | ४० | ३० | १० | ५ |
| ४ | हरे वडामा १ सामुदायिक सिकाई केन्द्रको विस्तार | २ | २ | २ | १ | १ | १ |
| ५ | छोटो अवधिका आयमूलक कार्यक्रम सञ्चालन | १ | १ | १ | १ | १ | १ |
| ६ | साक्षर नगरपालिका घोषणा | ० | ० | ० | ० | १ | ० |
| ७ | सिकाई केन्द्र तथा घुम्ती पुस्तकालय स्थापना | १ | ० | १ | ० | १ | ० |
| ८ | छोटो अवधिका आयआर्जन तथा सिपमूलक कार्यक्रमहरू सञ्चालन | ३०० | ३०० | ३०० | २०० | २०० | २०० |
| ९ | राष्ट्रिय शिक्षा सक्षमता प्रारुपको सफल कार्यान्वयन | ८०% | ८०% | ८५% | ९०% | ९५% | १००% |
| १० | शैक्षिक तथ्याकंहरु अद्यावधिक तथा व्यवस्थित | ८०% | ८०% | ८५% | ९०% | ९५% | १००% |

**३.६.७ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाई | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | निरक्षरहरूको विवरण सङ्कलन र शैक्षिक तथ्याकंहरु अद्यावधिक तथा व्यवस्थित | पटक | १ | | | | | १ | २ | नगरपालिका |
| २ | पूर्ण साक्षर ईशनाथ नगरपालिका घोषणा | वडागत | | १ | २ | ३ | ३ | ९ | ९ | नगरपालिका |
| ३ | स्थानीय माग र आवश्यकताका आधारमा सा.सी.के सञ्चालन र व्यवस्थापन | सङ्ख्या | | | १ | | १ | २ | २ | नगरपालिका |
| ४ | सामुदायिक पुस्तकालयलाई सामुदायिक केन्द्रसँग आबद्ध गर्ने | पुस्तकालय | | | १ | १ | | २ | २ | नगरपालिका |
| ५ | सा.सी.के.मा प्रविधिको विकास गर्ने | सङ्ख्या | | | १ | | १ | २ | ४ | नगरपालिका |
| ६ | सा.सी.के. ले समुदायमा आधारित सङ्घ संस्थासँग सहकार्य गर्ने | निरन्तर | | | | | | | | सा. सी.के. |
| ७ | विज्ञ समूह निर्माण | पटक | | १ | | | १ | २ | २ | सा. सी.के. |
| ८ | जीवनपर्यन्त सिकाइका लागि सामग्री विकास | सङ्ख्या | | | १ | १ | १ | ३ | १० | सा. सी.के. |
| ९ | परिचालकको क्षमता विकास | सङ्ख्या | | १ | | | १ | २ | ४ | नगरपालिका |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | राष्ट्रिय योगता प्रारुपको सफल कार्यान्वयन | निरन्तर | | | | | | | | |
| ११ | वडागत घुम्ती पूस्ताकलयको स्थापना | पटक | | १ | | | १ | २ | ४ | |
| १२ | छोटो अवधिको सिपमुल्क तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १३ | परम्परागत तथा रैथाने शिक्षा विकास तथा प्रवर्द्धन | निरन्तर | | | | | | | | |
| १४ | योग तथा व्याम शिविर सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

# परिच्छेद ४: अन्तर सम्बन्धित विषय तथा क्षेत्रहरू

## ४.परिचय

परिच्छेद तीनमा शिक्षा क्षेत्रका मुख्य उपक्षेत्रहरू जस्तै प्रारम्भिक बाल विकास, आधारभूत र माध्यमिक शिक्षा, अनौपचारिक शिक्षा, आजीवन सिकाइ, पाठ्यक्रम तथा मूल्याङ्कन, शिक्षक व्यवस्थापन तथा विकास लगायतका विषयहरूको विश्लेषण गरी चुनौतीहरू पहिचान गरिएको छ। यस योजनाले शिक्षाका अन्तर सम्बन्धित विषय तथा क्षेत्रहरू जस्तै समता तथा समावेशीकरण अभिवृद्धि, विद्यालय स्वास्थ्य, पोषण तथा दिवा खाजा, छात्रवृत्ति, आपत्कालीन अवस्था शिक्षा, विद्यालय भौतिक विकास, तथा सूचना प्रविधिको प्रयोगलाई प्राथमिकता दिएको छ। विद्यालय शिक्षाको वर्तमान अवस्था, आवश्यकताहरू तथा सम्भावित समाधानहरू पहिचान गरी योजनाको उद्देश्य, रणनीति, प्रमुख नतिजा, क्रियाकलाप र लक्ष्यहरू निर्धारण गरिएको छ, जसले शिक्षाको समग्र  शिक्षाको सन्तुलित सुधारमा योगदान पुराउनेछ ।

## ४.१ पाठ्यक्रम पाठ्यपुस्तक, सिकाइ सामग्री र मूल्याङ्कन

### ४.१.१ परिचय

पाठ्यक्रम मानव जीवनका समस्याहरू समाधान गर्न आवश्यक ज्ञान, सीप र क्षमता आर्जनका लागि मार्गनिर्देशको रूपमा कार्य गर्छ। यसले शैक्षिक र सामाजिक जीवनदर्शन, सिकाइ प्रक्रिया, र ज्ञानको प्रकृतिका आधारमा बालबालिकाको सिकाइको आवश्यकताहरू पहिचान गरेर योजना प्रस्तुत गर्दछ। पाठ्यक्रम विकास निरन्तर प्रक्रिया हो, जसले समाज, राष्ट्र र व्यक्तिको आवश्यकता अनुसार परिवर्तन हुन्छ। पाठ्यक्रमले विद्यार्थीलाई सिकाइका लागि सही दिशा दिने उद्देश्य राख्छ र यसलाई प्रभावकारी बनाउन शिक्षक, विद्यार्थी, र समुदायको सहकार्य आवश्यक हुन्छ। पाठ्यक्रम समयसापेक्ष, सान्दर्भिक र समावेशी हुनुपर्छ। अपेक्षित उपलब्धिको पहिचानका लागि मूल्याङ्कन गरिन्छ जुन कक्षामा आधारित पठन सीप परीक्षण, आवधिक परीक्षा र अन्य मूल्याङ्कन विधिहरू प्रयोग गरी गरिन्छ । यसका साथै, विद्यार्थीहरूको पहुँचका लागि विद्युतीय सामग्री र अनलाइन पोर्टलहरू तथा अन्य स्थानीय समाग्रिहरुको प्रयोग गरी विषयवस्तु सुहाउँदो शैक्षिक समाग्रिहरुको निर्माण गरी गुणस्तरीय शिक्षाका लागि  कक्षा शिक्षणमा प्रभावकारी प्रयोग गरिएको हुन्छ ।

### ४.१.२ वर्तमान अवस्था

ईशनाथ नगरपालिकाले हालसम्म नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम लागू गर्दै आएको सर्वविदितै छ। तर स्थानीय सरकारको अधिकार क्षेत्र तथा जिम्मेवारीमा रहेका स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन यस पालिकाले गर्न सकेका छैन जस कारण बालबालिका ले पालिकाको समग्रता आफ्नो परिवेश अनुकूलको विषयवस्तुमा सहज तरिकाले बुझ्न र पढ्न पाएका छैन । आधारभूत तहमा स्थानीय कला,संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथा ज्ञानमा आधारित स्थानीय पाठ्यक्रम स्थानीय तहले विकास गरी कार्यान्वयन गर्नु पर्ने  हो र सबै कक्षाका विषयवस्तुलाई यथासम्भव स्थानीय परिवेश तथा दैनिक जीवनसँग सम्बन्धित गराई सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने व्यवस्था गर्नु पर्नेमा गर्न सकेका छैन। त्यसै गरी यसले सिकाइमा प्रयोग गरिने माध्यम भाषाले सिकाइमा बाधा नपर्ने गरी आवश्यकताअनुसार मातृभाषा, स्थानीय भाषा वा बहु-भाषाको प्रयोग गरी सिकाइ सहजीकरण गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई  जीवनोपयोगी तथा व्यवहार कुशल सीपका रूपमा एकीकृत गर्नुका साथै सिकाइको माध्यमका रूपमा प्रयोगलाई विस्तार गर्ने र विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्ने गरी प्रयोग गर्ने नीति लिए ता पनि प्रभावकारी रूपले अगाडी बढ्न सकेका छैन ।

खास गरी, आधारभूत तह कक्षा १ देखि ३ मा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली मार्फत उद्धार कक्षाउन्नती नीति अपनाइएको छ। आधारभूत तह कक्षा ४ र ५ मा ५०प्रतिशतनिर्णयात्मक र ५० प्रतिशत निर्माणात्मक मूल्याङ्कन विधि अपनाइएको छ। आधारभूत तह कक्षा ६ र ८ मा ६०प्रतिशतनिर्णायात्मक र ४० प्रतिशत निर्माणात्मक मूल्याङ्कन अपनाइएको छ। आधारभूत तहको कक्षा ७ सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली अपनाइएको छ। कक्षा ८ को वार्षिक परीक्षा पालिका स्तरमा हुने छ। कक्षा १० तथा १२ को अन्तिम परीक्षा राष्ट्रिय परीक्षा बोर्डको निर्देशन अनुरूप हुने गरेको छ ।

### ४.१.३ चुनौतीहरू

१. स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्नु ।
२. प्रारम्भिक कक्षाहरूमा आवश्यकता अनुसार कक्षामा मातृभाषा, स्थानीय भाषा, बहु-भाषा प्रयोग गर्न ।
३. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री विकासका लागि क्षमता विकास गर्नु ।
४. स्थानीय पाठ्यक्रम विकास तथा अद्यावधिक कार्यलाई अनुसन्धानमा आधारित बनाउने।
५. सिकाइ सहजीकरण र मूल्याङ्कनमा सूचना प्रविधिको प्रयोग गर्न ।
६. स्थानीय पाठ्यक्रम कार्यान्वयन तथा मूल्याङ्कनमा पद्धतिको विकास गर्नु ।
७. अपाङ्गता मैत्री पाठ्यपुस्तक तथा कार्य पुस्तिकाको प्रयोग गर्नु ।

### ४.१.४ उद्देश्य

यस योजनाले पाठ्यक्रम तथामूल्याङ्कन सम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छ।

१. पाठ्यक्रम विकासमा स्थानीय तहको नेतृत्व र सहभागिता सुनिश्चित गर्नु .
२. सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउने र विषयवस्तुलाई अन्तर सम्बन्धित गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु ।
३. स्थानीय पाठ्यक्रम मार्फत ईशनाथ नगरपालिकाको समृद्धी निर्माणका लागि सक्षम,सृजनशील तथा प्रतिस्पर्धी नागरिक तयार गर्न सहयोग गर्नु ।
४. सिकारुका सिकाइ समस्याको समाधान उन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको व्यवस्था गर्नु ।

### ४.१.५ रणनीतिहरू

उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ :

१. स्थानीय पाठ्यक्रमलाई समयसापेक्ष, सान्दर्भिक, गुणस्तरीय र प्रभावकारी बनाउँदै, सक्षम र प्रतिस्पर्धी नागरिक तयार गर्न पाठ्यक्रम विकास तथा कार्यान्वयन अनुसन्धान र मूल्याङ्कनमा आधारित हुनेछ ।
२. पाठ्यक्रम र पाठ्यपुस्तक विकासलाई सहभागितामूलक बनाउँदै, स्थानीय सरोकारवालामा अपनत्व सिर्जना गरेर स्थानीय परिवेशमा आधारित पाठ्यक्रम कार्यान्वयन गरिनेछ र प्रभावकारिता आधारमा निरन्तरता दिइनेछ ।
३. स्थानीय पाठ्यक्रमको विकास तथा कार्यान्वयनको लागि शिक्षकको क्षमता विकास गर्ने ,
४. स्थानीय पाठ्यक्रम मार्फत प्रकोप व्यवस्थापन विषयवस्तु समावेश गरी विपद्, महामारी तथा सङ्कट व्यवस्थापन र न्यूनीकरण गर्न प्रारम्भिक कक्षा देखिनै बालबालिकालाई सक्षम बनाइँदै लगिने छ ।
५. विपत्, महामारी तथा सङ्कटको समयमा सिकाइलाई निरन्तरता दिन सूचना तथा सञ्चार प्रविधिको अधिकतम उपयोगमा जोड दिइने छ।
६. प्रारम्भिक कक्षाहरूमा सिकाइ सहजीकरणको निम्ति आवश्यकता अनुसार मातृभाषा र स्थानीय भाषालाई प्राथमिकता दिइने छ।

७. अपाङ्गता भएका बालबालिकाहरूको सिकाइ अवसर वृद्धि गर्न सिकाइ सामग्रीलाई ब्रेललिपिमा तयार गर्ने र श्रव्यदृश्यमा आधारित साङ्केतिक भाषाका शैक्षिक सामग्रीहरूको विकास र प्रयोगलाई प्राथमिकताका साथ कार्यान्वयनमा ल्याइने छ।
८. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीलाई प्रभावकारिताका साथ कार्यान्वयन गरिनेछ ।
९. आधारभूत तहको कक्षा ५ र ८ को वार्षिक परीक्षालाई पालिका स्तरीय बनाई सुधार गरिनेछ ।

### ४.१.६ प्रमुख उपलब्धि तथा नतिजा,

**क) उपलब्धि**

१. स्थानीय पाठ्यक्रमको विकास भई लागु भएको हुने ।
२. बालबालिकाहरूले स्थानीय बारे जानकार भएको हुने ।
३. स्थानीय पाठ्यक्रम सान्दर्भिक तथा मूल्याङ्कन प्रणाली प्रभावकारी कार्यान्वयन भएको हुने ।
४. शिक्षकहरूले स्थानीय सामग्रीहरूको प्रयोग गरी विषयवस्तु अनुसारको शैक्षणिक समाग्रिहरुको उत्पादन गरी कक्षामा प्रयोग गरेको हुने छ।
५. विद्यार्थीहरूमा स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथा ज्ञानसकारात्मक सोच भएको
६. निरन्तर सिकाइ प्रति प्रतिबद्ध र रोजगार उन्मुख नागरिक तयार गर्न सहयोग हुने ।

**ख) नतिजा**

| क्रसं | सूचक | आधार वर्ष - २०८१८२ | २०८१८२ | २०८२८३ | २०८३८४ | २०८४८५ | २०८५८६ |
|---|---|---|---|---|---|---|---|
| १ | स्थानीय पाठ्यक्रम२०७८ प्रारम्भिक बाल विकास देखि कक्षा ८ सम्म विकास तथा कार्यान्वयन हुने | १९ | १९ | १९ | १९ | १९ | १९ |
| २ | स्थानीय पाठ्यक्रम निर्माण | ० | | कक्षा१देखि३सम्म | कक्षा ४ देखि ५ सम्म | | कक्षा ६ देखि ८ सम्म |
| ३ | स्थानीय पाठ्यक्रम परिमार्जन तथा सुधार | ० | | | कक्षा१देखि३सम्म | कक्षा ४ देखि ५ सम्म | कक्षा ६ देखि ८ सम्म |
| ४ | स्थानीय पाठ्यक्रम सम्बन्धी शिक्षकहरूलाई तालिम | १ पटक | १ पटक | १ पटक | १ पटक | १ पटक | १ पटक |

### ४.१.७ प्रमुख क्रियाकलाप र लक्ष्य

तलको तालिकामा पालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य उल्लेख गरिएको छ

| क्र स | प्रमुख क्रियाकलापहरू | इकाई | भौतिक लक्ष्य | | | | | | भौतिक लक्ष्य १० वर्ष मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६को प्रभावकारी कार्यान्वयन लागि अभिमुखीकरण | विद्यालय सङ्ख्या | १९ | १९ | १९ | १९ | १९ | १९ | १९ | सङ्घ/स्थानीय तह/विद्यालय |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | स्तरीकृत प्रश्न निर्माण कार्यशाला | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय तह |
| ३ | एकीकृत पाठ्यक्रम तथा निरन्तर मूल्याङ्कन सम्बन्धी क्षमता विकास कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय तह |
| ४ | उत्कृष्ट विद्या य, शिक्षक, विद्यार्थी प्रोत्साहन कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय तह |
| ५ | स्थानीय पाठ्यक्रमको र  कार्यान्वयन | निरन्तर | | | | | | | | स्थानीय तह/विद्यालय |
| ६ | स्थानीय वस्तुहरूको प्रयोग गरी शिक्षण सामाग्रीहरूको निर्माण तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | | स्थानीय |
| ७ | सूचना तथा सञ्चार प्रविधि प्रविधिमा आधारित डिजिटल सामग्री निर्माण | निरन्तर | | | | | | | | स्थानीय |
| ८ | लैगिक मैत्री पाठ्यक्रम निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय |

## ४.२ शिक्षक व्यवस्थापन तथा विकास

### ४.२.१ परिचय :

शिक्षक व्यवस्थापन र पेसागत विकास शिक्षा क्षेत्रमा महत्त्वपूर्ण कार्य हो, जसले गुणस्तरीय शिक्षण सुनिश्चित गर्न मद्दत पुराउँछ। शिक्षा बजेटको ७०प्रतिशतशिक्षक तलबमा खर्च हुन्छ ।शिक्षकको छनोट , नियुक्ति र पदोन्नति शिक्षक सेवा आयोगले गर्ने भए पनि सङ्घीयता कार्यान्वयन पछि स्थानीय तहको पनि सहभागिता आवश्यक भएको छ। शिक्षक तालिम केन्द्रमार्फत सञ्चालित रहे पनि, केही स्थानीय तहले क्षमता विकास तालिम पनि सञ्चालन गरेका छन्। शिक्षकको पेसागत सीपले शिक्षाको गुणस्तरमा सीधा असर पुराउँछ, र तालिमबाट प्राप्त ज्ञान कक्षामा प्रभावकारी प्रयोग गर्न आवश्यक छ। निरन्तर प्राविधिक सहयोग र शिक्षकको पेसागत विकासमार्फत शिक्षण सुधारले विद्यार्थीको सिकाइ सुधार्न मद्दत गर्दछ ।

### ४.२.२ वर्तमान अवस्था :

नगरपालिकामा शिक्षक व्यवस्थापन तथा विकासको अवस्था हेर्दा तहगत रूपमा शिक्षक दरबन्दी तथा विषयगत शिक्षकको कमी देखिन्छ। उपलब्ध तथ्याङ्कअनुसार ECD मा ३३ शिक्षक, आधारभूत तह (१-५) मा ७६, आधारभूत तह (६-८) मा १४, माध्यमिक तह (९-१०) मा ९ र माध्यमिक तह (११-१२) मा ४ शिक्षक गरी स्वीकृत तथा राहत दरबन्दीअन्तर्गत जम्मा १३६ शिक्षक रहेका छन्। शिक्षक विद्यार्थी अनुपात ECD मा ३३:१, कक्षा १–५ मा ६२:१, कक्षा ९–१० मा २८:१ र कक्षा ११-१२ मा ८१:१ रहेकोले विशेषगरी माध्यमिक तथा उच्च माध्यमिक तहमा शिक्षकको अभाव स्पष्ट देखिन्छ।

विद्यालयमा आवश्यकताअनुसार विषयगत शिक्षकको आपूर्ति हुन नसक्दा आधारभूत तहका शिक्षकलाई माथिल्लो तहमा परिचालन गर्नुपर्ने अवस्था रहेको छ। साथै पालिकाको स्रोतबाट समेत शिक्षक व्यवस्थापन गर्नुपर्ने अवस्था देखिन्छ। शिक्षक समायोजन तथा दरबन्दी मिलानको कार्य सम्पन्न भए पनि विषयगत तथा तहगत शिक्षक व्यवस्थापन अझै प्रभावकारी हुन सकेको छैन। त्यसैले आवश्यकतामा आधारित शिक्षक दरबन्दी मिलान, विषयगत शिक्षकको आपूर्ति, शिक्षकको पेसागत क्षमता विकास, coaching/mentoring तथा निरन्तर पेसागत सहयोग मार्फत शिक्षक व्यवस्थापनलाई थप व्यवस्थित र प्रभावकारी बनाउनुपर्ने अवस्था रहेको छ

**४.२.३ चुनौतीहरुः**

१. शिक्षण पेसालाई सबैको रोजाइको पेसाका रूपमा विकास गर्नु।
२. शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउन शिक्षण विधि र क्रियाकलापमा विविधता ल्याउनु।
३. शिक्षक पेसागत सहयोगको सुदृढ प्रणाली स्थापित गर्नु।
४. विषयगत आधारमा आवश्यक शिक्षक दरबन्दी सुनिश्चित गर्नु।
५. शिक्षकको पेसागत विकासको अवसर र विस्तार गर्न।
६. समयमा कक्षाकोठाभित्र शिक्षकको नियमितता र गुणस्तरीय शिक्षण हुन् नसक्नु ।
७. तहगत रूपमा परीक्षा सञ्चालन गरी अग्रिम रूपमा स्वयंसेवक सूची प्रकाशन गर्नु

**४.२.४ उद्देश्य**

यस पालिकाको शिक्षा क्षेत्रको योजनामा शिक्षक व्यवस्थापन र विकासका देहायबमोजिमका उद्देश्यहरू निर्धारण गरिएका छन्:

१. शिक्षकको छनौट, नियुक्ति र पुनर्वितरणलाई सुदृढ बनाउन सहयोग पुऱ्याउनु।
२. शिक्षक विकास तथा निरन्तर पेसागत सहायता प्रणाली स्थापना गर्नु।
३. सबै तहमा योग्य,दक्ष तथा क्षमतावान् शिक्षकहरूको प्रबन्ध गर्नु।
४. पालिका अन्तर्गत स्वयम् सेवक शिक्षकको छनोट गर्नु ।
५. कक्षाकोठामा शिक्षकको नियमितताको लागि निरन्तर अनुगमन र शिक्षकको पेसागत सहयोग प्रणालीको विकास ।

**४.२.५ रणनीतिहरू**

१. शिक्षक तालिमलाई विषयवस्तुको ज्ञान र शिक्षण सीपमा केन्द्रित बनाइने छ।
२. विषयगत रूपमा शिक्षक दरबन्दी मिलान र परिमार्जन गरिनेछ ।
३. शिक्षकको निरन्तर पेसागत विकासका लागि शिक्षण सीप विकाससम्बन्धी तालिम सञ्चालन गरिने छ।
४. शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराइने छ। यसका लागि अनुभवी शिक्षकबाट सहयोग तथा मेन्टरिङको पद्धति विकास गरिनेछ।
५. शिक्षक सरुवा हुँदा विद्यार्थीको सिकाइमा कुनै अवरोध नहुने पद्धति विकास गरिनेछ।
६. पालिका अन्तर्गत स्वयंसेवक शिक्षकको करार सूची प्रकाशन गरिनेछ।
७. शिक्षकको पेसागत performance को आधारमा पुरस्कार र दण्डको व्यवस्था गरिनेछ ।

**४.२.६ प्रमुख उपलब्धि तथा नतिजा**

**क ) उपलब्धि**

१. विद्यालयको भौतिक तथा शैक्षिक वातावरण सुधार र शिक्षकको पेसागत क्षमता विकास गरी शिक्षण सिकाई क्रियाकलापमा सुधार ल्याई विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि गर्ने ।
२. पालिका अन्तर्गतका विद्यालयहरूमा विद्यार्थी सङ्ख्याको अनुपातमा प्राथमिकताका आधारमा भौतिक संरचना निर्माण गर्ने।
३. लैगिंक रुपले समान महिला पूरुष शिक्षकहरुको भर्ना भएको हुने छा।
४. शिक्षण पेसा प्रतिस्पर्धी र सम्मानित हुनेछ।
५. महिला शिक्षकहरुलाई प्रोत्साहन तथा क्षमता विकास भएको हुने छ।
६. स्थानीय तहबाट शिक्षक पेसागत सहयोग प्रणाली मार्फत निरन्तर पेसागत सहयोग प्राप्त हुने।
७. विषयगत रूपमा शिक्षक दरबन्दी मिलान परिमार्जन तथा आपूर्ति हुने ।

**ख) नतिजा**

| क्रसं | सूचक | आधार वर्ष (२०८१८२) | २०८१८२ | २०८२८३ | २०८३८४ | २०८४८५ | २०८५८६ |
| --- | --- | --- | --- | --- | --- | --- | --- |
| १ | प्रारम्भिक बाल विकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक तथा सहजकर्ताको सङ्ख्या | ३३ | ३३ | ३३ | ३३ | ३३ | ३३ |
| २ | आधारभूत तहमा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक(प्रतिशत) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ३ | माध्यमिक तह(कक्षा ९-१२) मा कार्यरत न्यूनतम योग्यता तथा तालिम प्राप्त शिक्षक(प्रतिशत) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ४ | सूचना तथा प्रविधि सम्बन्धी नूतनतम सक्षमता भएका शिक्षक (प्रतिशत) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ५ | शिक्षक पेसागत सहयोग प्रणाली लागु भएका विद्यालय | ० | ५ | ५ | ५ | ५ | ४ |
| ६ | कार्यसम्पादन सम्झौता कार्यान्वयन गरेको विद्यालय सङ्ख्या | ० | ५ | ५ | ५ | ५ | ४ |
| ७ | सामुदायिक आधारभूत बिद्यालयतहहरूमा कार्यरत शिक्षकहरूमध्ये TPD तालिम पुरा गर्नेको प्रतिशत | ० | ४५ | ५५ | ६५ | ८५ | १०० |
| ८ | आधारभूत र माध्यमिक तहमा नयाँ नियुक्त भएका शिक्षकहरूमध्ये १ महिने क्षमता अभिवृद्धि तालिम (Capacity Development Training) लिएका शिक्षक सङ्ख्या | ० | ४० | ५० | ६० | ८० | १०० |
| ९ | आधारभूत र माध्यमिक तहका शिक्षकहरूमध्ये विद्यार्थीहरूको सिकाई अभिवृद्धिका लागि ICT मा आधारित Online/Offline १ महिने तालिम पुरा गर्ने शिक्षक सङ्ख्या | १० | ३० | ४० | ५० | ७० | ९० |
| १० | आधारभूत तहका शिक्षकहरूमध्ये मागमा आधारित Online/Offline छोटो अवधि र पुनर्ताजगी तालिम पुरा गर्ने शिक्षक प्रतिशत | १० | २० | ४० | ६० | ८० | १०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ११ | आधारभूत (कक्षा १-५) मा महिला शिक्षकको प्रतिशत | ५०.६ | ५०.६ | ५०.६ | ५०.६ | ५०.६ | ५०.६ |
| १२ | आधारभूत (कक्षा ६-८) मा महिला शिक्षकको प्रतिशत | ३५.४ | ४० | ४५ | ५० | ५० | ५० |
| १३ | आधारभुत (कक्षा १-८) मा महिला शिक्षकको प्रतिशत | ४८ | ५० | ५० | ५० | ५० | ५० |
| १४ | माध्यामिकतह (कक्षा ९-१०) मा महिला शिक्षकको प्रतिशत | २० | ३० | ४० | ५० | ५० | ५० |
| १५ | माध्यमिकतह (कक्षा ११-१२) मा महिला शिक्षकको प्रतिशत | ९.१ | १५ | २५ | ४० | ५० | ५० |
| १६ | माध्यमिकतह (कक्षा ९-१२) मा महिला शिक्षकको प्रतिशत | १८ | २५ | ३० | ४० | ५० | ५० |

स्रोत: शिक्षा सखा ,EMIS टुल किट २०८१

### ४.२.७ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाई | **भौतिक लक्ष्य (५ वर्ष)** | | | | | | **भौतिक लक्ष्य (१० वर्ष)** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | **१** | **२** | **३** | **४** | **५** | जम्मा | | |
| १ | शिक्षण पेसाप्रति आकर्षण र नियुक्ति | | | | | | | | | |
| | स्वयम् सेवक शिक्षक तयारी | अवशयता अनुसार | | | | | | | | सङ्घ र नगरपालिका |
| | पालिका श्रोतबाट नियुक्त शिक्षकका लागि निर्देशिका निर्माण | पटक | | १ | | | | १ | १ | नगरपालिका |
| २ | शिक्षक तयारी | | | | | | | | | |
| | नवनियुक्त शिक्षकलाई सेवा प्रवेश तालिम सञ्चालन | पटक | १ | | १ | | १ | १ | १ | सङ्घ,प्रदेश/नगरपालिका |
| ३ | शिक्षण सिकाइ क्रियाकलाप | | | | | | | | | |
| | शिक्षण सिकाइ नियमित गर्न मापदण्ड विकास | पटक | | १ | | | | १ | १ | नगरपालिका |
| | उपचारात्मक शिक्षण पद्धति विकास | निरन्तर | | | | | | | | विद्यालय |

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाई | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| | एक विद्यालय एक पुस्तकालय स्थापना | सङ्ख्या | | ३ | ५ | ५ | ५ | १९ | ३८ | सङ्घ,प्रदेश/नगरपालिका |
| | एक विद्यालय एक ICT ल्याब स्थापना | सङ्ख्या | | १ | १ | १ | १ | ४ | ८ | सङ्घ,प्रदेश/नगरपालिका |
| | शिक्षक पेसागत सहयोग पद्धति विकास | निरन्तर | | | | | | | | सङ्घ,प्रदेश/नगरपालिका |
| | शिक्षक पेसागत सहयोग मार्गदर्शन विकास र प्रयोग | पटक | | १ | | | | १ | २ | नगरपालिका |
| | पेसागत शैक्षिक अवलोकन | निरन्तर | | | | | | | | नगरपालिका |
| ४ | शिक्षक क्षमता विकास कार्यक्रम | | | | | | | | | |
| | छोटो अवधिको पुनर् ताजगी तालिम सञ्चालन गर्ने | पटक | | १ | | १ | | २ | ३ | नगरपालिका |
| | बाल विकास सहजकर्ताको लगि तालिम | सङ्ख्या | ३३ | ३३ | ३३ | ३३ | ३३ | ३३ | ३३ | नगरपालिका |
| ५ | शिक्षक उत्तरदायित्व | | | | | | | | | |
| | शिक्षकले शिक्षणमा बिताउने समयमा प्र.अ. लाई जिम्मेवार बनाउने | सबै विद्यालय | २४ | २४ | २४ | २४ | २४ | २४ | ३८ | नगरपालिका |
| ६ | शिक्षकको आपूर्ति र वितरण विद्यार्थी संख्याको आधारमा दरबन्दी व्यवस्थापन गर्ने | पटक | | | १ | | १ | २ | ४ | संघ प्रदेश/नगरपालिका |
| ७ | लैगिंक शिक्षक सन्तुलनका लागि महिला शिक्षक भर्ना | अवशयकताको अधारमा | | | | | | | | संघ प्रदेश/नगरपालिका |

## ४.३ शैक्षिक समता र समावेशीकरण

### ४.३.१ परिचय

शिक्षा समावेशी र समान हुनुपर्छ, जसले हरेक व्यक्तिको जाति, लिङ्ग, भाषा, क्षमता, वा आर्थिक(सामाजिक अवस्थाको आधारमा विभेद नगरोस् । समावेशी शिक्षाको मुख्य लक्ष्य सबैलाई शिक्षा प्राप्त गर्ने समान अवसर प्रदान गर्नु हो, विशेष गरी आर्थिक रूपमा कमजोर, फरक क्षमता भएका, तथा भाषिक, सांस्कृतिक रूपमा विविध समुदायका बालबालिकालाई शिक्षाको

मूल प्रवाहमा ल्याउनु आवश्यक छv. नेपाल सरकारले शिक्षामा समानता र समावेशितालाई प्रवर्द्धन गर्न विभिन्न कानुनी तथा नीतिगत पहलहरू अघि बढाएको छ। नेपालको संविधान ले शिक्षामा समान अवसर सुनिश्चित गर्ने प्रतिबद्धता जनाएको छ भने राष्ट्रिय शिक्षा नीति २०७६, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ , तथा एकीकृत क्षमता र नीति २०७१ ले बहिष्करणमा परेका समुदायका लागि शिक्षा पहुँचयोग्य बनाउने नीति अवलम्बन गरेका छन्। यी नीतिहरू अन्तर्गत छात्रवृत्ति, निःशुल्क उच्च तथा प्राविधिक शिक्षा, आवासीय विद्यालय , तथा आर्थिक सहयोग कार्यक्रमहरू सञ्चालनमा ल्याइएका छन्, जसले हरेक विद्यार्थीलाई उनीहरूको आवश्यकता अनुसार शिक्षामा सहभागी गराउन सहयोग पुऱ्याउने लक्ष्य राखेको छ। शिक्षामा समावेशिता र समानता सुनिश्चित गर्नका लागि विविध समुदायका आवश्यकतालाई ध्यानमा राखी बहुभाषिक शिक्षा, फरक क्षमताका विद्यार्थीका लागि सहायक प्रविधि , तथा लैङ्गिक समानता अभिवृद्धि कार्यक्रमहरू लागू गरिनु जरुरी छ। केवल कानुनी व्यवस्था मात्र पर्याप्त नभई तिनको प्रभावकारी कार्यान्वयन तथा व्यवहारिक अभ्यासबाट मात्र सबैका लागि समान र समावेशी शिक्षा सम्भव हुनेछ ।

### ४.३.२ वर्तमान अवस्था

महिला र पूरुषको लिगंको अनुपात ९८८१. प्रतिशत रहको यो ईशनाथ नगरपालिकाका नौ वडाहरूको जनसङ्ख्या विश्लेषण गर्दा, वडा नं. ४ मा सबै भन्दा बढी छ (२३९८) मा सबै भन्दा कम १ .जनसङ्ख्या छ भने वडा नं (७२३४) । अधिकांश वडामा महिलाको सङ्ख्या पुरुषभन्दा बढी छ। वडा नं मा सबै भन्दा धैरै महिला २ .(३३५०छन् (, जबकि वडा नं मा सबै भन्दा कम १ .(१६२५( छन्। पुरुष सङ्ख्या वडा नं. ४ मा सबै भन्दा बढी मा सबै भन्दा कम ५ .र वडा नं (३६७२)(२८०३छ ( ।

जनगणना २०७८ अनुसारको जातजाति अनुसारको विवरणलाई केलाएर हेर्दा यहाँ ईशनाथ नगरपालिकाको १० प्रमुख जातजतीहरुको विवरण प्रस्तुत गरिएको छ । जहाँ मुस्लिम जातिहरूको सङ्ख्या सब जाती भन्दा उच्च ३८.७ प्रतिशत, मध्यम मा ६.२ प्रतिशत कुर्मीको रहेको छ भने १० औ स्थानमा लोहार जाती रहेको छ ।
त्यसै गरि जनगणना २०७८ को भाषा भाषी अनुसारको विवरण हेर्दा उर्दु भाषा बाहुल्य भाषाको रूपमा रहेको छ । जुन १५६३३ जनाले बोल्ने रहेछ । त्यसतै बाजिका भाषा ३३६०२ जनाले बोलेन रहेछ । सब भन्दा कम हिन्दी भाषा ३५ जनाले बोलेन भाषाको रूपमा रहेको देखिन्छ ।
यस्तै यो नगरपालिकाको सामाजिक पक्षको अर्को पाटो धर्म मान्ने जनसखालाई यसरी उल्लेख गर्न सकिन्छ ।धर्म अनुसारको जनसङ्ख्या विवरण प्रस्तुत गर्छ । सबै भन्दा धैरै जनसङ्ख्या हिन्दु धर्मावलम्बीको रहेको छ, जसको कुल सङ्ख्या ६१ प्रतिशत छ । हिन्दु समुदायमा पुरुष प्रतिशत ६२ प्रतिशत र महिला प्रतिशत ५९ प्रतिशत रहेको छ। इस्लाम धर्मावलम्बीको कुल सङ्ख्या ३९ प्रतिशत छ, जहाँ पुरुष ३७८. प्रतिशत र महिला ४०२. प्रतिशत रहेका छन् । अन्य धर्महरू जस्तै बौद्ध, किरात, इसाई, प्रकृति, बोन, जैन, बहाई, तथा सिक्ख धर्मावलम्बीहरूको सङ्ख्या शून्य रहेको छ ।
यस तथ्याङ्कले हिन्दु र इस्लाम धर्मावलम्बी मात्र रहेको देखाउँछ भने अन्य धर्महरूको उपस्थिति छैन। धर्मअनुसारको यस्तो वितरणले सामाजिक संरचना र विविधताको अवस्था बारे जानकारी दिन्छ, जसले नीति निर्माण तथा समुदायमा आवश्यक सेवा तथा स्रोत साधनको व्यवस्थापनमा मद्दत गर्न सक्छ।

### ४.३.३ चुनौतीहरू

१. ईशनाथ नगरपालिकामा लैङ्गिक अनुपात ९८.८१ प्रतिशत रहेको र नगरपालिकाले अनुपात कायम गर्न नसकेको,
२. महिला शिक्षक अनुपात आधारभूत तह कक्षा १ देखि ८ सम्ममा ७९.१ र माध्यामिक तह कक्षा ९ देखि १२ सम्म ८९ रहेको छ त्यसैले पुरुष शिक्षकको तुलनामा महिला शिक्षक अनुपात कायम हुन नसक्नु,
३. लैङ्गिक मूल प्रवाहीकरणमा महिलाको सहभागिता सुनिश्चित गर्नु।

४. विद्यालयहरूमा लैङ्गिक र अपाङ्गमैत्री भौतिक तथा शैक्षिक वातावरण निर्माण गर्ने ।
५. लक्षित समूहको शिक्षामा समतामूलक पहुँच पुऱ्याउने ।
६. विद्यालयमा विभेदरहित बालमैत्री बनाउने ।

**४.३.४ उद्देश्यहरू**

१. शिक्षाको मूल धारबाट वञ्चित रहेका व्यक्तिहरूलाई शिक्षामा पहुँच पुऱ्याई गुणस्तर सुनिश्चित गर्ने ।
२. शैक्षिक सुशासन कायम गर्ने ।
३. विद्यालयलाई लैङ्गिक मैत्री अपाङ्गता मैत्री तथा बालमैत्री बनाउने ।
४. महिला शिक्षकको सङ्ख्या वृद्धिमा गर्ने ।
५. शिक्षण पद्धतिलाई समावेशी, लैगिंक मैत्री र अपाङ्ग मैत्री बनाउने ।
६. सिकाइ छति कम गर्ने ।

**४.२.५ रणनीतिहरू**

१. विद्यालयहरूमा लैङ्गिक तथा अपाङ्गतामैत्री भौतिक अवस्था तथा शैक्षिक वातावरणको विकास गरिने छ ।
२. आवासीय विद्यालय मार्फत आवश्यकताअनुसार पोसाक, स्टेसनरत तथा सिकाइ सामग्रीका लागि छात्रवृत्ति उपलब्ध गराइने छ ।
३. विद्यालय बाहिर रहेका बालबालिकाहरूको अवस्था र आवश्यकता पहिचान गरी सोअनुसार प्रबन्ध मिलाइने छ ।
४. आधारभूत तहमा मातृभाषामा सिकाइको अवसर प्रदान गरिनेछ ।
५. लैङ्गिक मैत्रीअपाङ्गतामैत्री तथा बालमैत्री भौतिक संरचना निर्माण गर्ने , ।
६. किशोरी शिक्षा तथा मनोसामाजिक परामर्श प्रदान गरिने छ ।
७. सिकाई सन्तुलन र छति कम गर्न रेमिडियल कक्षा संचालन गरिने ।
८. हरेक कार्यालय तथा विद्यालयमा लैङ्गिक सम्पर्क व्यक्ति व्यवस्था गर्ने ।
९. सीमान्तकृत समुदायको विद्यार्थीहरूका लागि थप छात्रवृत्ति जस्ता प्रोत्साहन कार्यक्रमको व्यवस्था गरिने ।
१०. शिक्षक भर्ना तथा नियुक्तिमा महिलालाई प्राथमिकता दिने ।

**४.३.६ प्रमुख उपलब्धि तथा नतिजा**

**(क)उपलब्धि**

१. विद्यालयमा भेदभाव रहित बालमैत्री वातावरण सिर्जना हुने ।
२. विद्यालय बाहिर रहेका बालबालिकाहरूको अवस्था र आवश्यकता पहिचान गरी सबै बालबालिकाहरूलाई शिक्षा प्राप्त गर्ने अवसर प्रदान गर्ने ।
३. लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि गरी गुणस्तर सुधार हुने ।
४. विद्यालयहरूमा अपाङ्गतामैत्री र लैङ्गिक मैत्री वातावरण सिर्जना हुने ।
५. किशोरी शिक्षा तथा मनोसामाजिक परामर्श प्रदान गरिने ।
६. मातृभाषामा सिकाइको अवसर प्रदान गरिने ।
७. महिला शिक्षकको सङ्ख्यामा वृद्धि हुने छ ।
८. शिक्षण प्रक्रिया वहुभाषी र स्थानीय भाषाको प्रयोग गरी भएको हुने ।

**(ख) नतिजा**

| क्र.सं. | सूचक | सूचकहरू को तह | आधार वर्ष(२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | सूचक को स्रोत | तथ्याङ्क को स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **१. प्रारम्भिक बाल विकास र शिक्षा** | | | | | | | | | | |
| ३.१ | खुद भर्ना दरमा लैगिंक समता सूचक | स्थानीय | ०.८ | ०.८ | १. | १. | १. | १. | | |
| **२. आधारभूत शिक्षा (कक्षा १ - ८)** | | | | | | | | | | |
| २.१५ | आधारभूत तह(कक्षा १-८) कूल भर्ना दरमा लैङ्गिक समता सूचक | स्थानीय | १.०३ | १. | १. | १. | १. | १. | | |
| २.१९ | विद्यालय बाहिर रहेका बालबालिका (प्रतिशत) १-५ कक्षा र १-१२ कक्षा | स्थानीय | ११.३ | १२. | १०. | ८. | ५. | ० | | १-८ कक्षा |
| | | स्थानीय | ७५ | ७५ | ७३.१ | ७१ | ६८.८ | ६६.४ | | १-१२ कक्षा |
| **३. माध्यामिक शिक्षा (कक्षा ९-१२)** | | | | | | | | | | |
| ३.३ | माध्यामिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक  (कक्षा ९-१२) | स्थानीय | ०.९ | ०.९ | ०.९ | ०.९ | ०.९ | ०.९ | | |
| ३.७ | माध्यामिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या (प्रतिशत) | स्थानीय | ५७.३ | ५०. | ४०. | ३०. | २०. | ०. | | |
| **४. जीवन-पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा** | | | | | | | | | | |
| ४.१ | साक्षरता दर (१५ वर्ष भन्दा माथि) (प्रतिशत) | स्थानीय | ७१.५ | ८०. | ९०. | ९५. | १००. | | | |
| ४.२ | साक्षरता दर (५ वर्ष भन्दा माथि) (प्रतिशत) | स्थानीय | ३२.२ | ८०. | ९०. | ९५. | १००. | | | |
| ४.३ | साक्षरता दर (१५-२४ उमेर समूह) (प्रतिशत) | स्थानीय | ८१.५ | ८०. | ९०. | ९५. | १००. | | | |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता (१५ वर्ष भन्दा माथि) | स्थानीय | १.१ | १. | १. | १. | १. | | | |

स्रोतः शिक्षा शाखा, EMIS, टुल किट २०८१

### ४.३.७ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलापहरू | इकाई | भौतिक लक्ष्य (वर्ष ५) | | | | | | भौतिक लक्ष्य (वर्ष १०) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | अवस्था र आवश्यकता पहिचान | पटक | | १ | | | | १ | २ | नगरपालिका |
| २ | विद्यालय बाहिर रहेका बालबालिकाहरूको अवस्था र आवश्यकता पहिचान गरी सहभागिता | निरन्तर | | | | | | | | नगरपालिका |
| ३ | वर्गीय आधारमा छात्रवृत्ति वितरण | निरन्तर | | | | | | | | नगरपालिका |
| ४ | आवासीय विद्यालय मार्फत छात्रवृत्ति | निरन्तर | | | | | | | | नगरपालिका |
| ५ | विद्यालयहरूमा बालमैत्री ,अपाङ्गता मैत्री र लैङ्गिक मैत्री भौतिक संरचना निर्माण | सङ्ख्या | | | ५ | ५ | ५ | ५ | २० | नगरपालिका |
| ६ | मातृभाषामा सिकाइको अवसर प्रदान गरिने । | निरन्तर | | | | | | | | नगरपालिका, विद्यालय |
| ७ | मनोसामाजिक परामर्श | निरन्तर | | | | | | | | नगरपालिका |
| ८ | महिला शिक्षकको क्षमता अभिवृद्धि | पटक | १ | १ | १ | १ | १ | ५ | १० | नगरपालिका |
| ९ | लैङ्गिक सम्पर्क व्यक्तिको क्षमता विकास तालिम | पटक | २४ | २४ | २४ | २४ | २४ | २४ | २४ | नगरपालिका |
| १० | लैगिंक तथा आपाङ्ग मैत्री विद्यालय संरचना निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | नगरपालिका, विद्यालय |
| ११ | विद्यालयमा गुणासो संयन्त्रको व्यवस्थापन र क्षमता विकास तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | नगरपालिका, विद्यालय |
| १२ | लैङ्गिक हिंसा, बालविवाह, छुवाछुत तथा विभेद न्यूनीकरण सम्बन्धी सचेतनामूलक तालिम | पटक | ० | १ | १ | ० | १ | ३ | ६ | नगरपालिका, विद्यालय |
| १३ | आपाङ्ता पहचान र Individual Education plan निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | नगरपालिका, विद्यालय |
| १४ | आपाङ्ता अनुसारको सहायक समाग्री खरिद उपलब्धता | पटक | १ | १ | १ | १ | १ | ५ | १० | नगरपालिका, विद्यालय |
| १५ | आपाङ्गताका लागि accessible learning materials विकास वा खरिद | पटक | १ | १ | १ | १ | १ | ५ | १० | नगरपालिका, विद्यालय |
| १६ | विद्यालय भौतिक संरचनाहरुलाई लैगिक र आपाङ्गता मैत्र बनाउने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | नगरपालिका विद्यालय |

## ४.४ दिवा खाजा सहित स्वास्थ्य तथा पोषण कार्यक्रम

### ४.४.१ परिचय

दिवा खाजा, स्वास्थ्य, पोषण तथा सरसफाइ विद्यालय शिक्षाको गुणस्तर र विद्यार्थीको नियमित उपस्थिति तथा सिकाइ उपलब्धिसँग प्रत्यक्ष सम्बन्धित महत्वपूर्ण पक्षहरू हुन्। पर्याप्त पोषणयुक्त खाना, नियमित स्वास्थ्य परीक्षण, व्यक्तिगत तथा विद्यालय सरसफाइ र स्वच्छ खानेपानीको उपलब्धताले विद्यार्थीको शारीरिक तथा मानसिक विकासमा सहयोग पुऱ्याउँछ। यसैगरी विद्यालयमा सुरक्षित, स्वच्छ र स्वास्थ्यकर वातावरण कायम गर्नाले विद्यार्थीको विद्यालयमा टिकाइ तथा सिकाइमा सकारात्मक प्रभाव पार्दछ।

नगरपालिकाका सामुदायिक विद्यालयहरूमा दिवा खाजा कार्यक्रम सञ्चालन हुँदै आए पनि यसको गुणस्तर, पोषणयुक्त मेनु, स्वच्छता तथा प्रभावकारी व्यवस्थापनमा थप सुधार आवश्यक देखिन्छ। विद्यार्थीको स्वास्थ्य प्रवर्द्धनका लागि नियमित स्वास्थ्य परीक्षण, जुकाको औषधि, किशोरीलाई आइरन तथा फोलिक एसिड वितरणजस्ता कार्यक्रम सञ्चालन गर्नुपर्ने आवश्यकता रहेको छ। साथै विद्यालयमा स्वच्छ खानेपानी, पर्याप्त तथा लैङ्गिकमैत्री शौचालय, हात धुने व्यवस्था र नियमित सरसफाइलाई प्रभावकारी बनाउन आवश्यक छ। विपद्, महामारी तथा अन्य स्वास्थ्य जोखिमका अवस्थामा समेत विद्यार्थीको स्वास्थ्य तथा पोषणलाई निरन्तरता दिने गरी स्वास्थ्य, पोषण, सरसफाइ, स्वच्छता तथा विपद् जोखिम न्यूनीकरणलाई एकीकृत गर्दै दिवा खाजा तथा स्वास्थ्यपोषण कार्यक्रमलाई थप व्यवस्थित र प्रभावकारी बनाउनु आवश्यक रहेको छ।–

### ४.४.२ वर्तमान अवस्था

यस पालिकाका अन्तर्गतका नेपाल सरकारबाट सञ्चालित दिवा खाजा कार्यक्रमबाट २४ वटा विद्यालय मार्फत आ.वा. २०८१/०८२ मा कक्षा १-५ सम्मका ७४४५ बालबालिका लाभान्वित भएका छन्, साथै पालिकाबाट विद्यालय दिवा खाजा सम्बन्धी कार्यविधि निर्माण गरी विद्यालय दिवा खाजामा पूर्ण रूपमा जङ्क फुड निषेध गरी व्यवस्थापन गर्ने प्रयास गरिएको छ। सरसफाइ तथा खानेपानीको अवस्था दयनीय, शौचालय प्राय जसो विद्यालयमा भए पनि सरसफाइको कमी र त्यसको उचित व्यवस्थापन हुन सकेका छैन ।

### ४.४.३ चुनौतीहरू

१. सबै विद्यालयमा स्वास्थ्यकर्मी सहित प्राथमिक उपचारको व्यवस्था गर्ने।
२. दिवा खाजा, स्वास्थ्य तथा पोषण र सरसफाइ तथा स्वच्छताका प्रभावकारितालाई व्यवस्थित गर्ने।
३. विद्यालय खाजाका लागि उपयुक्त स्वरूप निर्धारण गरी पौष्टिक तथा स्वस्थकर विद्यालय खाजा सुनिश्चित गर्ने।
४. सचित्र पोषण पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्नु।
५. विद्यालय दिवा खाजा कार्यक्रमलाई स्थानीय कृषि तथा व्यापारसँग जोड्ने।
६. सरसफाइ तथा स्वच्छताका लागि मापदण्ड विकास गरी कार्यान्वयन गर्ने।

### ४.४.४ उद्देश्य

१. प्रत्येक विद्यालयमा बालबालिकालाई स्वस्थकर तथा पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु।
२. विद्यालयमा बालबालिकाको स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छताका सेवामा सुधार गर्नु।
३. सरोकारवालाहरूको समन्वय तथा सहभागितामा सुदृढ गरी बालबालिकाको पोषण,स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु।

### ४.४.५ रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ :

१. शिक्षा स्वास्थ्य र कृषि क्षेत्रलाई समेत समेटी ,गरी विद्यालय स्वास्थ्य तथा पोषण रणनीति तयार गरिने।

२. विद्यालय सरसफाइलाई नियमित गर्नका लागि कार्यविधि बनाई लागू गरिने ।
३. बालबालिकाको लागि विद्यालयमा नै सफा ताजा र पोषिलो खाजा तयार गरी समूहमा हात धुने बानी विस्तार गरिने ।
४. सबै विद्यालयमा User Manual समेतको प्राथमिक उपचार बाकस प्रदान गर्ने तथा आधारभूत प्राथमिक उपचारको तरिका सम्बन्धमा समय सापेक्ष अद्यावधिक गरिएको हुने ।
५. अभिभावक आमा समूह मार्फत सचित्र पोषण पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने ।
६. सरसफाइ तथा स्वच्छताका लागि मापदण्ड विकास गरी कार्यान्वयन गर्ने ।

### ४.४.६ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

१. विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार भएको साथै स्वच्छ पिउने पानी तथा सरसफाइ प्रति सचेत भएको हुने ।
२. सरसफाइ सम्बन्धी आवश्यक पूर्ण पूर्वाधार विकास भएको हुने ।
३. विद्यालय दिवा खाजा कार्यविधि २०७७,अद्यावधिक तथा थप प्रभावकारिताका साथ कार्यान्वयन भएको हुने ।
४. सबै माध्यामिक विद्यालयमा एक विद्यालय एक स्वास्थ्यकर्मी परिचालन हुने ।
५. सबै विद्यालयमा User Manual समेतको प्राथमिक उपचार बाकस प्रदान गर्ने तथा आधारभूत प्राथमिक उपचारको तरिका सम्बन्धमा समय सापेक्ष अद्यावधिक गरिएको हुने ।
६. स्थानीय पाठ्यक्रममा किशोरी शिक्षा सम्बन्धी विषय समावेश हुने ।
७. स्थानीय उत्पादनमा चक्रीय पोषणयुक्त दिवा खाजा सुनिश्चितता हुने ।
८. सबै विद्यालयमा स्वास्थ्यकर्मी सहित प्राथमिक उपचारको व्यवस्था भएको हुने ।

**ख) नतिजा**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बाल विकास र शिक्षामा भर्ना भएका बालबालिका मध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका (प्रतिशत) | ७० | ७५ | ८० | ८५ | ९० | १०० |
| २ | कक्षा१मा भर्ना भएका बालबालिका मध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका (प्रतिशत) | ७० | ७५ | ८० | ८५ | ९० | १०० |
| ३ | दिवा खाजा प्राप्त गर्ने कक्षा | १-५ | १-८ | १-८ | १-८ | १-८ | १-८ |
| ४ | वार्षिक रूपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने विद्यालयको सङ्ख्या | ४ | ५ | ५ | ५ | १९ | १९ |
| ५ | खानेपानी,शौचालय र प्राथमिक स्वास्थ्य सेवाको पहुँचेका विद्यालय सङ्ख्या | ८ | २४ | २४ | २४ | २४ | २४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | नर्सिङ सेवा तथा सुविधा पुगेका विद्यालय सङ्ख्या | ० | ५ | २ | २ | १ | ० |

### ४.४.७ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाई | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विद्यालय दिवा खाजा कार्यविधि २०७७ अद्यावधिक र परिमार्जन | पटक | ० | १ | ० | ० | ० | १ | २ | नगरपालिका |
| २ | एक विद्यालय एक स्वास्थ्यकर्मी | विद्यालय | १ | १ | १ | १ | १ | ५ | ८ | सङ्घ/ प्रदेश/ नगरपालिका |
| ३ | User Manual समेतको प्राथमिक उपचार बाकस | सङ्ख्या | ५ | ५ | ५ | ५ | ४ | २४ | ४८ | नगरपालिका |
| ४ | स्थानीय पाठ्यक्रममा किशोरी शिक्षा समावेस | निरन्तर | | | | | | | | विद्यालय |
| ५ | सरसफाइ सम्बन्धी आवश्यक पूर्ण पूर्वाधार विकास | सङ्ख्या | | ५ | ५ | ५ | ५ | २० | २५ | विद्यालय |
| ६ | स्थानीय उत्पादनमा चक्रीय पोषणयुक्त दिवा खाजा | निरन्तर | | | | | | | | विद्यालय |
| ७ | विद्यालयमा पोषण कर्नर निर्माण | निरन्तर | ५ | ५ | ५ | ५ | ४ | २४ | ४८ | विद्यालय |
| ८ | विद्यार्थीहरूको स्वास्थ्य परीक्षण | पटक | २ | २ | २ | २ | २ | १० | २० | विद्यालय |
| ९ | महिनावारी स्वच्छता सम्बन्धी तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | १० | २० | विद्यालय, नपा |
| १० | २४ वटा विद्यालयमा सेनिटरी प्याडको डिपोजलको लागि मेसिन | पटक | ५ | ५ | ५ | ५ | ४ | २४ | ४८ | विद्यालय, नपा |

## ४.५ विद्यालय सुरक्षा, विपद् जोखिम न्यूनिकरण तथआ उत्थानशीलता

### ४.५.१ परिचय

विद्यालय सुरक्षा, विपद् जोखिम न्यूनीकरण तथा उत्थानशीलता बालबालिकाको जीवन रक्षा, सुरक्षित सिकाइ वातावरण र शिक्षाको निरन्तरतासँग सम्बन्धित महत्वपूर्ण पक्ष हो। युद्ध, द्वन्द्व, महामारी, भूकम्प, बाढी, आगलागी, हावाहुरीलगायतका विपद् तथा संकटका अवस्थामा समेत बालबालिकाको सिक्न पाउने अधिकारलाई सुनिश्चित गर्दै शिक्षणसिकाइलाई निरन्तरता दिनु– यसको मुख्य उद्देश्य हो। यसका लागि विद्यालय तथा समुदायमा सम्भावित जोखिमको पहिचान, पूर्वतयारी, जोखिम न्यूनीकरण, आपत्कालीन प्रतिकार्य तथा विपद्पश्चात् पुनःस्थापना र सिकाइ निरन्तरताका उपायहरू अवलम्बन गर्न आवश्यक हुन्छ।

विगतमा भएका भूकम्प, बाढी, महामारी, आगलागी तथा अन्य प्राकृतिक र मानवीय संकटबाट शिक्षा क्षेत्रमा परेको प्रभावलाई ध्यानमा राख्दै विद्यालयलाई सुरक्षित, बालमैत्री तथा उत्थानशील बनाउन आवश्यक छ। यसका लागि विद्यालय सुरक्षा तथा विपद् व्यवस्थापन योजना, सुरक्षित भौतिक संरचना, आपत्कालीन प्रतिकार्य तथा वैकल्पिक सिकाइ व्यवस्था, बाल संरक्षण, स्वास्थ्य तथा मनोसामाजिक सहयोग र विद्यालयवर्षमा विद्यालय सुरक्षा  समुदाय समन्वयलाई प्राथमिकतामा राखी आगामी १०– तथा विपद् जोखिम न्यूनीकरणका कार्यक्रमहरू सञ्चालन गरिनेछ। यसबाट विपद्को समयमा पनि शिक्षणसिकाइलाई निरन्तरता – दिई विद्यार्थी, शिक्षक तथा विद्यालय समुदायको सुरक्षा र शिक्षा प्रणालीको उत्थानशीलता सुनिश्चित गर्ने लक्ष्य लिइएको छ।

यस खण्डमा मूलतः तीन प्रकारका आपत्कालीन: अवस्थाहरू समावेश गरिएको छ

क) प्राकृतिक प्रकोप : भूकम्प, बाढी पहिरो, हावाहुरी, आग-लागी, चट्याङ, खडेरी, दुर्घटना, आदि ।

ख) महामारीझाडापखाला :, कालाज्वर, हैजा, भाइरल ज्वरो, डेङ्गटाइफाइड ,, हेपाटाइटिस, बर्डफ्लू, क्षयरोग, कुष्ठरोग, ठेउला, स्वाइन फ्लु कोभिड ,-१९ आदिसरुवारोगहरू ।

ग) युद्ध, द्वन्द्व, विस्थापनआन्तरिक तथा : बाह्य युद्ध एवम् द्वन्द्व तथा साम्प्रदायिक, धार्मिक, राजनीतिक आदि द्वन्द्व, युद्ध, शोषण, दुराचार तथा अन्य कारणले नागरिकहरूको विस्थापन, आन्तरिक तथा बाह्य स्थानान्तरणका कारण बालबालिकाले शिक्षा प्राप्त गर्ने अधिकारलाई सुरक्षित राख्ने ।

### ४.५.२ वर्तमान अवस्था

नेपालको संविधान २०७२, ले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा निःशुल्क माध्यमिक शिक्षा तथा सुविधाविहीन तथा अपाङ्गहरूका लागि निःशुल्क उच्च शिक्षाको सुनिश्चितताका साथै बालबालिका माथि हुने विभेद, सजाय र दुराचारलाई निषेध गरेको छ । अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ र अनिवार्य तथा निःशुल्क शिक्षा कार्यविधि २०७७  ले छात्रवृत्ति, दिवा खाजा, सुविधा बिहिनहरूका लागि विशेष सहयोग, मातृभाषामा शिक्षासहित कुनै पनि अवस्थामा बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको छ ।

यस पालिकामा पनि विभिन्न समयमा विपद् तथा सङ्कट आइपर्दछन् यस्तो अवस्थामा शिक्षण सिकाइ क्रियाकलापलाई निरन्तरता दिन तथा विपद् तथा सङ्कटको घडीमा पनि विचलित नभई सो को व्यवस्थापन र न्यूनीकरण गर्न योजनाबद्ध रूपमा शिक्षा प्रदान गरिँदै आएको छ जस्तै कोभिडका कारणबाट अस्त व्यस्त भएको शैक्षिक सत्र २०७७ लाई विद्यालय व्यवस्थापन समितिको संयुक्त सहयोगमा भर्चुअल कक्षा, फोन तथा टोल सिकाइ योजना बनाएर बालबालिकाको सिक्ने अधिकारलाई सुनिश्चित गरी सिकाइलाई निरन्तरता दिएको सर्वविदितै छ  । यसै सन्दर्भमा कक्षागत रोल नं. लाई जोर बिजोर  प्रणालीमार्फत विद्यालय सामाजिक दूरी कायम गर्दै शिक्षण सिकाइ समेत भएको थियो । विपद्का लागि सहयोगार्थ यस पालिकामा द्रुत प्रतिकार्य

समिति नेपाल रेडक्रस सोसाइटी  उपशाखा तथा वारुण यन्त्र रहेको छ। स्थानीय पाठ्यक्रमको तल्लो कक्षा देखिनै विपद् जोखिम न्यूनीकरणका विषयवस्तु समावेश गरिएको छ।

**४.५.३ चुनौतीहरू :**

१. सङ्कटको क्षेत्र पहिचान गर्नु ।
२. पूर्व तयारी र प्रतिकार्य योजना निर्माणको प्रक्रिया र सहभागिता गराउन
३. आपत्कालीन अवस्थाको शिक्षालाई छुट्टै विधाको रूपमा सम्बोधन गर्न ।
४. प्रकोप र सोको जोखिमको विषयमा सावधानी अपनाउनु ।
५. क्षेत्र पहिचान गरी योजना निर्माण गर्नु ।

**४.५.४ उद्देश्यहरू**

१. सङ्कटको सम्भावित जोखिम पहिचान गरी शिक्षाको माध्यमबाट पूर्व सावधानी र तयारीको वातावरण तयार गर्ने।
२. सूचना तथा सञ्चार प्रविधिको विकास गर्ने।
३. आपतकालिन अवस्थामा शिक्षण क्रियाकलापको निरन्तरता गर्नु ।

**४.५.५ रणनीतिहरू**

१. विपद् प्रतिरोधी भौतिक पूर्वाधारको निर्माण तथा पुनर्स्थापन गरिने छ ।
२. विद्यालय शान्ति क्षेत्र कायम गरी यसप्रति सरोकारवालालाई जिम्मेवार बनाइनेछ।
३. स्थानीय सरकारले सङ्कटको पहिचान र मूल्याङ्कनका आधारमा पूर्वानुमान तथा प्रतिकार्यको बृहत् योजना र विद्यालयहरूले आआफ्ना विद्यालयको योजना तयार गर्ने छन्- ।
४. विद्यार्थी, शिक्षक ,अभिभावकलाई प्रकोप रोकथाम पुनर्स्थापनाका लागि क्षमता विकास गरिनेछ।
५. विपद्मा सेवा प्रवाहको संयन्त्र विकास गरिनेछ।
६. विद्यालय बन्दका समय भर्चुअल कक्षा, टोल शिक्षा सञ्चालन गरी सिकाई क्षति न्यूनीकरण गरिनेछ ।

**४.५.६ प्रमुख उपलब्धि तथा नतिजा**

**(क) उपलब्धि**

जुनसुकै परिस्थितिमा पनि बालबालिकाको सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकारको सुनिश्चितता भएको हुने।

**(ख) नतिजा**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | विद्यालयमा प्रकोप व्यवस्थापनका लागि पूर्व तयारीको योजना तथा क्षमता विकास हुने। | ० | १० | १० | ४ | ० | ० |
| २ | स्रोतको व्यवस्थापनसहित विद्यालय तथा शिक्षा प्रणाली सक्रिय हुने। | ० | २४ | २४ | २४ | २४ | २४ |
| ३ | महामारीको समयमा स्वास्थ्य मापदण्ड तथा उपचारसहित सिकाइ निरन्तरता हुने। | ० | २४ | २४ | २४ | २४ | २४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | विद्यालयमा लैगिक सम्पर्क शिक्षको क्षमता विकास | ० | २४ | २४ | २४ | २४ | २४ |
| ५ | विद्यालहरु विपद प्रतिकार्यको लागि तयारी अवस्था हुने , ड्रिल र सिमुलेसन संचालन | ० | २४ | २४ | २४ | २४ | २४ |

## ४.५.७ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाई | भौतिक लक्ष्य (वर्ष ५) | | | | | | भौतिक लक्ष्य १०) (वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | पुर्व सुचना प्रणाली जडान र क्षमता विकास | योजना | ५ | ५ | ५ | ५ | ४ | २४ | ४८ | संघ/ प्रदेश/ नगरपालिका |
| २ | विद्यालयको भौतिक संरचनाको जोखिम मुल्यकंन र व्यवस्थापन | सङ्ख्या | ५ | ५ | ५ | ५ | ४ | २४ | ४८ | नगरपालिका |
| ३ | मापदण्ड अनुसारको भौतिक पूर्वाधारको सबलीकरण | निरन्तर | | | | | | | | संघ/ प्रदेश/ नगरपालिका |
| ४ | समुदायमा सूचना तथा सञ्चार प्रविधिको विस्तार | प्रतिशत | ५ | ५ | ५ | ५ | ४ | २४ | ४८ | नगरपालिका |
| ५ | विपद् तथा जोखिम न्यूनीकरणका लागि प्रतिकार्य योजना निर्माण तथा पूर्व तयारी | सङ्ख्या | ५ | ५ | ५ | ५ | ४ | २४ | ४८ | नगरपालिका |
| ६ | User manual सहितको प्राथमिक उपचार बाकस सहित स्वास्थ्यकर्मी परिचालन | सङ्ख्या | ५ | ५ | ५ | ५ | ४ | २४ | ४८ | नगरपालिका |
| ७ | विद्यालयमा ड्रिल, सिमुलेसन संचालन गर्ने | पटक | ० | ३ | ३ | ३ | ३ | १२ | २४ | विद्यालय |
| ८ | सुरक्षित हस्थानान्तरण योजनाको वाल पेनटिङ्ग | पटक | ० | १ | ० | ० | ० | १ | १ | विद्यालय |
| ९ | विपद् व्यवस्थापनका लगि आवशयक सामाग्री खरिद | पटक | ० | १ | ० | ० | ० | १ | १ | स्थानीय सरकार र विद्यालय |
| १० | फोहर व्यवस्थापनका लागी डसटविन खरिद र प्रयोग | विद्यालय | २४ | २४ | २४ | २४ | २४ | २४ | २४ | विद्यालय, नपा |
| ११ | विद्यालयहरुमा बोटविरुवा रोपने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | विद्यालय |
| १२ | पालिका स्तरिय शिक्षा समुह गठन परिचालन | निरन्तर | | | | | | | | स्थानीय तह |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १३ | शिक्षा क्षेत्र विपद् प्रतिकार्य तथा तयारी योजना निर्माण लागु | निरन्तर | | | | | | | | स्थानीय तह |
| १४ | स्थानी तह तथा विद्यालय स्तरिय विपद व्यवस्थापन समिति गठन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय तह तथा विद्यालय |
| १५ | आकस्मिक समयमा शिक्षा निरन्तरताको लागी ठाँउ पाहिचान र तयारी | निरन्तर | | | | | | | | स्थानिय तथा विद्यालय |
| १६ | शिक्षा निरन्तरता योजना तयार र लागु | निरन्तर | | | | | | | | स्थानिय तथा विद्यालय |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१ परिचय

राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवनलगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद् जोखिममुक्त बनाउदै सबै विद्यालयलाई सुरक्षित एवं बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्थापन गरेको छ। त्यसतै विद्यालय भौतिक पूर्वाधार निर्माण सम्बन्धी ऐन २०८० अनुसारको भौतिक विकास विद्यालयमा बालमैत्री रूपमा हुनु पर्छ ।

यस खण्डमा विद्यालयको भौतिक पूर्वाधार विकासको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौतीहरू पहिचान गरी आगामी दश वर्षका लागि विद्यालयको भौतिक पूर्वाधार विकासका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरिएको छ ।

### ४.६.२ वर्तमान अवस्था

यस ईशनाथ नगरपालिकामा कूल विद्यालय२४ सामुदायिक विद्यालय छन् । जहाँ आधारभूत तहमा १२ पक्की र ७ कच्ची माध्यमिक तहमा ५ पक्की ० कच्ची भवन रहेको छ यसरी हेर्दा माध्यमिक तहमा भन्दा आधारभूत तहमा पक्की संरचना कम देखिन्छ।सामुदायिक विद्यालयमा छात्रा शौचालय भएका विद्यालयहरू संख्या१५छात्र शौचालय १५ तथा महिला शिक्षक शौचालय ८ वटा छन् तर पनि शौचालयहरूमा पानीको अभाव र कम व्यवस्थित रहेका छन् ।खानेपानीको आफ्नै श्रोत भएका विद्यालय २४ विद्यालय छन् भने ० विद्यालयमा खानेपानीको श्रोत नै छैन ।विपद् तथा जोखिम व्यवस्थापनको तयारीका लागि स्थानीय पाठ्यक्रम मार्फत प्रारम्भिक कक्षा देखि नै विषयवस्तु समावेश गरिएको छ। पालिका भरमा ३ वटा विद्यालयमा पुस्तकालय, ५ वटा विद्यालयमा विज्ञान प्रयोगशाला, ६ विद्यालयमा कम्प्युटर प्रयोगशाला र १६ वटा विद्यालयमा इन्टरनेट पुगेको छ। विद्यालयको वातावरण तर्फ फर्केर हेर्दा माध्यमिक विद्यालयहरुमाविद्यालयमा स्टाफ कोठा, विद्यालयमा स्टोर कोठा, विद्यालयमा खेलकुद कोठा साथै विद्यालयमा पर्याप्त खेल मैदान सबै विद्यायहरुमा रहेका छैन भने आधारभूत तहमा पर्याप्त भवन ,कक्षाकोठा, खेलमैदान, शौचालय, खानेपानी र घेरा बार वा विद्यालय पर्खालको कमि रहेको छ ।

### ४.६.३ चुनौतीहरू

१. पूर्वाधार विकासकालाई गुणस्तरीय पारदर्शी एवं जबाफदेही बनाउनु।
२. भौतिक पूर्वाधारको विकास र विस्तारमा स्थानीय तहको भूमिका।
३. सुरक्षित विद्यालय पूर्वाधार विकास एवम् विस्तारका लागि मापदण्ड अनुसारको गुरु योजना विकास गर्नु।
४. आवश्यक स्रोतको व्यवस्थापन गर्नु ।
५. पूर्वाधारहरूलाई बालमैत्रीअपाङ्गता र लैङ्गिक मैत्री बनाउनु ,।

**४.६.४ उद्देश्य**

१. सुरक्षित विद्यालय पूर्वाधारको आवश्यक मापदण्ड विकास र कार्यान्वयन गर्नु।
२. पूर्वाधारहरूलाई पारदर्शी एवं जबाफदेहीताका आधारमा बालमैत्री ,अपाङ्गता र लैङ्गिक मैत्री बनाउने।

**४.६.५ रणनीतिहरू**

१. विद्यालयहरू निर्माण गर्दा कक्षाकोठा, शिक्षक, प्रधानाध्यापक तथा प्रशासनिक कक्ष, पानी, शौचालय, भान्सा वा खाजा घरलगायत सबैको योजना समावेश गरी डिजाइन गरिनेछ।
२. पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय निर्माणका लागि संस्थागत क्षमता अभिवृद्धि गरिने छ।
३. पूर्वाधार विकासका लागि विद्यालयको तह र विद्यार्थी सङ्ख्याको आधारमा मापदण्ड विकास गरिनेछ।
४. विद्यालय पूर्वाधार विकासका लागि विभिन्न सङ्घसंस्था एवं सरोकारवालाहरूसँग लागत साझेदारी गरिनेछ।
५. प्रकोपको सिकार भएका विद्यालय भवनलाई तुरुन्त वैकल्पिक व्यवस्था गरी स्तरोन्नती गरिनेछ ।
६. पूर्वाधार विकासकालागि विद्यालयको भौतिक सूचक तयार गरिनेछ ।
७. आंशिक रूपमा क्षति भएका विद्यालका संरचनाको मर्मत सम्भार तथा सबलीकरण गरिनेछ ।

**४.६.६ प्रमुख उपलब्धि तथा नतिजा**

**क) उपलब्धि**

सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त बाल, अपाङ्ग मैत्री भौतिक वातावरणमा अध्ययन गर्ने अवसर हुने।

**ख) नतिजा**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | माग र आवश्यकताका आधारमा विद्यालय पूर्वाधार विकास एवम् विस्तारका लागि मापदण्ड अनुसारको १० वर्षे गुरु योजना तयार हुने। | 0 | | १ | ० | ० | ० |
| २ | पूर्वाधार विकासका लागि विद्यालयको तह र विद्यार्थी सङ्ख्याको आधारमा मापदण्ड विकास गरिनेछ। | ० | १ | ० | ० | ० | ० |
| ३ | विद्यालय भौतिक पूर्वाधार निर्माण सम्बन्धी मापदणड २०८० अनुसारको भौतिक पूर्वाधार सबलीकरण र विकास | ० | २४ | १९ | १९ | १९ | १९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | पालिकाका सबै विद्यालयहरूमा आवश्यक भौतिक पूर्वाधार विकास र विस्तार हुने । | १० | १२ | १५ | १९ | ० | ० |
| ५ | पूर्वाधार विकासका लागि विद्यालयको भौतिक सूचक तयार भई लागु | ० | १ | ० | ० | ० | ० |
| ६ | विद्यालयमा अपाङ्गमैत्री बालमैत्री तथा , लैङ्गिक मैत्री भौतिक पूर्वाधार हुने। | ० | ३ | ३ | ३ | ३ | २ |

**४.६.७ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाई | भौतिक लक्ष्य (वर्ष ५) | | | | | | भौतिक लक्ष्य १०) (वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | पूर्वाधार विकासका लागि मापदण्ड | पटक | | १ | | | | १ | २ | नगरपालिका |
| २ | पूर्वाधार विकास एवम् विस्तारका लागि १० वर्षे गुरु योजना तयार | पटक | | १ | १ | | | २ | ३ | नगरपालिका |
| ३ | अपाङ्गमैत्रीबालमैत्री तथा लैङ्गिक मैत्री , भौतिकपूर्वाधार निर्माण | सङ्ख्या | | | ३ | ३ | ४ | १० | १९ | नगरपालिका |
| ४ | पूर्वाधार विकासको लागि स्रोत र जिम्मेवारी | निरन्तर | | | | | | | | |
| ५ | विद्यालयको मर्मत सम्भार र सबलीकरण | निरन्तर | | | | | | | | |
| ६ | प्रकोपको सिकार भएका विद्यालय भवन मर्मत | आवश्यक | | | | | | | | |

## ४.७ विद्यालय सूचना तथा सञ्चार प्रविधि

### ४.७.१ परिचय

शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगले सिकाइ सुधार गर्न, विद्यार्थीलाई अभिप्रेरित गर्न, र शैक्षिक व्यवस्थापनमा सुशासन कायम गर्न महत्त्वपूर्ण भूमिका खेल्छ। प्रविधिको विकासले डिजिटल विभाजन कम गर्दै सबै विद्यार्थीका लागि शिक्षामा समान पहुँच सुनिश्चित गर्न मद्दत गर्दछ (MoE, 2013)। कोभिड-१९ महामारीले प्रविधिमैत्री शिक्षाको आवश्यकतालाई थप उजागर गरेको छ, जसले अनलाइन, अफलाइन तथा भर्चुअल सिकाइ प्रणालीको प्रयोग अपरिहार्य बनाएको देखिन्छ (Poudel, K. 2020)। नेपाल सरकारको सूचना तथा सञ्चार प्रविधि नीति, २०७२, डिजिटल नेपाल कार्य ढाँचा, २०७६, तथा राष्ट्रिय विज्ञान तथा प्रविधि नीति, २०७६ ले विद्यालय तथा क्याम्पसहरूमा सूचना प्रविधि शिक्षा तथा GIS शिक्षालाई प्रवर्द्धन गर्ने लक्ष्य राखेका छन्। साथै, विद्यालय क्षेत्र विकास कार्यक्रम अन्तर्गत प्रविधिमैत्री सिकाइका लागि आवश्यक सामग्री उपलब्ध गराउने, विद्युतीय शिक्षण सामग्री निर्माण गर्ने, पूर्वाधार विकास गर्ने, तथा सूचना व्यवस्थापन प्रणाली (IEMIS)

विकास गर्ने कार्यक्रमहरू अघि सारिएका छन् । शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी उपयोगले गुणस्तरीय शिक्षा प्रवर्द्धन गर्दै प्रविधिमैत्री भविष्यको निर्माण गर्न सहयोग गर्नेछ । डिजिटल साक्षरताको अभिवृद्धिबाट मात्र सिकाइको सशक्तीकरण सम्भव हुनेछ, जसले विद्यार्थीलाई २१औँ शताब्दीका आवश्यक सीप हासिल गर्न मद्दत गर्नेछ ।

### ४.७.२ वर्तमान अवस्था

यस पालिकाले ६ ओटा विद्यालयलाई विद्युतीय पुस्तकालय उपलब्ध गराएको छ २ ओटा माध्यामिक विद्यालयमा स्मार्ट कक्षा रहेको छ | हाल मल्टिमिडिया समेतको सुविधा भएको ३ .स्मार्टवोर्ड , रहेको । ईशनाथ नगरपालिकामा सबै माध्यामिक विद्यालयमा विद्युतको पहुँच छ भने विज्ञान प्रयोगशाला कम्प्युटर प्रयोगशाला तथा इन्टरनेट सुविधा भएका ,विद्यालयहरू १६ वटा रहेका छन् । यस पालिकामा धेरै जसो विद्यालयमा ICT तालिम लिएको शिक्षकको अभाव देखिन्छ ।

### ४.७.३ चुनौतीहरू

१. प्रविधिसम्बन्धी उपकरणको व्यवस्था त्यसको सञ्चालन र प्रयोगका लागि क्षमता विकास गर्न ।
२. स्थानीय स्तरमा अडियो, भिडियो सहितको अनलाइन तथा अफलाइन कक्षा सञ्चालन गर्न सरोकारवलाको सक्रियता बढाउने ।
३. सबै विद्यालयहरूमा प्रविधिसम्बन्धी आधारभूत संरचना विस्तार गर्न ।
४. विस्तार गरिएका ई पुस्तकालयलाई प्रभावकारी-रूपमाकार्यान्वयन गर्न ।
५. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका लागि एकीकृत प्रणालीको विकास गर्न ।
६. एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली मार्फत तथ्याङ्क अद्यावधिक गर्न ।
७. सबै विद्यालयलाई सहज हुने गरी शैक्षिक व्यवस्थापन सूचना प्रणाली तथा लेखा प्रणाली व्यवस्थित गर्न ।

### ४.७.४ उद्देश्यहरू

१. अपाङ्गता भएका व्यक्तिहरू लगायत सबैमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षामा पहुँच पुऱ्याउने ।
२. विद्यालय शिक्षालाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गर्ने ।
३. विद्यालयको व्यवस्थापन तथा तथ्याङ्क पद्धतिलाई पेपर लेस बनाउने ।
४. शिक्षण प्रक्रियालाई दूर शिक्षाको रूपमा पनि विकास गरिने ।
५. सिकाइलाई प्रभावकारी र रोचक बनाउनका लागि कक्षामा प्रविधिको प्रयोग गरिने ।

### ४.७.५ रणनीतिहरू

१. सबै विद्यालयहरूमा प्रविधिसम्बन्धी आधारभूत संरचना विस्तार गरी उपकरणको प्रबन्ध गरिने ।
२. एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई मासिक रूपमा अद्यावधिक गरिनेछ ।
३. शिक्षकहरूको क्षमता विकास गरी स्वयंसेवक शिक्षक सेवा प्रवेशका लागि आधारभूत सूचना तथा सञ्चार प्रविधिको सीप अनिवार्य गरिनेछ ।
४. विभिन्न कक्षा र विषयका लागि अन्तरक्रियात्मक डिजिटल सामग्री विकास गरिनेछ ।
५. सबै विद्यालयहरूमा सी.सी क्यामरा तथा .विद्युतीयहाजिरी जडान गरिनेछ ।
६. विद्युतीय पुस्तकालयलाई वार्षिक रूपमा अद्यावधिक गरिनेछ ।
७. अपाङ्गता भएका व्यक्तिहरूलगायत सबैमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षामा पहुँच पुऱ्याउने ।
८. विद्यालयको समग्र व्यवस्थापन तथा तथ्याङ्क पद्धतिलाई पेपर लेस बनाउने ।
९. सामुदायिक सिकाइ केन्द्रमा सूचना तथा सञ्चार प्रविधिको विकास गरिने ।
१०. सूचना तथा सञ्चार प्रविधिमा आधारित अनुगमन तथा मूल्याङ्कन पद्धतिको विकास गरिनेछ ।

### ४.७.६ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

समुदाय तथा विद्यालयमा सूचना तथा सञ्चार प्रविधिमैत्री वातावरण निर्माण भइ विद्यालय शिक्षाको व्यवस्थापनमा सुधारल्याइ सुशासन प्रवर्धन हुने।

**ख) नतिजा**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका लागि अगुवा विद्यालय विकास गरी एक पूर्णकालीन ICT शिक्षक व्यवस्थापन डिजिटल ,ल्याबस्थापना | ० | ० | १ | | | |
| २ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भई सबैको पहुँच पुग्ने। | ० | ५ | ५ | ५ | १४ | ० |
| ३ | स्थानीय स्तरमा अडियो भिडियो सहितको अनलाइन तथा अफलाइन कक्षा सञ्चालनका लागि प्रत्येक विद्यार्थीको हातमा भिडियो प्लेयर वा Android फोन का साथै पेनड्राइभ हुने। | ० | ५ | ५ | ५ | १४ | ५ |
| ४ | विद्यालयको तथ्याङ्क पद्धति पूर्ण पेपर लेस हुने। | ५ | ५ | ५ | १४ | | |
| ५ | प्रत्येक वडामा एक फ्रि वाई-फाईचौतारी निर्माण गर्ने। | ० | ३ | ३ | ३ | ३ | ० |
| ६ | शिक्षकमा सञ्चार प्रविधिको सीप  विकास | ० | १ | १ | १ | १ | १ |
| ७ | सामुदायिक सिकाइ केन्द्रमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा  विस्तार हुने। | ० | १ | १ | १ | १ | १ |
| ८ | सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन हुने। | ० | ० | २ | २ | २ | २ |

### ४.७.७ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्रसं. | प्रमुख क्रियाकलापहरू | इकाई | भौतिक लक्ष्य (वर्ष ५) | | | | | | भौतिक लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |

| | | | | | | | | | **१०) (वर्ष** | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रविधिसम्बन्धी आधारभूत संरचना विस्तार | सङ्ख्या | ५ | ५ | ५ | ५ | ४ | २४ | २४ | स्थानीय र विद्यालय |
| २ | पूर्णकालिन ICT शिक्षक व्यवस्थापन ,डिजिटल ल्याब स्थापना | सङ्ख्या | | | १ | १ | १ | २ | ५ | स्थानीय र विद्यालय |
| ३ | कक्षाकोठामा प्रविधिको प्रयोग | सङ्ख्या | ५ | ५ | ५ | ५ | ४ | २४ | २४ | स्थानीय र विद्यालय |
| ४ | ईपुस्तकालय- अद्यावधिक र विस्तार | सङ्ख्या | ५ | ५ | ५ | ५ | ४ | २४ | २४ | स्थानीय र विद्यालय |
| ५ | विद्यार्थीको डिजिटलमा पहुँच | प्रतिशत | | १० | १० | १० | १० | ४० | ७० | स्थानीय र विद्यालय |
| ६ | तथ्याङ्क पद्धति पूर्ण पेपर लेस | सङ्ख्या | ५ | ५ | ५ | ५ | ४ | २४ | २४ | स्थानीय र विद्यालय |
| ७ | फ्रि वाईफाई चौतारी- | सङ्ख्या | २ | २ | २ | १ | ३ | ९ | ९ | स्थानीय र विद्यालय |
| ८ | शिक्षकहरूको क्षमता विकास | निरन्तर | | | | | | | | स्थानीय र विद्यालय |
| ९ | सामुदायिक सिकाइ केन्द्रमा सूचना तथा सञ्चारप्रविधको प्रयोग | निरन्तर | | | | | | | | स्थानीय र विद्यालय |
| १० | सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन | निरन्तर | | | | | | | | स्थानीय र विद्यालय |

# परिच्छेद ५: सुशासन तथा व्यवस्थापन

## ५.परिचय

शिक्षा पद्धतिमा निर्णय तथा कार्यान्वयनको समग्र प्रक्रियाले शासकीय प्रबन्धलाई जनाउँदछ । शासकीय प्रबन्धमा संरचना तथा प्रक्रिया दुवै पर्दछन् । विद्यालय क्षेत्रको यो योजनाका सन्दर्भमा शासकीय प्रबन्ध अन्तर्गत योजनाको प्रभावकारी ढङ्गले तथा कुशलतापूर्वक कार्यान्वयन गरी बालबालिकाको सहभागिता र सिकाइमा सुधार गर्न आवश्यक संरचना, भूमिका तथा कार्य प्रक्रिया समावेश हुन्छन् । यस्ता संरचना तथा कार्य प्रक्रियाहरूले सहभागिता तथा सहमतिमा निर्णय गर्नु तथा निर्णय कार्यान्वयन गर्नु, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित हुनु, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायी हुनु, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्नु, विद्यार्थीको सिकाइप्रति जबाफदेही भई पारदर्शी हुनु र विधिको सर्वोच्चता तथा समतालाई प्रोत्साहन गरी सुशासनको प्रत्याभूति गर्नुपर्दछ । शिक्षामा स्थानीय सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारहरूको भूमिका रहने भएकाले भूमिका अनुसार सुशासन कायम गर्न यी सबैको योगदान रहेको छ ।

शिक्षा क्षेत्रको योजना कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचना सहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु पर्दछ । सुशासन तथा व्यवस्थापन सम्बन्धी योजनाका उद्देश्य, अपेक्षित नतिजा र कार्यक्रमको स्वरूप, संवैधानिक प्रावधान अनुसारको सङ्घीय संरचनामा विभिन्न तहका सरकारको दायित्व तथा ज्ञान, प्रविधि, मूल्यमान्यता र दृष्टिकोणमा आएको परिवर्तनलाई विचार गर्नु पर्दछ । नेपालको संविधानमा सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारका एकल र साझा अधिकारका सूची सहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था भएको छ । यस सन्दर्भमा संविधानमा सङ्घीय एकाइहरूका लागि एकल र साझा अधिकार तथा दायित्वको रूपमा विषयहरू प्रस्तुत भएका सन्दर्भमा एकल अधिकार मूल रूपमा प्रभावी भई साझा अधिकार परिपूरक वा समपूरक भएर आउँछ भन्ने विषयलाई ध्यान दिनका साथै शिक्षामा विशिष्टीकृत प्रकृतिका कार्यको सञ्चालन तथा व्यवस्थापनका लागि विशेष प्रबन्धको आवश्यकतालाई पनि विचार गर्नु पर्दछ । त्यसैसरि योजना कार्यान्वयन तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग, समता र समावेशिताको प्रवर्धन, नतिजाप्रतिको जिम्मेवारी र उत्तरदायित्व जस्ता पक्षहरूलाई प्राथमिकता दिनु पर्दछ । यस परिच्छेदमा सुशासन प्रवर्धन गरी शिक्षा क्षेत्रमा यस १० वर्षे शिक्षा क्षेत्रको योजना कार्यान्वयनबाट अपेक्षित नतिजा हासिल गर्नका लागि आवश्यक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीका सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरिएको छ । वर्तमान अवस्थाको समीक्षाका आधारमा यस योजनाका अपेक्षित नतिजा प्राप्तिका लागि प्रस्तावित कार्यक्रमहरूको कुशल तथा प्रभावकारी कार्यान्वयन गर्नका लागि आवश्यक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको स्वरूप प्रस्तुत गरिएको छ ।

## ५.१ संस्थागत संरचना र क्षमता विकास

### ५.१.१ परिचय

बदलिँदो परिवेश अनुसार शासकीय संरचना, प्रक्रिया र क्षमता सुधार गरिएमा शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले सङ्घीय संरचना अनुसार स्थानीय सरकारका अधिकार तथा दायित्व; शिक्षामा भएको सङ्ख्यात्मक विस्तार,ज्ञान, विज्ञान, प्रविधि र सञ्चारमा भएको विकास,सामाजिक चेतनामा आएको परिवर्तन लगायतका पक्षहरूलाई समेत बिचार गरेर

संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्धन गर्नु आवश्यक देखिएको छ । यसमा योजनाका प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तरमा सुधार,अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्तार;प्रकोप तथा महामारीको अवस्थामा सिकाइ र समता तथा समावेशिताको प्रवर्धनसहित जबाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्ने प्रयास गरिएको छ भने त्यसका लागि आवश्यक पर्ने जनशक्ति तथा क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ । यस खण्डमा सुशासन प्रवर्धन गरी शिक्षा विकासका कार्यक्रमहरू कार्यान्वयनका लागि विद्यमान पद्धतिको समीक्षा गरी यस विद्यालय क्षेत्रको योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि संस्थागत संरचना, क्षमता र प्रक्रियामा देखिएका चुनौतीहरू पहिचान गरिएको छ । पहिचान गरिएका चुनौतीहरू सामना गरी सुशासन प्रवर्धन गर्नका लागि आवश्यक संरचना, क्षमता र प्रक्रियाको विकास तथा परिवर्तनको लागि तयार गरिएको छ ।

परिवर्तित शासकीय संरचना अनुसार स्थानीय सरकार सञ्चालन ऐन,२०७४ मा उल्लेखित अधिकार र संविधानमा माध्यमिक तर्फको अधिकार स्थानीय तह को एकल अधिकार सूचीमा रहेको वर्तमान अवस्थामा नीति निर्माण व्यवस्थापन अनुगमन मूल्याङ्कनको सम्पूर्ण जिम्मा स्थानीय तहको हुन आएको छ । नगर कार्यपालिका र नगर शिक्षा समिति नीति निर्माणको तहमा रहनेछ शिक्षकको पेसागत विकासका लागि नगर स्तरमा कम्तीमा प्रति विषय एक जना पर्ने गरी प्रशिक्षक व्यवस्था गरिनेछ । स्थानीय पाठ्यक्रम निर्माणका लागि छुट्टै समिति गठन गरी कार्य अगाडि बढाइनेछ ।

### ५.१.२ वर्तमान अवस्था

शिक्षा क्षेत्रको विकासका लागि हाल सङ्घमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ । मन्त्रालय अन्तर्गत केन्द्रीय तहमा विभागीय रूपमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन् । त्यसै गरी स्वायत्त निकायका रूपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग क्रियाशील रहेका छन् । यसै गरी प्रदेश तहमा सामाजिक विकास मन्त्रालय मार्फत शिक्षा, शिक्षा विकास निर्देशनालय र प्रत्येक प्रदेशमा शिक्षा तालिम केन्द्र रहेका छन् भने जिल्ला तहमा शिक्षा विकास तथा समन्वय इकाई, प्रत्येक पालिकामा शिक्षा शाखाको व्यवस्था रहेको छ । पालिका स्तरमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐनले तोकिए बमोजिमको २३ ओटा कार्यहरू कार्यान्वयनमा रहेका छन् ।

### ५.१.३ समस्याहरू र चुनौतीहरू

१. विद्यालयमा विद्यालय व्यवस्थापन समितिको गठनमा राजनीतिकरणका कारण समस्याहरू उत्पन्न भएका छन् ।
२. विद्यालय व्यवस्थापन समिति र अभिभावक सङ्घ लगायत अन्य सरोकारवलाहरुलाई जिम्मेवार र उत्तरदायी बनाउन ।
३. शिक्षक पदपूर्ति, क्षमता विकास गर्न मा समस्या भएको
४. कक्षा १० तथा १२ को परीक्षा व्यवस्थापनमा सङ्घ र प्रदेशसँग समन्वय गर्न चुनौतीहरू छन् ।
५. शिक्षकको पेसागत रुपमा सहयोग पुऱ्याउन ।
६. तिनै तहका विभिन्न निकायहरू बिच समन्वय सहकार्य कमजोर हुनु ।

### ५.१.४ उद्देश्य

यस योजनामा सुशासन तथा व्यवस्थापनका लागि संस्थागत संरचना र क्षमता विकाससम्बन्धी उद्देश्यहरू निम्नानुसार रहेका छन्ः

१. विद्यार्थीको सिकाइ उपलब्धिको न्यून नतिजा सम्बोधनको लागि स्थानीय तहमा गुणस्तर अभिवृद्धि गर्न संरचना र जनशक्तिको व्यवस्था गर्ने ।
२. विद्यालयमा जनशक्ति, संरचना र संयन्त्रको क्षमता अभिवृद्धि गर्ने ।

३. विद्यालय शिक्षा क्षेत्रका शैक्षिक गतिविधिहरूको समन्वय, सहअस्तित्व र सहकार्यको प्रत्याभूतिका लागि संयन्त्र र संस्थागत व्यवस्था गर्ने ।

४. समता तथा समावेशितालाई प्रोत्साहन गरी शिक्षामा सुशासन व्यवस्था गर्ने ।

**५.१.५ रणनीतिहरू**

१. विद्यार्थीको सिकाइ उपलब्धिको न्यून नतिजा सम्बोधनको लागि स्थानीय तहमा गुणस्तर अभिवृद्धि गर्न भौतिक तथा सांगठनिक संरचनाको सुधार गर्ने र पर्याप्त र तालिम प्राप्त जनशक्तिको व्यवस्थापनमा जोड दिने

२. विद्यालय शिक्षा क्षेत्रका शैक्षिक गतिविधिहरूको समन्वय, सहअस्तित्व र सहकार्यको प्रत्याभूतिका लागि नीतिगत र प्रणालीगत संयन्त्रको विकास र कार्यान्वयन गर्ने र संस्थागत व्यवस्थाका लागि आवश्यक भौतिक पूर्वाधार, जनशक्ति, वित्त व्यवस्थापन र नीति नियम निर्माण गरी कार्यान्वयन गर्ने

३. समता तथा समावेशितालाई प्रोत्साहन गर्नका लागि आवश्यक पर्ने नीतिगत तथा कानुनी व्यवस्था गरी कार्यान्वयनमा ल्याउने र शिक्षामा सुशासन व्यवस्था गर्नका लागि पारदर्शिता, जबाफदेहिता, नियमको पालना, कुशल नेतृत्व तथा सूचना सम्प्रेषणका लागि पद्धतिको विकास गरी कार्यान्वयन गर्न जोड दिने

४. विद्यालयमा दक्ष जनशक्ति व्यवस्थापनका लागि पेसागत योग्यता र तालिमको व्यवस्था गर्नुका साथै भौतिक तथा सांगठानिक संरचनाको निर्माण गर्ने र संयन्त्रको क्षमता अभिवृद्धि गर्नमा जोड दिने

**५.१.६ प्रमुख उपलब्धि तथा नतिजा**

**क) उपलब्धि**

१. शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीमा विकास भएको हुने ।

२. स्थानीय तहको शिक्षाको शासकीय तथा व्यवस्थापकीय कार्यका लागि संयन्त्र, संरचना र जनशक्ति तयार हुने

३. स्थानीय सरकार, शिक्षाको शासकीय स्वरूप र विद्यालयको जिम्मेवारी, भूमिका, कर्तव्य, दायित्व र अधिकार सुनिश्चित हुने

४. शैक्षिक निकाय र जनशक्तिको दक्षता प्रवर्धन गर्ने, संयन्त्र निर्माण हुने र उक्त संयन्त्रले क्षमता सुधार गर्ने

५. शिक्षा सेवा प्रवाह सहभागितामूलक, कार्यसम्पादनमुखी, शिक्षार्थीको सिकाइ प्रति जबाफदेही, समतामूल्क तथा समावेशिताको सिद्धान्तमा कार्यसम्पादन उद्देश्यमूलक र प्रभावकारी हुने

**ख) नतिजा**

| क्र सं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक विद्यालयमा नेतृत्व तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या | २४ | २४ | २४ | २४ | २४ | २४ |
| २ | आधारभूत तहको विद्यालयमा नेतृत्व विकास तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या | ० | १६ | १६ | १६ | १६ | १६ |
| ३ | लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्ने विद्यालय सङ्ख्या | २४ | २४ | २४ | २४ | २४ | २४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | विद्यालय व्यवस्थापन समिति भएका विद्यालय सङ्ख्या | २४ | २४ | २४ | २४ | २४ | २४ |
| ५ | प्रचलित कानुनमा व्यवस्था भए बमोजिम प्रधानाध्यापक तथा प्राचार्य नियुक्त गर्ने माध्यमिक विद्यालय सङ्ख्या | २४ | २४ | २४ | २४ | २४ | २४ |

### ५.१.७ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाई | भौतिक लक्ष्य (वर्ष ५) | | | | | | भौतिक लक्ष्य १०) (वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | आवश्यक कानुनी प्रबन्ध र मापदण्ड विकास र लागु | सङ्ख्या | १ | १ | | | | २ | ३ | स्थानीय तह, विद्यालय |
| २ | शिक्षक तथा विद्यार्थी अंचारसहिता निर्माण र लागु | निरन्तर | | | | | | | | स्थानीय तह, विद्यालय |
| ३ | सूचना प्रणाली सुधार तथा सुदृढीकरण | पद्धति | ५ | ५ | ५ | ५ | ४ | २४ | २४ | स्थानीय तह, विद्यालय |
| ४ | प्र लाई कार्यसम्पादन करार गरी.अ. जिम्मेवार बनाउने | सङ्ख्या | ५ | ५ | ५ | ५ | ४ | २४ | २४ | स्थानीय तह, विद्यालय |
| ५ | शिक्षक तथा विद्यालय शिक्षा प्रणालीलाई सिकाइप्रति उत्तरदायी बनाउने | पद्धति | ५ | ५ | ५ | ५ | ४ | २४ | २४ | स्थानीय तह, विद्यालय |
| ६ | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइसम्बन्धी संयन्त्र विकास | संयन्त्रवडा/ | १ | २ | २ | २ | २ | ९ | ९ | स्थानीय तह, विद्यालय |
| ७ | विद्यालय स्वास्थ्य, पोषण, सरसफाइ तथा स्वच्छता, विपद् तथा महामारी सम्बन्धी सेवा तथा समन्वय संयन्त्र लैंगिक सहभागिताको वृद्धी | संयन्त्र विद्यालय सं | ५ | ५ | ५ | ५ | ४ | २४ | २४ | स्थानीय तह, विद्यालय |
| ८ | विद्यालय व्यवस्थापन समिति नभएको मा गठन | निरन्तर | | | | | | | | स्थानीय तह, विद्यालय |
| ९ | विद्यालहरुमा अनलाइनमा अधारित लेखा प्रणाली | सङ्ख्या | ५ | ५ | ५ | ५ | ४ | २४ | २४ | स्थानीय तह, विद्यालय |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १०. | सरोकारवलाहरु बिच समन्वय सहकार्य | निरन्तर | | | | | | | | स्थानीय तह, विद्यालय |
| ११ | विद्यालयहरुको लेखा तथा समाजिक परिक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय तह, विद्यालय |
| १२ | गुनासो सुनावाई संयन्त्र क्रियाशिल बनाउने | निरन्तर | | | | | | | | स्थानीय तह, विद्यालय |
| १३ | विद्यालहरुको लैगिंक लेखाजोखा | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय तह, विद्यालय |
| १४ | लैंगिक रुपान्तरण कार्यशाला | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय तह, विद्यालय |

## ५.२ शिक्षा क्षेत्रको योजना कार्यान्वयनको प्रबन्ध

### ५.२.१ परिचय

कुनै पनि योजनाको प्रभावकारी कार्यान्वयनको निमित्त व्यवस्थित, नीतिगत, प्रणालीगत र वैज्ञानिक प्रबन्धको खाँचो पर्दछ । योजना निर्माण, सङ्गठन, नियन्त्रण, निर्देशन, नेतृत्व प्रदान जस्ता तत्त्वहरूले योजना कार्यान्वयनको प्रबन्धमा महत्त्वपूर्ण भूमिका खेल्दछन् । यसै गरी शिक्षा क्षेत्रको योजना कार्यान्वयन गर्न पनि उल्लेखित तत्त्वहरूले प्रभाव पार्दछन् । शिक्षा क्षेत्रको योजना कार्यान्वयनको प्रबन्ध प्रभावकारी भएमा अपेक्षित उपलब्धि प्राप्त गर्न सकिन्छ ।

अपेक्षित नतिजा तथा उपलब्धि हासिल गर्न कार्यान्वयनको उपयुक्त व्यवस्था हुनु आवश्यक छ । योजना कार्यान्वयन प्रबन्धमा सङ्गठन, निर्देशन, नियन्त्रण, संयन्त्र, जनशक्ति, नीति नियम,कानुन तथा मापदण्ड सहितको जिम्मेवारी र उत्तरदायित्व रहन्छन् । नेपालमा सङ्घीय व्यवस्था अनुसार सङ्घ, प्रदेश र स्थानीय तहको संरचना तयार भई स्थानीय तहमा केही कानुनी प्रबन्ध सहित मुख्य संरचना तथा जनशक्ति र जिम्मेवारी निर्धारिण गरिएको छ । त्यसैले कार्यान्वयन प्रबन्ध र सम्पादनका लागि आवश्यक संयन्त्रको विकास हुनु आवश्यक । कार्यान्वयन प्रबन्ध तयार गर्दा दिगोपना, कार्यकुशलता, प्रभावकारितामा ध्यान दिनु पर्दछ । कार्यान्वयन प्रबन्धको समग्र पक्षलाई समावेश गरी स्थानीय तह र विद्यालय अन्तर्गत योजना कार्यान्वयनको प्रबन्धको प्रक्रिया इङ्गित गरिएको छ ।

### ५.२.२ वर्तमान अवस्था

मुलुक सङ्घीय संरचनाको ढाँचामा रूपान्तरण भएसँगै नयाँ चिराबाट योजना कार्यान्वयनको प्रबन्ध गर्नुपर्ने कानुनी व्यवस्था छ । शिक्षा क्षेत्रमा पनि यसै अनुसार संरचनात्मक रूपान्तरण गर्नुपर्ने हुन्छ । सङ्घमा रहेको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले समग्र शिक्षा नीति तथा योजना तर्जुमा, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय तथा अन्य विषयगत मन्त्रालय, विकास साझेदारहरूसँग समन्वय तथा सहकार्य गर्दछ । विद्यालयमा विद्यालय व्यवस्थापन समिति रहनुका साथै शिक्षक मध्ये एक जनालाई प्रधानाध्यापक नियुक्त गरी विद्यालय संचालनका लागि जिम्मेवारी दिइएको छ ।

स्थानीय तहमा कार्यसम्पादन गर्नका लागि परिवर्तन गरिएको उल्लिखित सङ्गठन संरचना तथा जनशक्ति व्यवस्थापन विद्यालय शिक्षामा सुशासन कामय गरी कुशल व्यवस्थापनका लागि पर्याप्त नदेखिएको सन्दर्भलाई विचार गर्दा यस योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि वर्तमान प्रबन्धमा परिमार्जन तथा सुधार आवश्यक देखिएको छ ।

### ५.२.३ चुनौतीहरू

१. स्थानीय शिक्षक सहायता पद्धति विकास गर्नु
२. शिक्षक तालिमको क्षमता विस्तार गर्नु।
३. स्थानीय तहमा जनशक्ति अभावले विद्यालयका लागि सहयोग तथा अनुगमन प्रणाली व्यवस्थित गर्न र सङ्गठन तथा दरवन्दी पुनरावलोकन गर्नु।
४. विद्यालय शिक्षाका सन्दर्भमा स्थानीय तहको भूमिका तथा कार्य विवरण स्पष्ट गर्नु पर्ने
५. सङ्घ, प्रदेश र स्थानीय तहको बजेटलाई एकीकृत गरी स्थानीय तहमा शिक्षा योजना निर्माण गर्नु।
६. सङ्घ, प्रदेश तथा स्थानीय तहहरूबिच समन्वय र सहकार्य सुदृढ गर्ने ।
७. आन्तरिक बजेटको स्रोतको पहिचान गरी परिचालन गर्नु ।

### ५.२.४ उद्देशयहरु

शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु ।

### ५.२.५ रणनीतिहरू

योजनाको कार्यान्वयनको मुख्य थलो विद्यालय भएकाले विद्यालयमा कार्यान्वयनको उपयुक्त प्रबन्धका साथै स्थानीय तहले विद्यालयको क्रियाकलापहरूमा नियमित अनुगमन तथा कार्यान्वयनमा आवश्यकता अनुसार सहयोग, समन्वय र सहकार्य गर्नु पर्दछ। स्थानीय तहमा शिक्षा क्षेत्रको समग्र योजना कार्यान्वयन प्रक्रियाका लागि निम्न लिखित प्रबन्ध गर्नु पर्दछ।

स्थानीय तह:

१. कार्यक्रम कार्यान्वयनका लागि आवश्यकताअनुसार ईशनाथ नगरपालिकाले कानुन, मापदण्ड र निर्देशिका विकास गर्ने ।
२. ईशनाथ नगरपालिकाले सङ्घीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरण मार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने ।
३. ईशनाथ नगरपालिकाको शिक्षा शाखाको क्षमता विकास गरी कार्यक्रम कार्यान्वयनका लागि आवश्यकताअनुसार समितिहरू निर्माण गर्ने।
४. ईशनाथ नगरपालिकाले एकीकृत शैक्षिक सूचना व्यवस्थापन मार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने, योजना निर्माणको आधारका रूपमा प्रयोग गर्ने र सङ्घीय तथा प्रदेशमा समेत आवश्यक विवरण सहजै प्राप्त हुने सुनिश्चितता गर्ने ।
५. ईशनाथ नगरपालिकाले कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने छन्।

६. ईशनाथ नगरपालिकाले शिक्षण सिकाइमा आवश्यक सहयोग तथा आदान प्रदानका लागि पालिका स्तरमा शिक्षक तथा विज्ञ समूह सम्मिलित शिक्षक सहायता प्रणाली विकास तथा सञ्चालन गर्ने ।

**विद्यालय:**

१. विद्यालयले विद्यालय सुधार योजना तयार गरी हरेक साल अद्यावधिक गर्ने ।
२. सङ्घ, प्रदेश, स्थानीय तह र विद्यालयको आफ्नै आम्दानीबाट प्राप्त बजेट समावेश गरी निर्धारित वार्षिक कार्यक्रमलाई विद्यालय व्यवस्थापन समितिले कार्यान्वयन गर्ने ।
३. व्यवस्थापन तथा निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाइने ।
४. विद्यालयले वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, अभिलेखीकरण, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षाकोठामा समय तथा कार्यको सुनिश्चितता सम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागू गर्ने ।
५. विद्यालयले अभिभावक र सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने ।
६. स्थानीय सरकारका सम्बन्धित इकाइहरू, समुदाय र गैरसरकारी संस्थाको सहकार्यमा बालबालिकाका लागि पौष्टिक आहार, सरसफाइ र विपत्तिको व्यवस्थापन सम्बन्धी सीप प्रदान गर्न क्रियाशील संरचना तयार गर्ने ।
७. विद्यालयले विद्यार्थीलाई विषयगत सिकाइ, अतिरिक्त क्रियाकलाप, सामुदायिक कार्यमा सहभागिताका लागि आवश्यक जिम्मेवारी तथा कार्य योजना तयार गर्ने ।

**सामुदायिक सिकाइ केन्द्र:**

१. सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न व्यवस्थापन समिति गठन गर्ने ।
१. वित्तीय व्यवस्थापनका आधारमा व्यवस्थापन समितिले वार्षिक योजना निर्माण गरी कार्यान्वयनको व्यवस्था मिलाउने ।
२. सा.सीले विषय .के.गत स्थानीय तहका इकाइहरू, समुदाय, गैर सरकारी संस्था र सामुदायिक संस्थासँग आवश्यकता अनुसार सहकार्य गरी कार्यक्रमहरू सञ्चालन गर्ने ।

### ५.२.६ प्रमुख उपलब्धि तथा नतिजा,

**क) उपलब्धि**

शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुनेछ ।

**ख)प्रमुख नतिजा**

सबै सरोकारवाला निकाय तथा पक्षहरुको समन्वय सहकार्यमा विद्यालयमा शुसान प्रवर्धन भई शिक्षण सिकाई प्रति उत्तरदायी प्रणालीको विकास हुनेछ ।

### ५.२.७ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाई | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | वार्षिक बजेट तथा कार्यक्रम निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | नगरपालिका, शिक्षा शाखा |
| २ | विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक | पटक | २४ | २४ | २४ | २४ | २४ | २४ | २४ | नगरपालिका, शिक्षा शाखा |
| ३ | एकीकृत शैक्षिक सूचना प्रणाली सुदृढीकरण | सङ्ख्या | २४ | २४ | २४ | २४ | २४ | २४ | २४ | नगरपालिका, शिक्षा शाखा |
| ४ | नियमित लेखा, सामाजिक परीक्षण | सङ्ख्या | २४ | २४ | २४ | २४ | २४ | २४ | २४ | नगरपालिका, शिक्षा शाखा |
| ५ | नगर शिक्षा योजनाको समिक्षा तथा पुनरावलोकन | वार्षिक | १ | १ | १ | १ | १ | ५ | १० | नगरपालिका, शिक्षा शाखा |
| ६ | लैगिंक सम्बेनशिलतामा अधारित वजेट विन्योजन | निरन्तर | | | | | | | | नगरपालिका, शिक्षा शाखा |
| ७ | बजेट तर्जुमा लैंगिक सहभागिता बढाउने | निरन्तर | | | | | | | | नगरपालिका, शिक्षा शाखा |

# परिच्छेद ६ : लगानी र स्रोत व्यवस्थापन

## ६.१ परिचय

शिक्षा आर्थिक तथा सामाजिक परिवर्तनका लागि देशको मेरुदण्ड हो । त्यसैले सभ्य समाज र समृद्ध राष्ट्र निर्माणका लागि व्यक्ति, समुदाय र सरकारले बालबालिकाको शिक्षामा प्राथमिकताका साथ लगानी गर्नु आवश्यक छ । दक्ष, सीपयुक्त र गुणस्तरीय मानव संसाधनको विकास गर्नु नै शिक्षामा लगानी गरिएको हो ।शिक्षामा गरिने लगानीले व्यक्ति, समाज र राष्ट्रको दीर्घकालीन विकासका लागि सहयोग गर्दछ ।राष्ट्रिय अकान्क्षा मध्यनजर गर्दै नेपाल सरकार र समुदायबाट विगत केही दशकदेखि शिक्षा क्षेत्रमा लगानीलाई विस्तार गरिएको छ ।शिक्षामा गरिने लगानीले समाजको आकाङ्क्षा, आवश्यकता, मान्यता र दिगो विकासको लक्ष्यका लागि कार्य गर्नु पर्दछ। संवैधानिक व्यवस्था बमोजिम विद्यालय शिक्षा सञ्चालनको मूल जिम्मेवारी स्थानीय तहको भए तापनि शिक्षा साझा सूचीको विषय रहेकोले शिक्षाको वित्तीय व्यवस्थापनमा सङ्घ, प्रदेश र स्थानीय तहका साथै समुदाय र नीजिक्षेत्रको समेत साझेदारी आवश्यकता पर्दछ।

शिक्षामा आवश्यक पर्ने स्रोत पहिचान गरी तिनलाई एकीकृत गर्नु र उपयुक्त तरिकाले वितरण तथा उपयोग गर्नु शिक्षामा लगानीको प्रबन्धका लागि ध्यान दिनुपर्ने महत्त्वपूर्ण पक्ष हुन् ।शिक्षामा आवश्यक पर्ने वित्तीय स्रोत जुटाउने, स्रोतको विनियोजन गर्ने, विनियोजित स्रोतको प्रवाह गर्ने र उपलब्ध स्रोतको उपयोग गर्ने भन्ने विषयमा ध्यान पुग्दछ। यस सन्दर्भमा शिक्षा क्षेत्रको यो योजना कार्यान्वयनका लागि लगानी तथा स्रोत व्यवस्थापन सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरी यसमा देखिएका चुनौतीहरू उल्लेख गरिएको छ ।पहिचान गरिएका चुनौतीहरूको सामना गर्दै वित्तीय व्यवस्थापनलाई प्रभावकारी बनाउनका लागि यसका उद्देश्य तथा रणनीतिहरू प्रस्तुत गरी स्रोतको आकलन तथा लगानीका क्षेत्र र लागत अनुमान गरिएको छ।

स्थानीय तहको लगानी र सुरक्षा व्यवस्थापनको मुख्य आधार भनेको नै सङ्घीय सरकारबाट प्राप्त हुने Education Sector Plan अन्तर्गतको सशर्त बजेट नै हो । यसका अलावा निजी साझेदारी कार्यक्रम, प्रदेश तथा स्थानीय ताका सरकारबाट प्राप्त हुने अनुदान र अशिक्षा सम्बन्ध राष्ट्रिय-अन्तर्राष्ट्रिय सङ्घसंस्थाबाट प्राप्त सहयोगबाट यस योजनामा समावेश भएका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।अधिकारहरुलाई निश्चित नीति, निर्देशन, सिद्धान्तबमोजिम व्यवस्थित र यथार्थपरक, पारदर्शी रूपमा राख्ने व्यवस्था गरिनेछ ।

## ६.२ वर्तमान अवस्था

ईशनाथ नगरपालिकाले करिब करिब ८ प्रतिशतको हराहरी विद्यालय शिक्षा क्षेत्रमा कार्यक्रम तथा परियोजना अन्तरगतको बजेट लगानी र विनियोजन गरिने गरेको छ । शिक्षामा लगानी बढाउनु पर्छ भन्ने विषयमा सैद्धान्तिक रूपमा राजनीतिक तहमा र नेपालका नीतिगत दस्ताबेजहरूमा सहमति देखिन्छ ।सबैको धारणा लगानी बढाउने कुरामा एकै हुनुलाई लगानी वृद्धि गर्ने प्रयासको महत्त्वपूर्ण आधार मान्न सकिन्छ ।नेपालका सबैजसो राजनीतिक दलको राष्ट्रिय तहको चुनावी घोषणापत्रमा कूल राष्ट्रिय बजेटको कम्तीमा २० प्रतिशत शिक्षामा लगानी गरिने कुरा उल्लेख गरिएको छ।

## ६.३ चुनौतीहरू

१. सङ्घीय संरचनाअनुसार सङ्घ, प्रदेश र स्थानीय तह बिचको शिक्षाको लगानी मापदण्ड र बित्तीय स्रोत हस्तान्तरणको उपयुक्त माध्यम निर्धारण गरी तीनै तहका सरकारलाई शिक्षामा लगानीको लागि जिम्मेवार बनाउने।

२. शिक्षा सम्बन्धी अन्तर्राष्ट्रिय परिवेश, स्थापित मूल्य र मान्यता, संवैधानिक प्रत्याभूति, राज्यले अख्तियार गरेका नीतिलाई उचित रूपमा सम्बोधन गर्न विद्यालय शिक्षा क्षेत्रमा लगनी वृद्धि र दिगो स्रोत व्यवस्थापन गर्ने।
३. संवैधानिक मार्गदर्शन तथा नीति अनुरूप निजी क्षेत्रबाट शिक्षामा गरिने लगानीको व्यवस्थापन र स्वरूप निर्धारण गरी सार्वजनिक सेवा, सामाजिक दायित्व वा सेवामूलक व्यवसायको रूपमाविकास गर्ने।
४. आधुनिक प्रविधि विशेषगरी सूचना तथा सञ्चार प्रविधिमैत्री शिक्षण सिकाइ सञ्चालन गर्न आवश्यक स्रोतको व्यवस्था गर्ने।
५. प्राविधिक तथा व्यावसायिक शिक्षामा विद्यार्थी अनुपात बनाउने सरकारको प्रतिवद्धताकार्यान्वयन गर्न आवश्यक पर्ने वित्तीय स्रोत पहिचान र परिचालन पद्धति सुनिश्चित गर्ने।
६. वैदेशिक सहायता प्राप्ति, परिचालन, घट्दै गएको वैदेशिक सहायतालाई बढाउन र त्यसको दिगोपना सुनिश्चित गर्ने।
७. शिक्षा क्षेत्रका विभिन्न उपक्षेत्रहरू प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, उच्च शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा र अनौपचारिक निरन्तरता शिक्षामा सरकारी लगानीको संरचना (प्राथमिकता र प्रतिशत) निर्धारण गर्ने।
८. विद्यार्थीको सिकाइ तथा कुशलतामा केन्द्रित भई गुणस्तर अभिवृद्धि गर्न आवश्यक पर्ने गरी लगानी गर्न स्रोत व्यवस्थापन गर्ने।
९. शिक्षामा समता तथा समावेशिता सुधार गरी आर्थिक रूपले विपन्न, सुविधाविहीन, विभिन्न कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूको पहुँच, सहभागिता गुणस्तरीय सिकाइ सुनिश्चित गर्न पर्याप्त लगानी प्राप्त गर्ने।
१०. गैरसरकारी क्षेत्रको लगानी, सामुदायिक सहभागिता र अभिभावकको लगानीलाई अभिलेखीकरण र प्रोत्साहन गर्ने
११. वित्तीय गतिविधिलाई पारदर्शी, जबाफदेही, सरलीकृत गरी वित्तीय सुशासन कायम गर्न।
१२. वित्तीय व्यवस्थापन कार्यकुशल बनाउन व्यक्ति, संस्था र पद्धतिको क्षमता विकास गर्ने

### ६.४ उद्देश्य

योजनाको वित्तीय व्यवस्थापनका प्रमुख उद्देश्यहरू देहायअनुसार रहेका छन्:

१. विद्यालय शिक्षा सम्बन्धी पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु।
२. योजना अवधिका लागि विद्यालय शिक्षामा आवश्यक स्रोतको प्रक्षेपण गर्नु।
३. उपलब्ध सम्भावित स्रोतका आधारमा पहिचान गरिएका कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु।
४. लगानीको उपयोगको अवस्था जानकारी लिने विधि र प्रक्रिया उपयुक्त (प्रतिवेदन पद्धति) प्रस्तुत गर्नु र जबाफदेहिता स्पष्ट गर्नु।
५. खर्चको प्रक्रिया, तीनै तहका सरकारको भूमिका र दायित्व स्पष्ट गर्नु।

### ६.५ रणनीतिहरू

योजनाको वित्तीय व्यवस्थासम्बन्धी रणनीतिहरू देहाय बमोजिम हुनेछन्:

१. विद्यालय शिक्षाको लागत साझेदारी तीनै तहका सरकारहरू (सङ्घीय, प्रदेश, स्थानीय) बिच हुनेछ।
२. सङ्घीय सरकारको शिक्षा क्षेत्रको लगानीअनुसार प्रदेश र स्थानीय सरकारले थप लगानी गर्ने।
३. शिक्षामा सरकारी अनुदान खर्चको प्रमुख जिम्मेवारी स्थानीय तहको हुनेछ।
४. स्थानीय तहलाई लक्षित शैक्षिक पहुँच, सहभागिता, र गुणस्तर सुनिश्चित गर्न जबाफदेही बनाइने।
५. सरकारबाट प्रदान गरिने स्रोतको उपयोग गर्ने प्रमुख इकाई विद्यालय भएकाले लक्षित गुणस्तर सुनिश्चित गर्ने जबाफदेहिता विद्यालयको हुनेछ।

६. शिक्षामा सार्वजनिक लगानी वृद्धि गरी कूल गार्हस्थ उत्पादनको ७ प्रतिशत र तिनै तहका सरकारबाट कूल बजेटको वार्षिक रूपमा २० प्रतिशत पुऱ्याइने छ।
१. नेपालको वैदेशिक सहायता नीति अनुरूप शिक्षाको बजेटमा हुने न्यूनता पूरा गर्नका लागिनिश्चित लक्ष्य हासिल गर्न बाह्य स्रोतको परिचालन गरिनेछ।
२. उपगमको अवधारणा अनुसार कार्यक्रम खर्च तथा नतिजामा आधारित खर्च गरिनेछ।
३. सार्वजनिक सेवा,सामाजिक दायित्व वा सेवामूलक व्यवसायका रूपमा विकास गरिनेछ।
४. मापदण्डका आधारमा शिक्षामा निजी तथा गैरसरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रवर्धन गरिने छ भने निजी क्षेत्रले सार्वजनिक सेवा ,सामाजिक दायित्व वा सेवामूलक व्यवसायका रूपमा रहने गरी विद्यालय शिक्षा सञ्चालन गर्न व्यवस्था गरिनेछ।
६. अवस्था र आवश्यकताका आधारमा समानीकरण, समपुरक, शसर्त र विशेष अनुदानको अवलम्बन र उपयोग गरिनेछ।
७. मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गरिनेछ।
८. वित्तीय व्यवस्थापन क्षमतामा सुधार गरी ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई थप सबल बनाइनेछ।

**६.६ प्रमुख उपलब्धि तथा नतिजा**

**क)उपलब्धि**

शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुने छ।

**ख)नतिजा**

१. विद्यालय शिक्षाको गुणस्तर सुधारको लागि आवश्यक स्रोतको पहिचान र परिचालन हुने ।
२. निजी शिक्षण संस्थाहरूले सार्वजनिक सेवा, सामाजिक दायित्व र सेवामूलक व्यवसायको रूपमा विद्यालय सञ्चालन गरेको हुने ।
३. विद्यालय शिक्षाका हरेक निकायमा कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व निर्वाह भएको हुने ।
४. मापदण्डका आधारमा खर्च गर्ने पद्धतिको विकास हुने ।
५. स्रोत व्यवस्था र परिचालनमा समुदाय र गैससहरूसँगको साझेदारी विकास भएको हुने ।
६. सबै शिक्षण संस्थाहरूको सामाजिक परीक्षण भएको हुने ।
७. विद्यालयहरूको आन्तरिक स्रोतको पहिचान तथा लागत तयार भएको हुने ।

६.७ प्रमुख क्रियाकलाप र लक्ष्य

क) सङ्घीय सरकारबाट विद्यालय शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट (हजारमा)

| क्रसं | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक वर्ष२०८१/0८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| **बाल विकास र शिक्षा** | | | | | | | | |
| १ | प्रारम्भिक बाल विकास सहजकर्ताहरूको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान | ६९०० | ७२४५ | ७६०७ | ७९८८ | ८३८७ | ३८१२७ | ७६२५४ |
| | जम्मा | ६९०० | ७२४५ | ७६०७ | ७९८८ | ८३८७ | ३८१२७ | ७६२५४ |
| **आधारभूत शिक्षा** | | | | | | | | |
| १ | आधारभूत तहका स्वीकृत दरबन्दीका शिक्षक,राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद् अन्तरगतका शिक्षकह÷कर्मचारीहरु समेत | ३४२.३१ | ३५९.४३ | ३७७.४० | ३९६.२७ | ४१६.०८ | १८९१.४८ | ३७८२.९६ |
| २ | आधारभूत तहका कक्षा ६ देखि ८ सम्ममा अङ्ग्रेजी, गणित, विज्ञान, शिक्षण सहयोग अनुदान | २७६९ | २९०७ | ३०५३ | ३२०५ | ३३६६ | १५३०० | ३०६०१ |
| | जम्मा | ३१११ | ३२६७ | ३४३० | ३६०२ | ३७८२ | १७१९२ | ३४३८४ |
| **माध्यमिक  शिक्षा** | | | | | | | | |
| १ | माध्यमिक तह स्वीकृति दरवन्दी राहत शिक्षक का लागि तलव भत्ता अनुदान विशेष शिक्षा परिषद् अन्तर्गत का शिक्षक कर्मचारी  प्राविधिक धारका  शिक्षक  कर्मचारी प्रशिक्षक समेत | ९९.४२ | १०४.३९ | १०९.६१ | ११५.०९ | १२०.८५ | ५४९.३६ | १०९८.७२ |
| २ | माध्यमिक तह कक्षा (९ देखि १०) मा अग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | २८७० | ३०१४ | ३१६४ | ३३२२ | ३४८९ | १५८५९ | ३१७१७ |
| | जम्मा | २९६९ | ३११८ | ३२७४ | ३४३७ | ३६०९ | १६४०८ | ३२८१६ |
| **सुशासन तथा व्यवस्थापन** | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | १४६५ | १५३८ | १६१५ | १६९६ | १७८१ | ८०९५ | १६१९० |
| २ | विद्यालय शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्य सम्पादनमा आधारित अनुदान | १३१२ | १३७८ | १४४६ | १५१९ | १५९५ | ७२५० | १४४९९ |
| ३ | शैक्षिक सुशासनको लागि संस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मूल्याकंन, शिक्षक मेन्टरिगं तथा विद्यालय सुपरिवेक्षण | ८४६ | ८८८ | ९३३ | ९७९ | १०२८ | ४६७५ | ९३४९ |
| ४ | प्रति विद्यार्थी लगताका आधारमा सिकाई सामाग्री तथा डिजिटल सिकाई सामाग्री व्यवस्थापनका लागि अनुदान | १३३८ | १४०५ | १४७५ | १५४९ | १६२६ | ७३९३ | १४७८७ |
| | जम्मा | ४९६१ | ५२०९ | ५४७० | ५७४३ | ६०३० | २७४१३ | ५४८२५ |
| **प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तथा तालिम** | | | | | | | | |
| १ | केन्द्र बाट छनौट भएका नमुना विद्यालय, विशेष विद्यालयको स्वकृत्ति गुरुयोजना अनुरूप भौतिक विकास पूर्वाधार विकास तथा प्राविधिक धार तर्प शैक्षिक सत्र २०७९ बाट कक्षा ९ सञ्चालन गर्ने विद्यालयलाई ल्याब व्यवस्थापन अनुदान (कक्षा ११ देखि १२ मा विज्ञान विषय सञ्चालनका लागि समेत) | ० | ० | ० | ० | ० | ० | ० |
| २ | स्थानीय साझेदारीमा विद्यालय भवन निर्माण अनुदान | ५५०० | ५७७५ | ६०६४ | ६३६७ | ६६८५ | ३०३९१ | ६०७८२ |
| **पाठ्यक्रम तथा मूल्याङ्कन** | | | | | | | | |
| १ | सार्वजनिक विद्यालयका विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान (स्थानीय विषय, मातृभाषा समेत) | ६००२ | ६३०२ | ६६१७ | ६९४८ | ७२९५ | ३३१६५ | ६६३३० |
| | | | | | | | | |
| **दिवा खाजा सहित स्वास्थ्य तथा पोषण कार्यक्रम** | | | | | | | | |
| १ | तोकिएको विद्यार्थीलाई दिवा खाजाको लागि विद्यालयलाई अनुदान | १५७५५ | १६५४३ | १७३७० | १८२३८ | १९१५० | ८७०५६ | १७४११३ |
| २ | सामुदायिक विद्यालयका छात्राहरूलाई निःशुल्क स्यानिटरी प्याड व्यवस्थापन | २४०५ | २५२५ | २६५२ | २७८४ | २९२३ | १३२८९ | २६५७८ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | १८१६० | १९०६८ | २००२१ | २१०२२ | २२०७४ | १००३४५ | २००६९१ |
| **छात्रवृत्ति** | | | | | | | | |
| १ | विपन्न लक्षित छात्रवृत्तिका लागि छनौट भएका (कक्षा ६ देखि १२ मा अध्ययनरत) विद्यार्थीका लागि छात्रवृत्ति | ७५५ | ७९३ | ८३२ | ८७४ | ९१८ | ४१७२ | ८३४४ |
| २ | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूका लागि छात्रवृत्ति (अवासिय तथा गैर अवासिय) | १७३६ | १८२३ | १९१४ | २०१० | २११० | ९५९२ | १९१८५ |
| | जम्मा | २४९१ | २६१६ | २७४६ | २८८४ | ३०२८ | १३७६४ | २७५२९ |
| **अनौपचारिक शिक्षा** | | | | | | | | |
| १ | शैक्षिक पहुँच सुनिचिता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता निरन्तर शिक्षा कार्यक्रम समेत) | २५०० | २६२५ | २७५६ | २८९४ | ३०३९ | १३८१४ | २७६२८ |
| **आपत्कालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा** | | | | | | | | |
| १ | विपद्को समयमा सिकाई निरन्तरताका लागि सिकाई आपूरण तथा द्रुत सिकाई योजना कार्यान्वयन | ५०० | ५२५ | ५५१ | ५७९ | ६०८ | २७६३ | ५५२६ |

**ख) प्रदेश सरकारबाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट**

| क्रसं | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक वर्ष | | | | | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | | |
| | आधारभूत शिक्षा | | | | | | | |
| १ | प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाई सामग्री तथा डिजिटल व्यवस्थापन अनुदान | १२०० | १२६० | १३२३ | १३८९ | १४५९ | ६६३१ | १३२६२ |
| २ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | १५०० | १५७५ | १६५४ | १७३६ | १८२३ | ८२८८ | १६५७७ |
| ३ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | ३०० | ३१५ | ३३१ | ३४७ | ३६५ | १६५८ | ३३१५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | सामुदायिक विद्यालयका छात्राहरूलाई निःशुल्क स्यानिटरी प्याड व्यवस्थापन | ३०० | ३१५ | ३३१ | ३४७ | ३६५ | १६५८ | ३३१५ |
| ५ | सार्वजनिक विद्यालयमा विद्यर्थीहरुका लागि छात्रवृत्ति (आवासीय तथा गैरआवसीय ) | १००० | १०५० | ११०३ | ११५८ | १२१६ | ५५२६ | ११०५१ |
| | जम्मा | ४३०० | ४५१५ | ४७४१ | ४९७८ | ५२२७ | २३७६० | ४७५२० |

**ग) स्थानीय तहबाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापका लागि प्राप्त हुने अनुमानित बजेट**

| **क्रसं** | **अनुदान प्राप्त हुने क्रियाकलाप** | **आर्थिक वर्ष** | | | | | **५ वर्षको जम्मा** | **१० वर्षको जम्मा** |
|---|---|---|---|---|---|---|---|---|
| | | **२०८१/०८२** | **२०८२/०८३** | **२०८३/०८४** | **२०८४/०८५** | **२०८५/०८६** | | |
| | बाल विकास र शिक्षा | | | | | | | |
| १ | प्रारम्भिक बाल विकास सहजकर्ताहरूको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान | २६८४.५० | २८१८.७३ | २९५९.६६ | ३१०७.६४ | ३२६३.०३ | १४८३३.५६ | २९६६७.११ |
| २ | सहयोगी कार्यकर्ता पारिश्रमिक | ० | ० | ० | ० | ० | ० | ० |
| | जम्मा | २६८५ | २८१९ | २९६० | ३१०८ | ३२६३ | १४८३४ | २९६६७ |
| **आधारभूत शिक्षा** | | | | | | | | |
| १ | स्थानीय पाठ्यक्रम विद्यालयलाई सहयोग | ० | ० | ० | ० | ० | ० | ० |
| २ | विद्यालयमा शिक्षकहरूको लागि तलव भत्ता अनुदान | २९०० | ३०४५ | ३१९७ | ३३५७ | ३५२५ | १६०२४ | ३२०४९ |
| ३ | लोकसेवा तयारी अनुदान | २५० | २६३ | २७६ | २८९ | ३०४ | १३८१ | २७६३ |
| ४ | परीक्षा सञ्चालन र विद्यार्थीहरूको रजिस्ट्रेसन शुल्क अनुदान | २७००.०० | २८३५ | २९७७ | ३१२६ | ३२८२ | १४९१९ | २९८३८ |
| ५ | ड्रेस वितरण | ५५६ | ५८४ | ६१३ | ६४४ | ६७६ | ३०७२ | ६१४५ |
| ६ | विद्यालय भौतिक पूर्वाधार निर्माण | ५७०० | ५९८५ | ६२८४ | ६५९८ | ६९२८ | ३१४९६ | ६२९९२ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | सार्वजनिक विद्यालयका विद्यर्थीहरुका लागि निःशुल्क पाठ्यपुस्तक<br>अनुदान | ० | ० | ० | ० | ० | ० | ० |
| ८ | विपन्न लक्षित छात्रवृत्तिको लागी छनौट भएका (६—१२ )<br>विद्यर्थीहरुका लागि छात्रवृत्ति | ० | ० | ० | ० | ० | ० | ० |
| | जम्मा | १२१०६.०० | १२७११ | १३३४७ | १४०१४ | १४७१५ | ६६८९३ | १३३७८७ |

**घ) अन्य सङ्घ संस्थाहरूबाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट**

| क्रसं | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक वर्ष | | | | | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | | |
| १ | शैक्षिक सामाग्री वितरण | ३२०० | ३३६० | ३५२८ | ३७०४ | ३८९० | १७६८२ | ३५३६४ |
| २ | अभिभावक शिक्षा कार्यक्रम सञ्चालन | २०० | २१० | २२१ | २३२ | २४३ | ११०५ | २२१० |
| ३ | विपद् समयमा सिकाई निरन्तरताक लागि कार्यक्रम सिकाई | २६९० | २८२५ | २९६६ | ३११४ | ३२७० | १४८६४ | २९७२८ |
| ४ | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय,वैकल्पिक विद्यालय , साक्षरता र<br>शिक्षाका कार्यक्रम समेत ) | २१३ | २२४ | २३५ | २४७ | २५९ | ११७७ | २३५४ |
| | जम्मा | ६३०३ | ६६१८ | ६९४९ | ७२९७ | ७६६१ | ३४८२८ | ६९६५६ |

# परिच्छेद ७ : अनुगमण तथा मुल्याङ्कन

## ७.१ परिचय

शैक्षिक कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न अनुगमन र मूल्याङ्कन महत्त्वपूर्ण हुन्छन् । अनुगमन भनेको स्रोतसाधनको विनियोजन, वितरण, लगानीको प्रवाह, कार्यक्रम कार्यान्वयन प्रक्रिया, शैक्षिक क्रियाकलापहरूको कार्यान्वयन, तथा लक्षित प्रतिफल प्राप्तिको अवस्थालाई नियमित वा आवधिक रूपमा निरीक्षण, पुनःर्निरीक्षण, पर्यवेक्षण तथा जाँचबुझ गर्ने प्रक्रिया हो । यसले कार्यक्रमको प्रगति र वर्तमान अवस्थाबारे स्पष्ट जानकारी प्रदान गर्छ । त्यस्तै, मूल्याङ्कन भनेको शैक्षिक कार्यक्रमहरूको औचित्य, सान्दर्भिकता, उपयुक्तता, दक्षता र प्रभावकारिता मूल्याङ्कन गर्ने व्यवस्थित प्रक्रिया हो, जसले प्रतिफल र प्रभावमा केन्द्रित भएर कार्यक्रमको प्रभावकारिता मापन गर्छ । अनुगमन सामान्यतः कार्यक्रम कार्यान्वयनको क्रममा गरिन्छ, जबकि मूल्याङ्कन कार्यक्रम सम्पन्न भएपछि पनि गर्न सकिन्छ । यी प्रक्रियाहरूले शैक्षिक कार्यक्रमहरूलाई पारदर्शी, नतिजामुखी, जबाफदेही र उत्तरदायी बनाउन सहयोग पुऱ्याउँछन्, जसले शिक्षाको गुणस्तर सुधार गर्न महत्त्वपूर्ण भूमिका खेल्छ ।
योजना आफैमा पूर्ण होइन । यसको सफलता र असफलता यसको कार्यान्वयन ले निर्धारण गर्दछ ।बनेका योजना योजनावद्ध रुपमा कार्यान्वयन भए मात्र अपेक्षित उपलब्धि प्राप्त हुन्छ ।त्यसैले योजना निर्माणका क्रममा कार्यान्वयन संयन्त्र, अनुगमन प्रक्रिया र मूल्याङ्कनलाई स्पष्ट पार्नु पर्दछ ।यस नगरका शिक्षा योजनाको कार्यान्वयन संयन्त्र भन्नु नै नगरपालिका, विद्यालय र अन्य सरोकारवाला निकाय हुन् जसको सक्रिय सहभागिताले मात्र योजना सफल हुन्छ ।अनुगमन गर्ने प्रमुख आहार भनेको योजनाले राखेका सूचकहरू उक्त सूचक प्राप्त भए नभएको निरन्तर आन्तरिक र बाह्य अनुगमनको व्यवस्था मिलाइनेछ ।प्रारम्भिक मूल्याङ्कनको आधारमा तयार भएको योजनाको पाँच वर्षमा मध्यावधि मूल्याङ्कन र अन्तमा अन्तिम मूल्याङ्कन गरिनेछ ।मध्यावधि मूल्याङ्कनका क्रममा आएका सुझाव, पृष्ठपोषण आधारमा योजना हेरफेर समेत गरिनेछ ।शिक्षा विकास तथा समन्वय इकाई, गाउँ शिक्षा समिति, शिक्षक अभिभावक सङ्घ र शिक्षा सम्बद्ध सङ्घसंस्थाले समन्वय तथा सहजीकरणको कार्य गर्नेछन् ।

## ७.२ वर्तमान अवस्था

शैक्षिक अनुगमन तथा मूल्याङ्कन कार्य सङ्घीय तहमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्र लगायतका निकायहरूबाट, प्रदेश तहमा सामाजिक विकास मन्त्रालय र प्रदेश शिक्षा विकास निर्देशनालयबाट, जिल्ला स्तरमा शिक्षा विकास तथा समन्वय इकाईबाट र स्थानीय स्तरमा स्थानीय शिक्षा शाखाबाट हुँदै आएको छ । दिगो विकासको शिक्षा सम्बन्धी लक्ष्य नं ४ कार्यान्वयनका लागि तयार गरिएको कार्य ढाँचा, विद्यालय क्षेत्र विकास योजना, चालु आवधिक योजना, नेपाल सरकारको नीति, कार्यक्रम तथा बजेटका लक्ष्य मापनका लागि विकास गरिएका सूचक, ईशनाथ नगरपालिकाका शिक्षा सम्बन्धी नीति, योजना तथा कार्यक्रमका आधारमा अनुगमन तथा मूल्याङ्कन गरिने गरिएको छ ।वार्षिक कार्यक्रम कार्यान्वयनको लागि मन्त्रालयद्वारा तयार गरिएको कार्यक्रम कार्यान्वयन पुस्तिकामा वार्षिक कार्यक्रमको अनुगमनसम्बन्धी प्रबन्ध गरिएको छ । विद्यालय, विद्यार्थी, शिक्षक, कक्षाकोठा तथा पूर्वाधार सम्बन्धी मुख्य सूचना प्राप्तिको आधारको रूपमा शैक्षिक व्यवस्थापन सूचना प्रणालीलाई लिइएको छ । विद्यार्थीको शैक्षिक उपलब्धि, शिक्षक तथा विद्यार्थीको सामाजिक तथा भाषिक पृष्ठभूमि लगायतको विषयमा पनि तथ्याङ्कहरु व्यवस्थापन हुन सकेका छैन । शिक्षा सखावाट अनुगमन पनि भइरहेता पनि प्रभावकारी हुन सकेका छैन ।

विद्यालय र पालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा शैक्षिक योजना निर्माण, कार्यान्वयन तथा समीक्षाको लागि शैक्षिक व्यवस्थापन सूचना प्रणालीको उपयोग गरिएको छ । यसका लागि हाल प्रयोगमा रहेको शैक्षिक सूचना प्रणालीमा सुधार गरी

एकीकृत सूचना प्रणालीका माध्यमबाट स्थानीय सरकारले आवश्यक सूचना प्राप्त गर्न सक्ने बनाउनु आवश्यक छ। अनुगमन तथा मूल्याङ्कनका नतिजाका आधारमा कार्यक्रममा सुधार गर्ने परिपाटीलाई व्यवस्थित गर्नु पनि उत्तिकै आवश्यक छ। उल्लिखित विश्लेषणका आधारमा यस योजनामा अनुगमन तथा निम्नलिखित चुनौतीहरू पहिचान गरिएको छ ।

### ७.३ चुनौतीहरू

१. अनुगमनलाई योजनाबद्ध, नियमित र एकरूपता कायम गरी पर्याप्त साधन स्रोतको प्रबन्ध गर्नु।
२. शैक्षिक अनुगमन तथा मूल्याङ्कनका लागि स्थानीय मापदण्डको विकास गरी मापनयोग्य सूचकहरूको निर्धारण र निर्माण गर्ने दक्ष जनशक्ति तथा अनुगमनकर्ताको विकास गर्नु।
३. अनुगमन र मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणको उपयोग गर्ने पद्धति विकास र अनुगमनको प्रतिवेदन व्यवस्थित गर्नु।
४. अनुगमन तथा मूल्याङ्कन कार्यलाई निष्पक्ष, भरपर्दो र विश्वसनीय बनाउनु शासकीय संरचना फेरिएसँगै विद्यालय निरीक्षण र सुपरिवेक्षणको काम सङ्गठित गर्नु।
५. तीनै तहका सरकारबिच अनुगमन र मूल्याङ्कनमा सहकार्य र समन्वय गरी एकीकृत प्रतिवेदन प्रणालीको विकास गर्नु ।
६. सामूहिक अनुगमन तथा मूल्याङ्कन प्रणालीको सुनिश्चितता गर्दै यसमा सूचना तथा प्रविधिको उपयोगमा व्यापकता दिनु।

### ७.४ उद्देश्य

१. योजनाको प्रारम्भदेखि प्रभाव तहसम्मको मूल्याङ्कन गर्न सहयोग गर्नु।
२. प्रभावकारी अनुगमन प्रणाली विकास गर्नु।
३. अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामुखी बनाउनु।
४. योजना कार्यान्वयनका क्रममा देखिएका चुनौतीहरूलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु।

### ७.५ रणनीतिहरू

१. शिक्षाका सबै कार्यक्रम, योजना, परियोजनाहरूको अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन वेभ साइटमा आधारित एकीकृत शैक्षिक सूचना प्रणाली सञ्चालनमा ल्याउने ।
२. सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण र प्रतिवेदन प्रणालीको विकास गर्ने .
३. अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन प्रविधिको प्रयोग र सञ्जालीकरण गर्ने ।
४. शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई थप सुदृढीकरण गरी आवश्यक सूचकसहित स्वचालित बनाउने ।
५. स्थानीय सूचकहरूलाई राष्ट्रिय सूचना प्रणालीमा आबद्ध गर्ने प्रणालीको विकास गर्ने ।
६. विद्यार्थी उपलब्धि परीक्षण र विद्यालय कार्य सम्पादन परीक्षणलाई व्यवस्थित र नियमित गरिने ।
७. सहभागितामूलक र नतिजामुखी अनुगमन तथा मूल्याङ्कन प्रणालीको कार्यान्वयन गरिने ।
८. शैक्षिक योजना तथा कार्यान्वयनहरूको नियमित, आवधिक र अन्तिम मूल्याङ्कन प्रणाली कायम गर्ने

### ७.६ प्रमुख उपलब्धि तथा नतिजा

#### क) प्रमुख उपलब्धि

प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनका समस्या तथा चुनौतीहरू सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल हुने र आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त भएको हुने।

**ख) नतिजा**

१. अनुगमन तथा मूल्याङ्कनका आधारमा नतिजा सुधार, संस्थागत संरचना र क्षमता विकास, कार्य सम्पादन परीक्षण व्यवस्थित एवम् प्रभावकारी र कार्यक्रमहरूको उपलब्धि तथा प्रभावको आवधिक मूल्याङ्कन हुने ।

२. विद्यालय शिक्षामा सुशासन र प्रदर्शित अभिवृद्धि हुने ।

**५.३.७ अनुगमन तथा मूल्याङ्कनका मुख्य क्रियाकलापहरू**

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाई | भौतिक लक्ष्य (वर्ष ५) | | | | | | भौतिक लक्ष्य १०) (वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरू तयार गर्ने | पटक | १ | ० | ० | ० | ० | १ | २ | स्थानीय तह |
| २ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरू अद्यावधिक गर्ने | पटक | १ | ० | ० | ० | ० | १ | २ | स्थानीय तह |
| ३ | कार्यक्रम कार्यान्वयनको अनुगमन गर्ने | पटक | ४ | ४ | ४ | ४ | ४ | २० | ४० | स्थानीय ,प्रदेश र सङ्घ सबै ) (विद्यालयमा |
| ४ | कार्यक्रम कार्यान्वयनको चौमासिक समीक्षा र प्रतिवेदन /चौमासिक)वार्षिक | पटक | ४ | ४ | ४ | ४ | ४ | २० | २० | स्थानीय तह र विद्यालय |
| ५ | एकीकृत शैक्षिक सूचना व्यवस्थापन पद्धतिमा सूचना अद्यावधिक गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | विद्यालय |
| ६ | विभिन्न कार्यक्रमको आवधिक मूल्याङ्कन गर्ने | पटक | १ | २ | २ | २ | २ | ९ | १८ | स्थानीय तह |
| ७ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गर्ने | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | स्थानीय तह |
| ८ | विद्यालयको लेखा परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय तह र विद्यालय |
| ९ | लक्ष्य गरिएको सूचकहरुको समिक्षा गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय तह शिक्षा शाखा |

# सन्दर्भ सामग्रीहरू


- विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारूप, (२०६३), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- विद्यालय शिक्षाका लागि स्थानीय पाठ्यक्रम प्रारूप, (२०७१), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- विद्यालय शिक्षाका राष्ट्रिय पाठ्यक्रम प्रारूप, (२०७६), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन, (२०७६), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- आधारभूत शिक्षा पाठ्यक्रम, (२०६९), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- आधारभूत तह -कक्षा १ )३ (पाठ्यक्रम, (२०७६), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- शैक्षिक स्मारिका (२०७५), शिक्षा तथा मानव स्रोत विकास केन्द्र भक्तपुर
- शैक्षिक स्मारिका (२०७६), शिक्षा तथा मानव स्रोत विकास केन्द्र भक्तपुर
- शैक्षिक स्मारिका (२०७७), शिक्षा तथा मानव स्रोत विकास केन्द्र भक्तपुर
- नेपालको संविधान (२०७२), कानुन किताब खाना काठमाडौँ
- शिक्षा सम्बन्धी ऐन नियम तथा राष्ट्रिय शिक्षा नीति (२०७६), कानुन किताबखाना काठमाडौँ
- आर्थिक सर्वेक्षण (२०७७), अर्थ मन्त्रालय
- पन्ध्रौँ योजनाको आधारपत्र, सोपान मासिक डिल्लीबजार
- स्थानीय सरकार सञ्चालन ऐन (२०७४), कानून किताबखाना काठमाडौँ
- प्रधानाध्यापक नेतृत्व क्षमता विकास तालिम (२०७४), शैक्षिक जनशक्ति विकास केन्द्र भक्तपुर
- माध्यमिक शिक्षा पाठ्यक्रम(२०७१), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय आबद्ध विभिन्न वेभसाइटहरु
- विभिन्न बुलेटिन, पत्रपत्रिका, नीति, निर्देशिका तथा पछिल्ला शैक्षिक तथ्याङ्क
- शिक्षा क्षेत्रको योजना ,(२०७७)**DRAFT,** शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय